सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१ मंसिर २०८३, मंगलबार (17 Nov 2026, Tuesday) ■ नेपाल संवत् ११४७ ■ वर्ष २० ■ अंक २०६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

स्थानीयले सुझबुझ देखाएको घुस्की घटना

छठका १२० वटा पूजास्थल तोडफोड गरिएपछि सुरक्षा व्यवस्थामाथि प्रश्न, रातारात पुनर्निर्माण गरियो छठघाट



(विस्तृत पृष्ठ ३)

पुँजीवाद, जलवायु परिवर्तन र विपत्



अग्रलेख

● डा. कृष्णराज पन्त

अत्यधिक पूर्वाधार निर्माण र पदार्थहरूको उच्चतर उपभोगका कारण विगत पाँच दशकमा पृथ्वीका प्राकृतिक स्रोतको दोहन तेब्बर बढेको छ

(पृष्ठ ४)

आजबाट मासु जाँच ऐन कार्यान्वयनमा

सरकारको तयारी फितलो, उपत्यकाका पाँच वधशालाबाट सुरु गरिँदै



२२७ मासु निरीक्षकको सूची तयार, तर मासुको परीक्षण गर्ने र पसलसम्म छाप लगाएको मासु कसरी पुऱ्याउने भन्नेबारे निरीक्षक नै अनभिज्ञ

(विस्तृत पृष्ठ ७)

कर्नर किक

● रवि मिश्र

अब कुन देश बनाउनु पर्ने ?
त्यतै जाम् क्यार ! नेपाल आउने-
जाने गर्न झ्याउ भो !



■ प्रधानमन्त्री शाहको भारत भ्रमण

कनेक्टिभिटी र आर्थिक सहायता मुख्य एजेन्डा

प्रधानमन्त्री शाह र भारतीय समकक्षी मोदीबिच सोमबार हैदराबाद हाउसमा द्विपक्षीय औपचारिक वार्ता

● लोकबहादुर पौडेल क्षेत्री
प्रवक्ता, परराष्ट्र मन्त्रालय



प्रधानमन्त्रीज्यूको भारत भ्रमणका लागि परराष्ट्र मन्त्रालयले आवश्यक तयारी गरिरहेको छ। भ्रमणको मिति र एजेन्डालगायतका बारेमा छिट्टै सार्वजनिक हुन्छ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

समकक्षी नरेन्द्र मोदीको औपचारिक निमन्त्रणामा दुईदिने भारत भ्रमणमा जान लागेका प्रधानमन्त्री बालेन्द्र शाहको भ्रमण राजकीय हुने भएको छ। ३ असोज ०७२ मा संविधान जारी भएपछि भारतको राजकीय भ्रमण गर्ने उनी चौथो प्रधानमन्त्री हुनेछन्। नेपाल सरकारले प्रधानमन्त्रीको भ्रमणबारे यही साता निर्णय गर्नेछ।

सरकार सम्हालेको आठ महिनापछि प्रधानमन्त्री शाह आइतबार भारत भ्रमणमा जान लागेका हुन्। औपचारिक रूपमा भ्रमणको मिति र एजेन्डा सार्वजनिक नगरिए पनि दुवै देशका कूटनीतिक तहमा भएको समझदारीअनुसार प्रधानमन्त्री शाहले ६ र ७ मंसिर (आगामी आइतबार र सोमबार) भारतको राजकीय भ्रमण गर्नेछन्। भारतीय कूटनीतिक अधिकारीहरूका अनुसार औपचारिकभन्दा राजकीय भ्रमणको हैसियत निकै माथि हुन्छ।

राजकीय भ्रमणमा जाने विदेशी सरकार प्रमुख वा राष्ट्रप्रमुखलाई भारतीय सेनाको टुकडीले राष्ट्रपति भवनमा सम्मान गारत (गार्ड अफ अनर) दिने भारतको कूटनीतिक प्रचलन छ। 'प्रधानमन्त्रीज्यूको भ्रमण राजकीय हुनेछ। उहाँ आइतबार दिल्ली गएर सोमबार फर्किनुहुनेछ,' कूटनीतिक स्रोतले नयाँ पत्रिकासँग भन्यो। यही साता नेपाल र भारतका परराष्ट्र मन्त्रालयले प्रधानमन्त्री शाहको भ्रमण मिति एकैसाथ सार्वजनिक गर्ने तयारी छ।

प्रधानमन्त्री शाहले समकक्षी मोदीसँग भेटेपछि राष्ट्रपति द्रौपदी मुर्मूसँग शिष्टाचार भेट गर्ने कार्यक्रमबारे छलफल

» पृष्ठ २ मा क्रमशः



■ एक अर्ब भारतीय अनुदान र एक अर्ब डलर सहुलियत ऋण अपेक्षा

यस्ता छन् भ्रमणमा द्विपक्षीय छलफलका मुख्य विषय

प्रधानमन्त्री शाहको भ्रमणमा नेपालले कनेक्टिभिटी (सम्पर्क सञ्जाल) र नेपालका लागि आर्थिक सहायतालाई मुख्य एजेन्डा बनाउने तयारी छ। 'जनतालै विगतदेखि अपेक्षा र प्रतीक्षा गरेका विषयहरूमा यसपालि प्रगति हुनेवाला छ। त्यही रूपमा घनीभूत तयारी भइरहेको छ,' परराष्ट्र स्रोतले भन्यो।

■ **आर्थिक सहायता** : भोटेकोशी बाढीपछिको पुनर्निर्माणसहित समग्र विकासका लागि नेपालले भारतसँग कम्तीमा दुई अर्ब डलर विकास सहायता अपेक्षा गरेको छ। अधिकारीहरूका अनुसार एक अर्ब भारतीय अनुदान र एक अर्ब डलर सहुलियत ऋण नेपालको अपेक्षा छ। यसबारेमा दुई देशको कूटनीतिक तहमा र अर्थ मन्त्रालयहरूबिच छलफल जारी छ। 'भारतले विकास सहायता घोषणा गर्ने निश्चित छ, तर यसको मोडालिटी एक-दुई दिनमा टुंगिन्छ,' जानकार अधिकारीले भने, 'भारतीय विदेशसचिव विक्रम मिश्रीले अघिल्लो महिनामा सकारात्मक संकेत दिएर गएका छन्, सम्बद्ध निकायमा छलफल जारी छ।'

■ **कनेक्टिभिटी** : सोमबार प्रधानमन्त्री शाह र मोदीले नेपालको जनकपुर र भारतको अयोध्याबिच रेल सेवा औपचारिक रूपमा शुभारम्भ गर्नेछन्। हरेक साता जनकपुर र अयोध्याबिच रेल सेवा सुचारु हुनेछ। यद्यपि, नेपाल र भारतले आ-आफ्नो सीमामा भन्सार र अध्यागमन टुंग्याइसकेका छैनन्। कनेक्टिभिटीअन्तर्गत नै नेपाललाई भारतबाट नयाँ हवाई प्रवेश विन्दु दिनेबारेमा दुई देशको प्राविधिक स्तरमा छलफल भइरहेको छ। नेपालले विगतदेखि महेन्द्रनगर, नेपालगन्ज, जनकपुर र विराटनगरमा भारतबाट नेपालमा जहाज प्रवेश गर्न अनुमति माग्दै आएको छ। 'दुई देशको प्राविधिक स्तरमा यसका विभिन्न मोडालिटीका बारेमा छलफल भइरहेको छ। भारत प्रवेशका लागि काँकडभिट्टा विन्दु नेपालले दिने र भारतले नेपाल प्रवेशका लागि महेन्द्रनगर वा नेपालगन्जको एयर इन्ट्री रुट दिनेलगायत विभिन्न विकल्पमा छलफल भइरहेको छ, टुंगिन बाँकी छ,' जानकार एक अधिकारीले नयाँ पत्रिकासँग भने, 'हवाई रुटमा यसपालि सहमति हुने गरी परिस्थिति अघि बढेको छ।' प्रधानमन्त्री शाहले चीन भ्रमणमा गएका रास्वपा सांसदहरूसँग शुक्रबारको छलफलमा यो संकेत दिएका थिए।

■ **विद्युत् व्यापार** : नेपालबाट भारतमा विद्युत् व्यापार तथा केही जलविद्युत् परियोजना निर्माणबारे दुई देशबिच सहमति हुने गरी तयारी भइरहेको छ। 'ऊर्जा मन्त्रालय र विद्युत् प्राधिकरणले यसबारेमा भारतीय समकक्षी निकायहरूसँग समन्वय र छलफल गरिरहेका छन्,' जानकार अधिकारीले भने।

■ **डिजिटल पूर्वाधार** : नेपालले विगतमा भर्चै यसपटक पनि थप सडक, जलमार्ग, जलविद्युत् परियोजना, डिजिटल पूर्वाधारमा लगानीका लागि अनुरोध गर्नेछ। नेपालले भारतबाट रासायनिक मलखादको सुनिश्चितता खोज्नेछ।

■ **सीमाविवाद** : सीमासम्बन्धी विद्यमान संयन्त्रहरूलाई सक्रिय गराउनेमा दुई देशका विगतका सहमति दोहोरिनेछन्। 'यो भ्रमणमा विगतका सहमतिहरूमा दुवैले सहमति कायम गर्नेबाहेक थप एजेन्डा छैन,' एक उच्च अधिकारीले भने। सुस्ता र कालापानीबाहेकको सीमा क्षेत्रमा सीमांकन टुंग्याउने दुईपक्षीय संयन्त्र बाउन्ड्री वर्किङ ग्रुपको बैठक भइरहेको छ। यद्यपि, सुस्ता र कालापानीबारे छलफल गर्ने परराष्ट्रसचिवस्तरको संयन्त्रको बैठक हालसम्म भएको छैन।

■ **रक्षामा ऋण मिनाहा** : करिब तीन अर्ब रक्षा सामग्री खरिदबापतको ऋण मिनाहाका लागि नेपालले अनुरोध गर्ने एजेन्डा पनि छ। यो एक दशकयता नेपालले निरन्तर राख्दै आएको एजेन्डा हो। नेपालले २० वर्षयता खरिद गरेका रक्षा सामग्रीको ऋण तिर्न बाँकी छ। सैनिक अधिकारीहरूले नेपालको खरिद ऐनले यस्तो प्रावधानमा भारतलाई ऋण तिर्न अनुमति नदिने जानकारी भारतीय सैनिक अधिकारीलाई बताउँदै आएका छन्।

सर्वोच्च पुग्यो ३८०० केजी सुन तस्करीको मुद्दा

नयाँ पत्रिका

३८ सय केजी सुन तस्करीको बहुचर्चित मुद्दा सर्वोच्च अदालत पुगेको छ। जिल्ला र उच्च अदालतले धेरैलाई सफाइ दिएको तथा संगठित अपराध तथा सुन तस्करीसँग सम्बन्धित अभियोगमा सफाइ दिने फैसला त्रुटिपूर्ण रहेको भन्दै दुई साताअघि महान्यायाधिवक्ता कार्यालयले सर्वोच्चमा पुनरावेदन गरेको हो।

यो प्रकरणमा जिल्ला र उच्च अदालतले अपहरण र कर्तव्य ज्यान मुद्दामा नौजनालाई मात्र दोषी ठहर गर्दै ५६ जनालाई सफाइ दिएको थियो। बाँकी १२ प्रतिवादीको मुद्दा जिल्ला अदालतदेखि नै मुल्तबीमा छ। उच्च अदालत विराटनगरका तत्कालीन न्यायाधीशद्वय महेन्द्रनाथ उपाध्याय र प्रकाशचन्द्र अधिकारीको संयुक्त इजलासमा गत वर्ष २५ माघमा यस मुद्दाको फैसला सुनाउँदै जिल्ला अदालतको फैसलामा केही उल्टी

» पृष्ठ २ मा क्रमशः



तस्करी गिरोहका मुख्य नाइके चूडामणि उप्रेती गोरे ९ वर्षदेखि कारागारमै छन्, उनलाई जन्मकैदको सजाय भएको छ

■ मुद्दा के हो ?

९ माघ २०७४ सालमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सेटिङमा भित्रिएको ३३ किलो सुन हराएपछि तस्करी गर्न समूहका संयोजक गोरे र उनका साथीले सनम शाक्यलाई नियन्त्रणमा लिई धरानमा राखेर करेन्ट लगाएका थिए। त्यही क्रममा उनको मृत्यु भएको थियो। सो घटनामा गोरेलाई जोगाउने गरी अनुसन्धान गरेको भन्दै पाँच प्रहरीलाई समेत प्रतिवादी बनाइयो। केही प्रहरीले तस्करीमा सघाएका थिए।

घटना गम्भीर प्रकृतिको देखिएपछि सरकारले ०७४ फागुनमा गृह मन्त्रालयका सहसचिव ईश्वरराज पौडेलको अध्यक्षतामा विशेष अनुसन्धान टोली गठन गरी विस्तृत अनुसन्धान गरेको थियो। जस क्रममा विमानस्थलमा प्रहरीसँग सेटिङ मिलाएर सो समूहले पाँच वर्षमा ३८ सय केजी सुन तस्करी गरेको विवरण भेटिएको थियो। तस्करीको सुनमा धेरै व्यापारीले लगानी गरेकोसमेत खुलेको थियो। तर, सुन बरामद भने हुन सकेन।

प्रधानमन्त्री भारत भ्रमणबाट फर्किएलगत्तै स्थानीय निर्वाचन मिति घोषणा गर्ने तयारी

गृहमन्त्रीसँग आयोगले थप परामर्श गर्ने, राष्ट्रिय मान्यताप्राप्त ६ दललाई छलफलका लागि निम्तो





● निर्वाचन आयुक्त डा. राजीव सुब्बाले भने–
आयोगले गृहमन्त्रीसँग गत शुक्रबार आसन्न निर्वाचनबारे छलफल गरेको छ। उहाँ विदेशबाट फर्केपछि थप छलफल हुन्छ। आयोगले आफ्नो तयारी गरिरहेको छ। प्रधानमन्त्रीको आसन्न भारत भ्रमणपछि निर्वाचनबारे छलफल हुन्छ। त्यसपछि मन्त्रिपरिषद् बैठकले निर्णय गर्न सक्छ।

प्रेम गौतम/नयाँ पत्रिका

प्रधानमन्त्री बालेन्द्र शाहको आसन्न भारत भ्रमणपछि स्थानीय तह निर्वाचनको मिति तोक्ने गृहकार्य थालिएको छ। निर्वाचन आयोगसँग परामर्श गरेर सरकारले निर्वाचन मिति तोक्ने कानुनी व्यवस्था छ। आयोगले आफ्नो तयारीअनुसार सरकारलाई निर्वाचन मिति सिफारिस गर्न सक्छ।

सोही तयारीस्वरूप आयोगले राष्ट्रिय मान्यताप्राप्त दलहरूलाई आसन्न स्थानीय तह निर्वाचनबारे छलफलका लागि बोलाएको छ। आगामी ४ मंसिरमा दलहरूसँग छलफल गर्न लागिएको आयोगका पदाधिकारीले बताएका छन्। गत २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनबाट रास्वपा, कांग्रेस, एमाले,

» पृष्ठ २ मा क्रमशः

आयोगलाई चाहिन्छ १२० दिनको समय

मतदाता नामावली अद्यावधिक

आयोगलाई आवश्यक तयारी गरी निर्वाचन सम्पन्न गर्न १२० दिन अर्थात् चार महिनाको समय चाहिन्छ। 'विधिसम्मत रूपमा निर्वाचनको कामको तयारी र कार्यान्वयनमा जान १२० दिनको समय चाहिन्छ,' निर्वाचन आयुक्त डा. राजीव सुब्बाले भने, 'आयोगले आफ्नो नियमित काम भने गरिरहेको छ।' उनका अनुसार मतदाता नामावली अद्यावधिकको काम सम्पन्न भइसकेको छ।

NIMB
नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सार्वजनिक बिदैबिदा : नतिजाभन्दा मर्का धेरै

०८३ मा १५६ दिन सार्वजनिक बिदा

सुवास भट्ट/नयाँ पत्रिका

नेपालमा अनेकन् पर्व र दिवसका नाममा सार्वजनिक बिदैबिदा छँदै थियो। यसैमाथि सरकारले थपिदियो हरेक आइतबार पनि सार्वजनिक बिदा। चालू वर्षमा कुल ३६५ दिनमा १५६ दिन सार्वजनिक बिदा छ, जुन ४३ प्रतिशत हुन्छ। यो बिदामा १३ दिन भने खप्टिएका छन्। धेरै दिन बिदा भनेपछि सुन्दा आनन्द नै लाग्छ, तर हरेक पाटा हेर्दा यसले पार्ने मर्का धेरै छ।

कात्तिक महिनामा मात्रै ३० दिनमा १९ दिन सार्वजनिक बिदा थिए। अघिल्लो महिना असोजमा नौ दिन देशभर र काठमाडौंमा इन्द्रजात्रासमेत थपिँदा १० दिन पुग्यो। भदौमा जेन-जी दिवस र मोहम्मदजयन्ती तथा तिजमा महिलालाई दिएको बिदासमेत जोड्दा १३ दिन बिदा थियो। अत्यधिक सार्वजनिक बिदाका कारण सार्वजनिक सेवा, स्वास्थ्य सेवा, शैक्षिक, वित्तीयदेखि व्यापारिक तथा व्यावसायिक गतिविधि प्रभावित भएका छन्। धेरै बिदाले मस्तीभन्दा मर्का धेरै पारेको भन्दै सार्वजनिक रूपमा आलोचना हुन थालेको छ। खासगरी आइतबारे बिदाले समस्या निम्त्याएको आमबुझाइ

» पृष्ठ २ मा क्रमशः

● सुप्रभात भण्डारी
निवर्तमान अध्यक्ष, अभिभावक संघ



हामीकहाँ बिदा धेरै छन्, शिक्षा क्षेत्रको कुरा गर्दा विद्यार्थी र अभिभावक दुवैलाई फाइदा हुने गरी बिदाको प्रबन्ध गर्नुपर्छ। विद्यालयमा बिदाबारे निर्णय गर्ने अधिकार स्थानीय तहलाई नै दिनुपर्छ। किनभने हाम्रोमा भूगोलअनुसार विद्यालय सञ्चालन गर्नुपर्ने अवस्था छ।

● बद्री रिजाल
अध्यक्ष, नेपाल चिकित्सक संघ



बिदा लम्बिँदा बिरामी र सेवाग्राहीलाई मर्का परेकै छ। बिदा हटाउने नै भन्दा पनि बिदामा दिने सेवाका सम्बन्धमा पुनर्विचार गरेर पनि परिस्थिति सहज बनाउन सकिएला। यस विषयमा कुनै वैकल्पिक बाटो सोच्नु जरुरी छ।

● काशीराज दाहाल
अध्यक्ष, तत्कालीन प्रशासन सुधार आयोग



अहिले दुई दिन बिदालाई सैद्धान्तिक रूपमा स्वीकार गरियो, तर चुस्त व्यवस्थापनको कमी छ। व्यवस्थापकीय सुधार नगरी छुट्टी मात्र लम्ब्याउँदा लक्षित उद्देश्य पूर्ति हुँदैन। सबै सेवालाई एउटै सिद्धान्तमा राखेर हेर्न मिल्दैन। हामीले कार्यसंस्कृतिमा परिवर्तन गरेर चुस्त व्यवस्थापन गर्न नसकिए दुई दिन बिदाले अनुत्पादक भएर झन् खर्च बढाउँछ।

दुईपटक असफल भइसकेको छ सातामा दुईदिने बिदाको अभ्यास

सातामा दुई दिन सार्वजनिक बिदा दिने अभ्यास यसअघि नै दुईपटकसम्म असफल भइसकेको छ। १३ वैशाख ०७९ को मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार दुईदिने बिदा सुरु गरिएको थियो। इन्धन खपत कम गरी वैदेशिक मुद्राको सञ्चिति बढाउने उद्देश्यले परीक्षणका रूपमा त्यतिखेर सार्वजनिक बिदा थपिएको थियो। तर, उक्त अभ्यास प्रभावकारी र व्यावहारिक नभएपछि एक महिना पनि टिकेन। २३ जेठमा मन्त्रिपरिषद् बैठकले नै पुरानो निर्णय खारेज गरेको थियो। यसअघि ०५६ मा पनि सातामा दुईदिने बिदाको अभ्यास कार्यान्वयनमा ल्याइएको थियो। कर्मचारीको उत्पादकत्व बढ्ने, कार्यालय बिहान ९ बजेबाट सञ्चालन गर्दा ट्राफिक व्यवस्थापन सहज हुने, कार्यालय सञ्चालन खर्च र इन्धन खपतमा कमी आउने, कर्मचारी र तिनका परिवारलाई सप्ताहान्तको छुट्टी मनाउन बाहिर जाने समय मिल्दा आन्तरिक पर्यटन प्रवर्द्धन हुने आकलन गरी दुईदिने बिदा दिइएको थियो। ०४८ मा तत्कालीन प्रशासन सुधार आयोगले गरेको सिफारिसका आधारमा यस्तो अभ्यास थालिएको थियो। तर, त्यति बेलाको निर्णय पनि छोटो समयमै खारेज भयो। काठमाडौं उपत्यकाबाहिर त कार्यान्वयन नै हुन पाएन।

सार्वजनिक बिदा पुनरवलोकनका लागि कार्यदल गठन गर्ने निर्णय कार्यान्वयन नै भएन

सातामा दुई दिन बिदा दिन थालिएपछि साबिकमा रहेका अन्य सार्वजनिक बिदा पुनरवलोकन गर्न आवश्यक देखिएको भन्दै सरकारले सार्वजनिक बिदा पुनरवलोकन कार्यदल गठन गरेको थियो। गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयका प्रतिनिधि रहने गरी कार्यदल गठन गर्ने निर्णय गत ४ साउनमा बसेको मुख्यसचिव अध्यक्षताको सचिव बैठकले गरेको थियो। कार्यदललाई १५ दिनभित्र प्रतिवेदन गृह मन्त्रालयमा पेस गर्ने कार्यादेश दिइएको थियो। तर, सचिव बैठकबाट भएको यो निर्णय कार्यान्वयनमै गएन। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका एक अधिकारीले भने, 'यो निर्णय कार्यान्वयनमै गएन। कार्यदल गठन नै हुन सकेन।'

कनेक्टिभिटी...

पृष्ठ १ बाट क्रमशः

भइरहेको छ। स्रोतका अनुसार प्रधानमन्त्री शाह र भारतीय प्रधानमन्त्री मोदीबिच सोमबार हैदराबाद हाउसमा द्विपक्षीय औपचारिक वार्ता हुनेछ। प्रधानमन्त्री शाहसँग भारतीय विदेशमन्त्री डा. एस जयशंकर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले शिष्टाचार वार्ता गर्ने कार्यतालिका तयार भएको छ।

विगतमा भैं सुरुमा दुई प्रधानमन्त्रीबिच सानो समूहमा र त्यसपछि प्रतिनिधिमण्डलस्तरीय भेटवार्तामा दुई देशबिचका सबै पक्षमा कुराकानी हुनेछ। त्यसपछि भारतीय सहयोगमा निर्माण भएका परियोजनाहरूको उद्घाटन, बन्न लागेका परियोजनाहरूको संयुक्त शिलान्यास तथा सहमति-पत्रहरूको आदानप्रदान हुनेछ र अन्तिममा दुवै प्रधानमन्त्रीले संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्ने गरी कार्यतालिका तयार भएको छ।

प्रधानमन्त्रीको भ्रमण दल सानो आकारको हुने र यसमा निजी क्षेत्रका प्रतिनिधि पनि समेटिने प्रधानमन्त्री कार्यालयका अधिकारीले बताएका छन्। भ्रमणमा परराष्ट्रमन्त्री शिशिर खनाल र भौतिक पूर्वाधारमन्त्री सुनील लम्साल हुने तय भएको छ। साझ्घाई कोअपरेसन अर्गनाइजेसन (एससिओ)का संस्कृतिमन्त्रीहरूको बैठकमा सहभागी हुन दिल्ली जान लागेका पर्यटन तथा संस्कृतिमन्त्री खडकराज पौडेल प्रधानमन्त्रीको भ्रमण दलमा सहभागी हुनेबारे यकिन भइसकेको छैन।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले प्रधानमन्त्रीको आसन्न भारत भ्रमणको तयारी भइरहेको बताए। 'प्रधानमन्त्रीज्यूको भारत भ्रमणका लागि परराष्ट्र मन्त्रालयले आवश्यक तयारी गरिरहेको छ। भ्रमणको मिति र एजेन्डालगायतका बारेमा छिट्टै सार्वजनिक हुन्छ,' प्रवक्ता क्षेत्रीले नयाँ पत्रिकासँग भने।

भ्रमणको एजेन्डाका विषयमा परराष्ट्रमन्त्री शिशिर खनाल, परराष्ट्रसचिव अमृतबहादुर राई र परराष्ट्रको दक्षिण एसिया डिभिजन प्रमुख गेहेन्द्र राजभण्डारीले चरणबद्ध रूपमा अन्तरमन्त्रालय समन्वय गर्दै आएका छन्।

प्रधानमन्त्री शाहका प्रेसविज्ञ दीपा दाहालले प्रधानमन्त्रीको भ्रमण तयारीका लागि परराष्ट्र मन्त्रालयसँग समन्वय भइरहेको बताइन्। 'भारत भ्रमण तयारीको नेतृत्वदायी भूमिका परराष्ट्रले निर्वाह गरिरहेको छ। घटनाक्रमहरूको अपडेट प्रधानमन्त्री कार्यालयले लिइरहेको छ,' दाहालले नयाँ पत्रिकासँग भनिन्, 'प्रधानमन्त्री कार्यालयले आवश्यक समन्वय गरिरहेको छ।'

०७२ मा नेपालले संविधान जारी गरेयता भारतको राजकीय भ्रमण गर्ने शाह चौथो प्रधानमन्त्री हुनेछन्। यसअघि ७-१२ फागुन २०७२ मा तथा २३-२५ चैत्र २०७४ मा प्रधानमन्त्रीका रूपमा केपी ओलीले भारतको राजकीय भ्रमण गरेका थिए। यस्तै, ३० भदौदेखि २ असोज ०७३ मा प्रधानमन्त्रीका रूपमा पुष्पकमल दाहाल प्रचण्डले भारतको राजकीय भ्रमण गरेका थिए। यस्तै, ७-११ भदौ ०७४ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले भारतको राजकीय भ्रमण गरेका थिए।

प्रधानमन्त्री भारत...

पृष्ठ १ बाट क्रमशः

नेकपा, श्रम संस्कृति र राप्रपा राष्ट्रिय दल बनेका छन्। प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीले नियमित छलफलका लागि दलहरूलाई बोलाइएको बताए। 'सामान्य छलफल गर्न दलहरूलाई बोलाइएको हो। समय-समयमा दलहरूसँग छलफल र भेटघाट भइरहन्छ। यसअघि पनि छलफल गरेका थियौं र आगामी दिनमा पनि यसले निरन्तरता पाउनेछ,' कार्कीले नयाँ पत्रिकासँग भने।

प्रधानमन्त्री बालेन्द्र शाह भारत भ्रमणबाट फर्किएपछि निर्वाचनबारे एकचरण छलफल हुने र त्यसपछि मन्त्रिपरिषद् बैठकले निर्णय गर्ने सम्भावना रहेको निर्वाचन आयुक्त डा. राजीव सुब्बाले बताए। 'आयोगले गृहमन्त्रीसँग गत शुक्रबार आसन्न निर्वाचनबारे छलफल गरेको छ। उहाँ विदेशबाट फर्केपछि थप छलफल हुन्छ,' उनले भने, 'आयोगले आफ्नो तयारी गरिरहेको छ। प्रधानमन्त्रीको आसन्न भारत भ्रमणपछि निर्वाचनबारे छलफल हुन्छ। त्यसपछि मन्त्रिपरिषद् बैठकले निर्णय गर्न सक्छ।'

आयोगले दलहरूलाई पठाएको पत्रमा आसन्न निर्वाचन व्यवस्थापनबारे छलफल गर्ने भनेको छ। 'निर्वाचन व्यवस्थापनसँग सम्बन्धित विषयमा राष्ट्रिय मान्यताप्राप्त दलहरूसँग छलफल गर्न लागेका हौं,' आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले भने, 'मंसिर ४ गते बिहान ११:३० मा आयोगको कार्यालयमा उपस्थित हुन भनिएको छ।'

भट्टराईका अनुसार मतदाता शिक्षालगायतका विषयमा पनि छलफल हुनेछ। 'मत बदरको स्थिति कसरी कम गर्ने भन्ने विषय पनि छ। मतदाता शिक्षा प्रभावकारी बनाउन दलहरूको पनि महत्त्वपूर्ण भूमिका हुन्छ। त्यसबारे पनि छलफल हुन्छ,' उनले भने।

उनका अनुसार आयोगले दलहरूसँग निरन्तर छलफल गर्नुका साथै सरकारसँग आवश्यक परामर्श गरिरहेको छ। यसअघि संघीय संसद्, प्रदेश सभा र स्थानीय तहमा प्रतिनिधित्व गर्ने २४ दलसँग आयोगले छलफल गरेको थियो। आगामी दिनमा आयोगमा दर्ता भएका सबै दलहरूसँग समेत छलफल गर्ने प्रवक्ता भट्टराईले बताए।

उनका अनुसार निर्वाचन मितिबारे टुंगो लाग्ने समय भइसकेको छैन। 'फागुन-चैतको कुरा आइरहेको छ। तर, यो टुंगो लागिसकेको छैन। मिति टुंग्याउन दलहरूलाई छलफलमा बोलाएका होइनौं। त्यसबारे पनि छलफलचाहिँ हुन सक्छ,' उनले भने।

सरकारले तोकेको मितिमा निर्वाचन गराउन आयोग सक्षम रहेको उनले बताए। 'निर्वाचनको मिति सरकारले तोक्ने हो। निष्पक्ष निर्वाचन गराउनु आयोगको दायित्व हो। हामी त्यसप्रति प्रतिबद्ध छौं,' उनले भने।

निर्वाचन आयोग ऐन, २०७३ मा नेपाल सरकारले निर्वाचन गराउन मिति तोक्ने उल्लेख छ। 'संघीय कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल सरकारले निर्वाचन गराउन मिति तोक्नेछ। तर, त्यस्तो निर्वाचनको मिति तोक्नुभन्दा अघि नेपाल सरकारले आयोगको परामर्श लिनुपर्नेछ,' ऐनमा छ। स्थानीय तह निर्वाचन ऐन, २०७३ मा पनि 'नेपाल सरकारले स्थानीय तहको निर्वाचन गराउन मिति तोक्ने, तर त्यस्तो निर्वाचनको मिति तोक्नुभन्दा अघि नेपाल सरकारले आयोगको परामर्श लिनुपर्ने' उल्लेख छ।

सरकारसँग नियमित परामर्श भए पनि आयोगले हालसम्म लिखित सुझाव दिइनसकेको प्रवक्ता भट्टराईले जानकारी दिए। 'लिखित केही गएको छैन। कुराकानी भइरहेको छ,' उनले भने।

संविधान र स्थानीय तह निर्वाचन ऐन, २०७३ मा स्थानीय तहको चुनावसम्बन्धी व्यवस्था छ। संविधानको धारा २२५ मा छ, 'गाउँसभा र नगरसभाको कार्यकाल निर्वाचन भएको मितिले पाँच वर्षको हुनेछ। त्यस्तो कार्यकाल समाप्त भएको ६ महिनाभित्र अर्को गाउँसभा र नगरसभाको निर्वाचन सम्पन्न गर्नुपर्नेछ।'

स्थानीय तह निर्वाचन ऐनमा भने कार्यकाल सकिनुभन्दा दुई महिनाअघि चुनाव गरिने भनिएको छ। ऐनको दफा ३ को उपदफा १ मा छ, 'सदस्यको निर्वाचन गाउँसभा वा नगरसभाको कार्यकाल समाप्त हुनुभन्दा दुई महिनाअगाडि हुनेछ।'

यसअघि ३० वैशाख ०७९ मा स्थानीय तहको निर्वाचन भएको थियो। आवश्यकताअनुसार एक प्रदेशको निर्वाचन एकैपटक सम्पन्न हुने गरी चरणबद्ध रूपमा निर्वाचन सम्पन्न गर्न सकिने व्यवस्था छ। तर, निर्वाचनको पहिलो चरणको मितिलाई नै निर्वाचन सम्पन्न भएको मिति मानिने ऐनमा व्यवस्था छ। ६ महानगर, ११ उपमहानगर, २७६ नगरपालिका र ४६० गाउँपालिका गरी ७५३ स्थानीय तह छन्।

सर्वोच्च पुग्यो...

पृष्ठ १ बाट क्रमशः

भएको थियो। ७७ प्रतिवादी रहेको यो मुद्दामा गिरोहका नाइके चूडामणि उप्रेती 'गोरे'सहित नौजना मात्र दोषी ठहर भएका छन्। गोरेलाई जिल्ला अदालत, मोरङले ज्यान मुद्दामा जन्मकैदको सजाय सुनाएको थियो। उच्च अदालतले अपहरण मुद्दामा पनि उनलाई १० वर्ष कैद सजाय सुनाएको छ। त्यस्तै, टेकराज मल्ल ठकुरी र लाक्पा शेर्पालाई ज्यान मुद्दामा जन्मकैद सजाय भएको छ।

मोहन काफ्ले, नरेन्द्र कार्की, भोजराज भण्डारीलाई जिल्ला अदालतले जन्मकैद सजाय तोकेकामा उच्चले १० वर्ष मात्र कैद सजायको फैसला गरेको थियो। राजन कुमारलाई जिल्ला र उच्चले तीन वर्ष कैद सजाय तोकेको छ भने मदनकुमार घिमिरेलाई जिल्लाले ६ महिना कैद सुनाएकामा उच्चले तीन वर्ष तोकेको छ। त्यस्तै, रविन तामाङलाई अपहरणतर्फ तीन वर्ष कैद सजाय भएको छ।

उच्चले भन्सार चोरी निकासी गरी सुन अवैध तरिकाले कारोबार गरेको, सनम शाक्यलाई मार्न वचन दिएको, अपहरण गरेको र संगठित अपराधसमेत गरेको भन्ने कसुर दाबी स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणद्वारा शंकारहित तवरबाट पुष्टि हुन नसकेको भन्दै संगठित अपराध तथा भन्सारसम्बन्धी कसुरमा सफाइ दिएको थियो। यसमा सुन बरामद भने हुन सकेको थिएन। तर, अभियुक्तहरूले नै अदालतमा सुन तस्करी गरेको भनेर बयान दिएको र अन्य प्रमाणहरूले संगठित अपराध र भन्सार ऐनअनुसारको कसुरमा पनि सजाय हुनुपर्ने जिकिर महान्यायाधिवक्ता कार्यालयको छ।

पुनरावेदनमा भनिएको छ, 'अवैध पैठारीको कार्य, त्यसको प्रयत्न, कारोबारको तरिका, प्रयोग भएको साधन, संलग्न व्यक्तिहरूको भूमिका तथा अन्य वस्तुनिष्ठ प्रमाणबाट समेत कसुर स्थापित हुनुपर्ने देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादी गोरे भन्ने चूडामणि उप्रेतीले विदेशबाट अवैध तरिकाले सुन आयात गरी भरियामार्फत ल्याउने तथा सुन मगाउने व्यक्तिहरूलाई जिम्मा लगाउने कार्य गरेको हो भनी अदालतसमक्ष बयान गरेको, टेकराज मल्ल ठकुरीले विदेशबाट सुन ल्याउने कार्यमा आफ्नो संलग्नता स्वीकार गरेको तथा अन्य प्रतिवादीहरूको बयानबाट समेत सुनको कारोबार, ओसारपसार र हस्तान्तरणसम्बन्धी तथ्य खुलेको अवस्थामा तथा यसका अतिरिक्त, उडान तथा आवागमन विवरण, प्रतिवादीहरूबिचको सम्पर्क देखिने कल डिटेल, कारोबारको हिसाब राखिएको अभिलेख, श्रव्य-दृश्य सामग्री र अनुसन्धानका क्रममा संकलित अन्य प्रमाणहरूलाई समेत विचार नगरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी छ।'

नेपालमा संगठित अपराध निवारण ऐन, २०७० आएपछि पहिलोपटक विशेष अनुसन्धान टोली गठन गरी यससम्बन्धी अनुसन्धान गरिएको थियो। यसमा तस्करीमा संलग्नलाई सघाएको भन्दै प्रहरी अधिकारीलाई समेत प्रतिवादी बनाएर मुद्दा दायर भएको थियो। जसमा गोविन्द निरौला, श्यामबहादुर खत्री, दिवेश लोहनी, विकासराज खनाल, संजय राउत, प्रजित केसी, बालकृष्ण सन्जेल, अम्बरबहादुर थापा, विष्णुबहादुर खड्का छन्। उनीहरूविरुद्ध पनि सर्वोच्चमा पुनरावेदन गरिएको छ। उनीहरूले जिल्ला र उच्चबाट सफाइ पाएका थिए।

त्यस्तै, व्यापारीहरू विमल पोदार, राजेन्द्र शाक्य, भुजुङ गुरुङ, कृष्णप्रसाद अग्रवाल, मोहनकुमार अग्रवाल, चेतन भण्डारी, महावीर गोल्यान, गुप्तलाल भुसाल, राजुकुमार दारुका, ठाकुरप्रसाद ढुंगानालगायतविरुद्ध पनि पुनरावेदन गरिएको छ। यस मुद्दामा प्रतिवादी रहेका माधव आचार्य, ओमप्रकाश नेवार, कमल कार्की, मणिराज चौलागाईं, शिवकुमार गुभाजु, कृष्ण बस्नेत, रुस्तम मियाँ भन्ने मो. उस्तम मियाँ, टुकबहादुर मगर, सञ्जय अधिकारी, समीर आचार्य, सुरेन्द्र गौतम र रोहित आचार्य अदालतमा उपस्थित नभएकाले अहिलेसम्म उनीहरूको मुद्दा मुल्तबीमा छ।

संगीगत अपराध र भन्सारसम्बन्धी अपराधका सफाइ दिँदा दण्डहीनताको जोखिम र कानुनको प्रभावकारी कार्यान्वयनमा प्रतिकूल असर पर्ने महान्यायाधिवक्ता कार्यालयको जिकिर छ। पुनरावेदनमा भनिएको छ, 'गम्भीर तथा संगठित अपराधमा विश्वसनीय प्रमाणको समग्र प्रभाव पर्याप्त रूपमा परीक्षण नगरी सफाइ दिइएमा वास्तविक दोषीलाई दायित्वबाट उन्मुक्ति मिल्ने जोखिम हुन्छ। यसले कानुनको प्रभावकारिता र अपराधबाट लाभ प्राप्त गर्ने प्रवृत्तिमाथिको नियन्त्रण कमजोर बनाउन सक्छ। तर, दण्डहीनता रोक्ने उद्देश्यले प्रमाणको भार घटाउन वा निर्दोष व्यक्तिलाई दोषी ठहर गर्न मिल्दैन। सही निष्कर्ष भनेको प्रमाणको पूर्ण र निष्पक्ष परीक्षणबाट मात्र दण्डहीनता तथा गलत दोषसिद्धि दुवैको जोखिम घटाउनु हो।'

९ माघ २०७४ सालमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सेटिङमा भित्रिएको ३३ किलो सुन हराएपछि तस्करी गर्न समूहका संयोजक गोरे र उनका साथीले सनम शाक्यलाई नियन्त्रणमा लिई धरानमा राखेर करेन्ट लगाएका थिए। त्यही क्रममा उनको मृत्यु भएको थियो। सो घटनामा गोरेलाई जोगाउने गरी अनुसन्धान गरेको भन्दै पाँच प्रहरीलाई समेत प्रतिवादी बनाइयो। केही प्रहरीले तस्करीमा सघाएका थिए।

घटना गम्भीर प्रकृतिको देखिएपछि सरकारले ०७४ फागुनमा गृह मन्त्रालयका सहसचिव ईश्वरराज पौडेलको अध्यक्षतामा विशेष अनुसन्धान टोली गठन गरी विस्तृत अनुसन्धान गरेको थियो। जस क्रममा विमानस्थलमा प्रहरीसँग सेटिङ मिलाएर सो समूहले पाँच वर्षमा ३८ सय केजी सुन तस्करी गरेको विवरण भेटिएको थियो। तस्करीको सुनमा धेरै व्यापारीले लगानी गरेकोसमेत खुलेको थियो। तर, सुन बरामद भने हुन सकेन। यससम्बन्धी प्रतिवेदनमा थप व्यक्तिमाथि अनुसन्धानको आवश्यकता औंल्याइएकामा हालसम्म सो प्रतिवेदन गोप्य राखिएको छ। सुन तस्करीमा लगानी गर्ने व्यापारीमाथि सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान पनि हुन सकेको छैन।

सार्वजनिक बिदैबिदा...

पृष्ठ १ बाट क्रमशः

छ। शनिबार र आइतबारको बिदामा कतिपय अवस्थामा अगाडि र पछाडि पर्ने बिदा जोडिँदा लगभग साताव्यापी नै असर पर्ने गरेको छ। यसले हरेक क्षेत्रलाई नराम्ररी प्रभावित पार्ने गरेको छ।

दुवै अभिभावक निजी क्षेत्रका पेसामा आबद्ध रहेका एकल परिवारका बालबच्चालाई आइतबारको बिदामा व्यवस्थापन गर्नु निकै जटिल पाटो बनेको छ। अधिकांश निजी कार्यालय आइतबार पनि खुलेकै हुन्छन्। अभिभावक संघका निवर्तमान अध्यक्ष सुप्रभात भण्डारीले विश्वका अन्य देशको चलन अनुसरण गर्दा नेपालको सन्दर्भलाई ध्यान नदिइएको बताए। 'हामीकहाँ बिदा धेरै छन्, शिक्षा क्षेत्रको कुरा गर्दा विद्यार्थी र अभिभावक दुवैलाई फाइदा हुने गरी बिदाको प्रबन्ध गर्नुपर्छ,' उनले भने, 'विद्यालयमा बिदाबारे निर्णय गर्ने अधिकार स्थानीय तहलाई नै दिनुपर्छ। किनभने हाम्रोमा भूगोलअनुसार विद्यालय सञ्चालन गर्नुपर्ने अवस्था छ।'

शुक्रबारपछि एकैचोटी सोमबार कार्यालय खुल्दा त्यसदिन सेवाग्राहीको चाप अत्यधिक भएको जिल्ला प्रशासन कार्यालयमा कार्यरत एक कर्मचारीले बताए। 'दुई दिनपछि कार्यालय खुल्ने हुँदा सोमबार सेवाग्राहीको भिड व्यवस्थापन कठिन बनेको छ,' ती कर्मचारीले भने, 'यसै पनि जिल्ला प्रशासनमा सेवाग्राहीको भिड बढी हुन्छ। आवश्यकता र दरबन्दीअनुसार कर्मचारी छैनन्। यस्तो अवस्थामा दुई दिन लगातार बिदा हुँदा कार्यालय खुल्ने दिन भिड व्यवस्थापन गर्न धेरै गाह्रो हुन थालेको छ।' सेवाग्राहीको चाप भइरहने अध्यागमन, मालपोतलगायत कार्यालयमा पनि अवस्था यस्तै हुन्छ। शनिबार र आइतबारबाहेकका अन्य बिदामा जिल्ला प्रशासनका निश्चित सेवाहरू खुले पनि सरकारले तोकेको नियमित सेवा भने बन्द नै रहन्छन्।

शुक्रबारपछि एकैचोटि सोमबार कार्यालय खुल्दा टाढाबाट सेवा लिन आउने सेवाग्राहीलाई झन् चर्को मार पर्छ। शुक्रबारसम्म काम नसकिए सोमबारसम्म कुर्नुपर्ने बाध्यताबिच गास-बासको व्यवस्थापन खर्चिलो बन्छ। बाहिरी जिल्लाबाट उपत्यकाका अस्पतालमा उपचार गर्न आउने बिरामी र आफन्तले पनि यही मार खेप्नुपरेको छ।

नेपाल चिकित्सक संघका अध्यक्ष बद्री रिजाल आइतबारको बिदामा दिने सेवामा पुनर्विचार गर्नुपर्ने बताउँछन्। 'बिदा लम्बिँदा बिरामी र सेवाग्राहीलाई मर्का परेकै छ,' उनले भने, 'बिदा हटाउने नै भन्दा पनि बिदामा दिने सेवाका सम्बन्धमा पुनर्विचार गरेर पनि परिस्थिति सहज बनाउन सकिएला। यस विषयमा कुनै वैकल्पिक बाटो सोच्नु जरुरी छ।'

तत्कालीन प्रशासन सुधार आयोगका अध्यक्ष काशीराज दाहालका अनुसार विश्वका ठुलो महानगरहरूमा सातामा दुई दिन बिदा दिने प्रचलन छ। कर्मचारीहरू सहरबाहिर ग्रामीण क्षेत्रमा रहने हुँदा उनीहरूलाई काममा सहजता, आन्तरिक पर्यटन प्रवर्द्धन, इन्धन खपतको फाइदालगायतलाई हेरेर त्यहाँ दुई दिन बिदा दिइने अभ्यास देखिएको उनी बताउँछन्। तर, कार्यालय र जिम्मेवारी बहनलाई चुस्त व्यवस्थापन नगरिँदा नेपालमा दुईदिने बिदा अनुत्पादक बन्ने खतरा रहेको उनी बताउँछन्।

'अहिले दुई दिन बिदालाई सैद्धान्तिक रूपमा स्वीकार गरियो, तर चुस्त व्यवस्थापनको कमी छ। व्यवस्थापकीय सुधार नगरी छुट्टी मात्र लम्ब्याउँदा लक्षित उद्देश्य पूर्ति हुँदैन,' उनले भने, 'सबै सेवालाई एउटै सिद्धान्तमा राखेर हेर्न मिल्दैन। हामीले कार्यसंस्कृतिमा परिवर्तन गरेर चुस्त व्यवस्थापन गर्न नसकिए दुई दिन बिदाले अनुत्पादक भएर झन् खर्च बढाउँछ।'

पश्चिम एसिया (मध्यपूर्व)मा जारी युद्धका कारण पेट्रोलियम आपूर्तिमा देखिएको असहजतापछि २२ चैत ०८२ मा बसेको मन्त्रिपरिषद् बैठकले सरकारी कार्यालय र शैक्षिक संस्थामा आइतबार पनि बिदा दिने निर्णय गरेको थियो। पेट्रोलियम पदार्थ आपूर्तिमा भएको कठिनाइ व्यवस्थापन गर्न सरकारले यस्तो निर्णय गरेको थियो। आइतबार बिदाको सट्टा सोमबारदेखि शुक्रबारसम्म सरकारी कार्यालय बिहान एक घण्टाअगाडि ९ बजेदेखि खोल्ने नियम चलाएको छ।

स्थानीय चुनावी रणनीति बनाउन एमालेले काठमाडौंमा बोलायो ३४ सय १४ नेता-कार्यकर्ता

सबैलाई सोधिँदै प्रश्न- चुनावमा सफलता हासिल गर्न पार्टीले के-के गर्नुपर्ला ? उम्मेदवार छनोटको विधि पनि फेर्ने संकेत

नयाँ पत्रिका



आसन्न स्थानीय तह निर्वाचनको तयारीस्वरूप राष्ट्रिय कार्यकर्ता भेला आयोजना गरेको एमालेले त्यसैलाई चुनावकेन्द्रित रणनीति निर्माणको आधार बनाउन थालेको छ। बुधबार र बिहीबार काठमाडौंमा बोलाइएको भेलामा गाउँपालिकादेखि केन्द्रीय अध्यक्षसम्मका तीन हजार ४१४ जना प्रतिनिधि सहभागी हुँदै छन्।

पार्टी संरचनालाई केन्द्रदेखि वडासम्म चुनावकेन्द्रित एउटै रणनीति र लयमा परिचालन गर्ने गरी एमालेले राष्ट्रिय भेलाको पहिलो दिन नै प्रतिनिधिहरूबाट चुनाव जित्न सकिने योजना र उपायबारे लिखित सुझाव लिने तयारी गरेको छ। प्राप्त सुझावका आधारमा स्थानीय तह निर्वाचन परिचालनको कार्ययोजना बनाएर पार्टीपंक्तिलाई एकीकृत रूपमा परिचालन गर्ने एमालेको उद्देश्य छ।

प्रचार विभाग प्रमुख नीरज आचार्यले आगामी स्थानीय तह निर्वाचनमा पार्टीले कसरी सफलता हासिल गर्न सक्छ भन्ने एउटै प्रश्नमा भेलाको पहिलो दिनदेखि नै प्रतिनिधिहरूबाट सुझाव संकलन सुरु गरिने बताए। 'आउने स्थानीय चुनावमा सफलता हासिल गर्न पार्टीले के-के काम गर्नुपर्ला ? यही एउटा खुला प्रश्न सहभागीहरूलाई पहिलो दिन नै दिएर प्रतिनिधिहरूबाट सुझाव संकलन गरिनेछ,' आचार्यले भने, 'सहभागीहरूले आफूलाई लागेका सबै कुरा खुला रूपमा राख्नेछन्। उनीहरूका सुझावलाई पार्टीले पूर्ण आत्मसात् गरेर बैठकमार्फत कार्यान्वयनमा लैजाने योजना छ।'

आचार्यका अनुसार प्रतिनिधिहरूले उम्मेदवार छनोट गर्ने तरिका, आधार, उठान गर्नुपर्ने मुद्दादेखि समग्र विषयमै खुला रूपमा सुझाव राख्न सक्ने बताए। भेला राष्ट्रिय राजनीतिलाई स्पष्ट दिशानिर्देश गर्ने, पार्टीको वैचारिक तथा संगठनात्मक एकता सुदृढ बनाउने र आगामी स्थानीय तह निर्वाचनको तयारीलाई व्यवस्थित बनाउने काममा सफल हुने एमालेले दाबी गरेको छ।

महासचिव शंकर पोखरेलले पनि पार्टीको शुद्धीकरण र सुदृढीकरण आगामी स्थानीय तहको निर्वाचनका सन्दर्भमा प्रस्तुत गर्ने कार्यपत्रमा पनि चुनाव जित्नका लागि पार्टीले उम्मेदवार छनोटको विधि फेर्न सकिने विषय उठान गर्ने तयारी गरेका छन्। यसअघि पनि उनले पार्टीभित्र उम्मेदवार छनोटका लागि सम्बन्धित तहको कमिटीकै स्वामित्व रहने गरी कार्यकर्ताहरूबिचबाट 'प्राइमरी इलेक्सन'को विधिबाट जान सकिने विषय उठाएका थिए।

एमालेले तल्ला कमिटीबाट महिलासहित कम्तीमा तीनदेखि पाँचजनासम्मको नाम मागेर जिल्ला, प्रदेश र केन्द्रीय सचिवालय तहबाट उम्मेदवार छान्ने विधि अपनाउँदै आएको छ। उम्मेदवार जनता र कार्यकर्ताप्रतिभन्दा नेताप्रति उत्तरदायी हुने यस्तो अलोकतान्त्रिक र परम्परागत विधि फेर्नुपर्ने माग एमालेभित्र उठ्दै आएको छ। यही मुद्दालाई अधिकांश प्रतिनिधिहरूले लिखित सुझावमा उल्लेख गर्न सक्ने एमाले नेताहरूको आकलन छ।

सोमबार पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा महासचिव पोखरेलले भेलाको तयारी लगभग पूरा भएको जानकारी दिएका छन्। भेलामा पालिका तहका कमिटीदेखि केन्द्रीय नेतृत्व र संघीय सांसददेखि स्थानीय तहसम्मका जनप्रतिनिधि एकै ठाउँ सहभागी हुँदै छन्। केन्द्रीय कमिटीको ५-८ असोजको बैठकले तय गरेको दुई प्रमुख कार्यभार र गर्नुपर्ने १५ कामलाई एकजुट भएर कार्यान्वयन गर्ने विषयलाई भेलाको मुख्य उद्देश्य बनाइएको विज्ञप्तिमा उल्लेख छ।

अध्यक्ष केपी ओलीले उद्घाटन गर्ने कार्यक्रमलाई वरिष्ठ नेता पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले पनि विशेष सम्बोधन गर्नेछिन्। भेलामा उपाध्यक्ष रामबहादुर थापाले संसदीय संघर्षसम्बन्धी अभिभाराबारे कार्यपत्र र अर्का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले एमाले सरकारमा रहँदा भएका काम र उपलब्धिको समीक्षा प्रस्तुत गर्नेछन्। महासचिव शंकर पोखरेलले पार्टी शुद्धीकरण, सुदृढीकरण तथा स्थानीय निर्वाचन कार्ययोजनासम्बन्धी कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम छ। भेलास्थल र सहभागीको सुरक्षाका लागि अवकाशप्राप्त सहायक रथी विनोद पाण्डेको नेतृत्वमा सयजना स्वयंसेवक परिचालन गरिने एमालेले जनाएको छ।

त्यसैबिच, महासचिव शंकर पोखरेलले पक्राउ परेका बिचौलिया इनम सापकोटा प्रधानमन्त्री बालेन्द्र शाहकै कोर टिमको सदस्य रहेको दाबी गरे। सापकोटाको नाममा बाहिर आएका घटनाक्रमले सरकार सञ्चालनको शैलीमाथि नै प्रश्न उठाएको बताए। 'प्रधानमन्त्री बनेपछि सरकारलाई सफल बनाउने उद्देश्यले बनाइएको कोर टिममा समेत उनको भूमिका रहेको भन्ने विवरण सार्वजनिक भएको छ,' पोखरेलले भने, 'इनम सापकोटासँग जोडिएका पात्रको अनुसन्धान प्रक्रिया रहस्यमय छ, पारदर्शी छैन।'

भारत भ्रमणमा सीमाविवाद उठाउन प्रधानमन्त्रीलाई आग्रह

प्रधानमन्त्रीको आसन्न भारत भ्रमणबारे टिप्पणी गर्दै महासचिव शंकर पोखरेलले नेपाल-भारत सीमाविवाद समाधानको विषयलाई प्राथमिकताका साथ उठाउन सुझाव दिएका छन्। संसद्मा प्रधानमन्त्रीले दिएको सीमाविवादसम्बन्धी अभिव्यक्तिप्रति संसद् र राजनीतिक दलहरूले चासो तथा आपत्ति जनाइसकेको उनले बताए। विशेषगरी सीमाविवादमा तेस्रो पक्षलाई सहभागी गराउने आशयको अभिव्यक्ति सच्याए पनि नेपालको सार्वभौमिकता र हकसँग जोडिएको विवादास्पद अभिव्यक्ति नसच्याएको उनको आरोप थियो। 'नेपाल-भारत सीमा समस्यासम्बन्धी विषय दुवै देशबिच दस्ताबेजीकरण भइसकेको छ। त्यसको समाधानका लागि प्रधानमन्त्रीले नेपालको पक्षमा स्पष्ट रूपमा पैरवी गर्नुपर्छ,' उनले भने।

अटोरिक्सा भिरबाट खस्दा एकै परिवारका चारको मृत्यु

धनगढीमा **तेजराज भट्ट**

बझाङको बुंगलमा सोमबार अटोरिक्सा दुर्घटना हुँदा एकै परिवारका चारजनाको मृत्यु भएको छ। दुर्घटनामा बुंगल नगरपालिका- १०, टुमेडाकी ४० वर्षीया राजमती महरा, उनका छोरा सात वर्षीय रियान्स, छोरी दुई वर्षीया रियान्सा र भतिजी १६ वर्षीया तारा महराको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक दीपक विष्टले बताए। एकै परिवारका चारजनाको मृत्यु भएपछि गाउँ नै शोकमा डुबेको छ।

टुमेडा गाउँबाट स्थानीय बित्थडचिर बजार जाँदै गरेको सु.प.प्र.०१ ००१ ह ७९९८ नम्बरको अटोरिक्सा बुंगल नगरपालिका- १०, टुमेडामा बिहान साढे १० बजेतिर दुर्घटना भएको हो।

अटोरिक्सा सडकबाट करिब नौ सय मिटर तल भिरमा खसेको प्रहरी निरीक्षक विष्टले बताए। दुर्घटनालगत्तै तीनजनाको शव फेला परेको थियो भने एक बालक फेला परेका थिएनन्। दुर्घटनापछि बेपत्ता रियान्सको दिउँसो भिरमा शव फेला परेको प्रहरी निरीक्षक विष्टले बताए। वडा नम्बर १० का अध्यक्ष प्रेम ओखेडाका अनुसार दसैं, तिहार मनाएर उनीहरू पढाइका लागि डडेल्धुरा जाँदै थिए। निमावि स्थायी शिक्षक रहेका श्रीमान् दीपक महरासँगै डडेल्धुरामा बसेर राजमतीले छोराछोरी पढाउने गरेकी थिइन्। दीपक यसअघि डडेल्धुराको गन्यापधुरा गाउँपालिकाको बडालस्थित गणेश माविमा अध्यापन गराउँथे। स्थानीयका अनुसार उनले छोराछोरीलाई पनि त्यहीं पढाएका थिए। केही महिनाअघि मात्र उनको बुंगल- ८, तोलीचौरस्थित सत्य माविमा सरुवा भएको थियो।

दुर्घटना भएको अटोका चालक बुंगल-११, का २५ वर्षीय टेकबहादुर पातली र अर्का यात्रु १३ वर्षीय विक्रम महरा भने सकुशल छन्। चालक पातलीलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। प्रारम्भिक बयानका क्रममा चालकले ब्रेक फेल भएर अटोरिक्सा भिरमा खसेको बताएको प्रहरी निरीक्षक विष्टले बताए।

नवलपरासीमा दुई ठुला सवारी दुर्घटना
एकको मृत्यु, ३६ घाइते



नवलपरासीमा **रामकुमार श्रेष्ठ**

पूर्व-पश्चिम राजमार्गको बुटवल-नारायणगढ सडकखण्ड चार लेनमा विस्तार भएपछि दुर्घटना बढ्न थालेका छन्। नवलपरासीमा आइतबार राति मात्रै दुईवटा ठुला सवारी दुर्घटना भएका छन्। दुवै दुर्घटना तीव्र गतिका कारण भएको जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी नायब उपरीक्षक अनिल पण्डितले बताए।

नवलपरासी पूर्वको कावासोती नगरपालिका- ११, लोकाहामा सुदूरपश्चिम प्रदेश ०१-००१ ख ३४७५ नम्बरको यात्रुवाहक बस दुर्घटना हुँदा ३३ जना घाइते भएका छन्। धनगढीबाट काठमाडौं जाँदै गरेको बस चालकले नियन्त्रण ग

स्थानीयले सुझबुझ देखाएको घुस्की घटना

छठका १२० वटा पूजास्थल तोडफोड गरिएपछि सुरक्षा व्यवस्थामाथि प्रश्न, रातारात पुनर्निर्माण गरियो छठघाट

विराटनगरमा **गणेश लम्साल**

सुनसरीको हरिनगरा गाउँपालिका- ६ घुस्कीस्थित खोलाको किनारमा छठपूजाका लागि निर्माण गरिएका घाटमा आइतबार साँझ भत्काइएपछि सम्भावित साम्प्रदायिक तनाव स्थानीयको संयम र सक्रियताले टरेको छ। तर, घटनाले केही महिनाअघि देवानगन्जको कप्तानगन्जमा भएको झडपपछि पनि जिल्लाको सुरक्षा व्यवस्थामा सुधार नभएको प्रस्ट भएको छ।

सुनसरी खोलाको किनारमा करिब १२० वटा पूजास्थल बनाइएको थियो। आइतबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर व्रतालु र सर्वसाधारण घर फर्किएपछि साँझ करिब साढे ७ बजे दुईजनाले छठपूजाका लागि बनाइएका पूजास्थलमा तोडफोड गरेका थिए। करिब १२५ परिवारले पूजा गर्न बनाएका स्थलमा राखिएका केराका बोट, बाँसका भाटा र बालुवाका संरचना भत्काइएका थिए।

छठ पूजास्थलमा तोडफोड गरेको आरोपमा प्रहरीले दुईजनालाई आइतबार राति पक्राउ गरेको थियो। तोडफोडबाट क्षति पुगेको घाटमा प्रहरी र स्थानीयवासीले रातारात करिब एक सयवटा पूजास्थल तयार गरेपछि सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर छठपूजा शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो। पक्राउ पर्नेमा हरिनगरा गाउँपालिका- ६ का १९ वर्षीय रिजवान मन्सुरी र २१ वर्षीय मोहम्मद जहुर मियाँ छन्। अरू कोही संलग्न भए नभएकोबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। पक्राउ परेकाहरूलाई छठ पूजास्थल तोडफोडमा संलग्न रहेको आरोपमा अनुसन्धान अघि बढाइएको छ।

स्थानीय बासिन्दा जुबेर अन्सारीले केही व्यक्तिको गलत कामका कारण सिंगो समुदायलाई दोषी ठहर गर्न नहुने बताए। उनका अनुसार गाउँले र प्रहरी मिलेर रातभरि खटिएपछि पूजास्थल फेरि तयार पार्न सम्भव भएको थियो। 'नहुनुपर्ने घटना भयो। तोडफोडका कारण अव्यवस्थित बनेको छठघाट व्यवस्थापन गर्न हामी सबै साथीभाइ र गाउँले मिलेर रातभरि खटियौं। केराका बोट खोजेर ल्याउनेदेखि पूजास्थल तयार पार्नेसम्मको काम प्रहरीसँगै गर्‍यौं। जसले गरे पनि यो आपराधिक कार्य हो। कुनै वर्ग वा समुदायको दोष होइन। गलत व्यक्ति र उसको व्यवहारलाई कारबाही गर्नुपर्छ, सिंगो समुदायलाई दोष दिनुहुँदैन,' उनले भने।

स्थानीय बासिन्दाले घटना आपराधिक भएकाले निष्पक्ष छानबिन गरी दोषीलाई कडा कारबाही गर्न माग गरेका छन्। धार्मिक आस्था र सामाजिक सद्भावमाथि प्रहार गर्ने यस्ता गतिविधि दोहोरिन नदिन प्रशासनले दिगो रूपमा प्रभावकारी सुरक्षा व्यवस्था मिलाउनुपर्ने उनीहरूको भनाइ छ। सुनसरीको कप्तानगन्ज घटनापछि प्रस्ताव गरिएका सुरक्षा तथा सद्भावका कार्यक्रम कार्यान्वयनमा नआउँदा घुस्कीमा फेरि यस्तै संवेदनशील घटना भएको स्थानीयको गुनासो छ।

घुस्कीको घटनापछि प्रहरीको सुरक्षा व्यवस्थामाथि स्थानीयले प्रश्न उठाएका छन्। करिब १२५ परिवारका पूजास्थल रहेको घाटमा साँझसम्म ठुलो संख्यामा व्रतालु, आफन्त र सर्वसाधारणको भिड थियो। करिब एक हजार मानिसको आवतजावत हुने संवेदनशील स्थानमा राति सुरक्षा निगरानी किन प्रभावकारी हुन सकेन भन्ने प्रश्न उठेको छ।

स्थानीयका अनुसार केही प्रहरीले राति घाट सुरक्षित नरहेको र बत्तीको व्यवस्था नभएको भन्दै व्रतालुलाई चाँडै घर फर्कन आग्रह गरेका थिए। त्यसैले अर्घ्य दिएपछि व्रतालु घर फर्किएसँगै घाट सुनसान बनेको थियो। त्यही समयमा तोडफोड भएको स्थानीयको भनाइ छ। घाटमा तीनचार सयभन्दा बढी केराका बोट र बाँसका भाटा प्रयोग गरेर रंगीचंगी पूजास्थल बनाइएको थियो। त्यति धेरै संरचना भत्काउन समय लाग्ने भए पनि प्रहरीलाई घटनाबारे समयमै जानकारी नहुनु र निगरानी प्रभावकारी नदेखिनुले सुरक्षा व्यवस्थामाथि स्थानीयले प्रश्न उठाएका हुन्। स्थानीयका अनुसार तोडफोडमा संलग्न भनिएका केही युवा घाट निर्माण गर्दादेखि नै त्यहाँ आउने, सेल्फी खिच्ने र रमाइलो गर्ने गरेका थिए। आइतबार दिउँसो पनि उनीहरू घाट क्षेत्रमा देखिएका थिए।



सुनसरीको हरिनगरा गाउँपालिका- ६ घुस्कीस्थित खोलाको किनारमा छठपूजाका लागि निर्माण गरिएका घाट तोडफोड भएपछि आइतबार राति नै स्थानीयको सहयोगमा पुनर्निर्माण गर्दै सुरक्षाकर्मी

● भीम पराजुली, कोशी प्रदेश सांसद

हरिनगरा- ६ घुस्कीस्थित सुनसरी खोला किनारको छठघाटमा भएको तोडफोडको भर्त्सना गर्दछु। धार्मिक सद्भावमाथिको यस्तो आक्रमण सह्य छैन। घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई तत्काल कडा कारबाही गरियोस्।



● जयराम यादव नेता, जसपा



छठघाटमा भएको तोडफोड निन्दायोग्य छ। घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई तत्काल कडा कारबाही गरियोस्। समाजमा विभाजन होइन, एकता चाहिन्छ। घृणा होइन, सद्भाव चाहिन्छ।

■ दोषीमाथि कडा कारबाही गर्न मुस्लिम संघको माग

नेपाल मुस्लिम संघले छठ पर्वका लागि निर्माण गरिएको घाटमा भएको तोडफोडको घटनाको विरोध गर्दै दोषीलाई कडा कारबाही गर्न माग गरेको छ। संघले सोमबार विज्ञप्ति जारी गर्दै घटनाको निन्दा गरेको हो। 'धार्मिक आस्था र संस्कृतिको सम्मान गर्दै समाजमा धार्मिक सहिष्णुता, आपसी सद्भाव र सामाजिक एकता कायम राख्न सबैमा हार्दिक अपिल गर्दछौं,' विज्ञप्तिमा छ।

कप्तानगन्ज घटनामा भएको थियो व्यापक जनधनको क्षति

सुनसरीको देवानगन्ज- ३ को कप्तानगन्जमा गत १० साउनमा डिजे बाजाको निहुँमा दुई समूहको झडप नियन्त्रण गर्न प्रहरीले गोली चलाउँदा तीनजनाको मृत्यु र आठजना गम्भीर घाइते भएका थिए। तीसजनाभन्दा बढी प्रहरी र सर्वसाधारण घाइते भएका थिए। त्यसपछि फैलिएको साम्प्रदायिक दंगामा करोडौंको सवारीसाधन र भौतिक संरचना नष्ट भएका थिए। सिराहामा पनि गोली लागेर एकजनाको मृत्यु भएको थियो।

अवस्था नियन्त्रण गर्न प्रशासनले एक हप्तासम्म सुनसरी, सिराहा, धनुषा, सप्तरीलगायतका जिल्लामा कर्फ्यु र निषेधाज्ञा जारी गर्नुपरेको थियो। घटना साम्य बनाउन गृहमन्त्री सुधन गुरुङ स्वयं सुनसरी र सिराहा पुगेर सरोकारवालासँग छलफल तथा सहमति गरेपछि पनि तनाव मत्थर भएको हुन सकेन। त्यसपछि सरकारले मृतकहरूलाई सहिद घोषणा गर्दै घाइतेलाई निःशुल्क उपचार र सहिद परिवारलाई रोजगार दिने निर्णय गरेको थियो। प्रदेश सरकार र पालिकाहरूले पनि क्षतिपूर्ति घोषणा गरेका थिए।

जनशक्ति कम हुँदा सुरक्षा व्यवस्थामा चुक

सुनसरीको हरिनगरा घुस्की क्षेत्रमा पटक-पटक साम्प्रदायिक विवादले झडप भएको थियो। यसैले सुनसरीको सीमावर्ती संवेदनशील क्षेत्रमा दिगो सुरक्षा निगरानी बढाउनुपर्ने माग हुँदै आएको थियो। तर, प्रहरी प्रशासनले पटक-पटकको घटनाबाट पाठ सिकेको देखिएन। सुनसरीका प्रहरी प्रमुख एसपी पुष्पराज मल्लले जिल्लाभरि ९० भन्दा बढी ठुला छठघाटमा सुरक्षा व्यवस्था मिलाउनुपरेकाले जनशक्ति परिचालनमा चुनौती भएको बताए। व्रतालुहरू अर्घ्य दिएर फर्किएपछि केही युवाले मादक पदार्थ सेवन गरी पूजास्थलमा तोडफोड गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको उनको भनाइ छ।

'सुनसरीमा मात्र ९० भन्दा बढी ठाउँमा ठुला छठघाट थिए। हामीले सुरक्षा प्रबन्ध पनि सबै तयारी गरेर गरेका थियौं। तर, जनशक्ति कम भयो। घुस्कीमा व्रतालुहरू अर्घ्य दिएर घर फर्किएपछि केही युवाले हुल्लड गर्दै पूजास्थल बिगारेका रहेछन्। घटना हुनेबित्तिकै प्रहरी पुगेर उनीहरूलाई खोजी गरी पक्राउ गरेको हो। अझै अनुसन्धान गरिरहेका छौं। अरू पनि संलग्न रहेको पाइए चाँडै पक्राउ गर्छौं,' उनले भने। एसपी मल्लले कप्तानगन्ज घटनापछि जिल्लाको सुरक्षा संवेदनशीलताबारे प्रहरी जानकार रहेको पनि बताए। 'हामीलाई कप्तानगन्ज घटनापछि सुरक्षा संवेदनशीलता थाहा छ। तर, भ्याकुम भएको समयमा घटना भयो। त्यहाँ राति कोही व्रतालु पनि नबस्ने र घाटमा बत्तीको व्यवस्था पनि थिएन। त्यही मौका हुल्लडबाजहरूले छोपेछन्,' उनले भने।

कप्तानगन्ज घटनापछि प्रस्तावित सद्भाव अभियान अलपत्र

कप्तानगन्ज घटनापछि सुनसरी सुरक्षा समितिले कोशी ब्यारेजदेखि पूर्व देवानगन्जसम्म धार्मिक तथा सामाजिक सद्भाव अभियान सञ्चालन गर्ने प्रस्ताव अघि सारेको थियो। तर, उक्त अभियान अहिलेसम्म कार्यान्वयनमा आउन सकेको छैन। एसपी मल्लका अनुसार सुरक्षा समितिले नागरिक समाज र विभिन्न पक्षको सहभागितामा अभियान सञ्चालन गर्ने योजना बनाएको थियो। तर, नागरिक समाज नै विभाजित देखिएकाले अभियान सुरु गर्न उपयुक्त वातावरण नबनेको उनको भनाइ छ। 'कप्तानगन्ज घटनापछि सुरक्षा समितिमा कोशी ब्यारेजदेखि पूर्व देवानगन्जसम्म धार्मिक तथा सामाजिक सद्भाव अभियान चलाउने भन्ने थियो। तर, नागरिक समाज नै विभाजित भएकाले हामीले अभियान थाल्न उपयुक्त ठानेनौं,' उनले भने।

■ सुनसरीका सिडिओ अर्याल भन्छन्- सुरक्षाको कमजोरी होइन, धेरै ठाउँमा पूजा हुँदा जनशक्ति परिचालन गर्नुपरेकाले घटना भयो



सुनसरीका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले भने घुस्कीको घटनामा सुरक्षा व्यवस्थाको कमजोरी नभएको दाबी गरेका छन्। जिल्लाका विभिन्न स्थानमा एकैपटक छठपूजा आयोजना भएकाले सुरक्षाकर्मी धेरै ठाउँमा परिचालन गर्नुपरेको उनको भनाइ छ। 'हामीले जिम्मेवारी र तयारीअनुसार काम गरेका थियौं र गरिरहेका छौं। सुरक्षाको पनि कमजोरी होइन। पूजा नै धेरै ठाउँमा भएकाले धेरै ठाउँमा सुरक्षा जनशक्ति परिचालन भयो। यसैले घुस्कीमा घटना भएको हो। तर, राति नै घाट तयार गरेर बिहान सबैले हर्षका साथ अर्घ्य दिएर जानुभयो। अहिले अवस्था सामान्य छ। आउन सक्ने थ्रेटबारे हामी जानकार छौं,' उनले भने। सशस्त्र प्रहरी बल नेपाल नम्बर ४ गण सुनसरीका गणपति एसपी लभकुमार सापकोटाले पनि घटनाका वेला सशस्त्र प्रहरी गस्तीमा रहेको बताए। घटनाबारे जानकारी पाएपछि रातभरि खटिएर पूजास्थल पुनर्निर्माणमा सहयोग गरेको उनको भनाइ छ। 'दिनभरि हामी गस्तीमै थियौं। यो घटना हुँदा हामी इनरुवामा गस्तीमै थियौं। जुन तोडफोड भयो, त्यसबाट हामी पनि आश्चर्यचकित भयौं। हामीले रातभरि खटेर सबै पूजास्थल पुनर्निर्माण गरायौं,' उनले भने। हरिनगरा गाउँपालिका उपाध्यक्ष रिमझिमकुमारी भगतले घटनापछि सद्भाव कायम राख्न अध्यक्ष, वडाध्यक्षसहित सबै जनप्रतिनिधि र नागरिक अगुवा लागिपरेको बताइन्।

संक्षेप

तस्करीको सुनसहित चिनियाँ नागरिक पक्राउ

काठमाडौं/ तस्करीको सुनसहित चिनियाँ नागरिक पक्राउ परेका छन्। हङकङबाट नेपाल आएका चिनियाँ नागरिक ४२ वर्षीय झान गुयोकिङलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आइतबार प्रहरीले पक्राउ गरेको हो। उनीसँग ६ सय ३५.९६ ग्राम सुन बरामद भएको प्रहरी नायब उपरीक्षक (डिएसपी) ढुण्डीराज न्यौपानेले बताए। अर्धठोस बनाएर उनले सुन तस्करीको प्रयास गरेका थिए। अन्डरवेयरभित्र प्लास्टिकमा पोको पारेर उनले सुन तस्करीको प्रयास गरेका थिए। शंकास्पद लागेपछि प्रहरीले उनलाई नियन्त्रणमा लिई चेकजाँच गर्दा सुन बरामद भएको हो।

जंगली हात्तीको आक्रमणमा गोठालो गएका वृद्धको मृत्यु

लहान/ गाउँनजिकै रहेको सामुदायिक वनक्षेत्रमा वस्तुभाउ चराउन गोठालोको जंगली हात्तीको आक्रमणमा परेर मृत्यु भएको छ। सप्तरीको सुरुंगा नगरपालिका- ४ वीरनगरका ७२ वर्षीय गोपीलाल चौधरीको आइतबार साँझ गाउँनजिकै रहेको बिर्धना सामुदायिक वनक्षेत्रमा जंगली हात्तीको आक्रमणमा परेर मृत्यु भएको प्रहरीले जनाएको छ। इलाका प्रहरी कार्यालय कडरबोनाका अनुसार वस्तुभाउ चराएर घर फर्किने तर्खर गर्दागर्दै हात्तीको आक्रमणमा परेका चौधरीको घटनास्थलमै मृत्यु भएको हो। हात्तीको आक्रमणमा मृत्यु भएको जानकारी पाएलगत्तै घटनास्थल पुगेको प्रहरीले मुचुल्का उठाएर लहानस्थित रामकुमार उमाप्रसाद प्रादेशिक अस्पतालमा शव पोस्टमार्टम गरी सम्बन्धित परिवारलाई जिम्मा लगाइएको कडरबोना प्रहरीप्रमुख प्रहरी निरीक्षक श्याममणि पोखरेलले बताए।

पौडी खेल्ने क्रममा बगेर एकजना बेपत्ता

जाजरकोट/ भेरी नदीमा पौडी खेल्ने क्रममा बगेर एक पुरुष बेपत्ता भएका छन्। भेरी नगरपालिका- ३ पिपलडाँडाका ४३ वर्षीय बबी शाह भेरी नदीमा पौडी खेल्ने क्रममा बगेर बेपत्ता भएका हुन्। जिल्ला प्रहरी कार्यालय जाजरकोटका अनुसार आइतबार दिउँसो करिब १२ बजे शाह साथीहरूसँग पिकनिक खान छोटेबगर पुगेका थिए। सोही क्रममा नदीमा पौडी खेल्न गएका उनी बगेर बेपत्ता भएको सँगै गएका डिल्ली रावलले दिउँसो १ बजे प्रहरीलाई जानकारी गराएका थिए। घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय रिम्नाबाट प्रहरी वरिष्ठ नायब निरीक्षक राजेन्द्रबहादुर रानाको कमान्डमा ६ जनाको टोली खोजीमा जुटेको थियो।

महिलाले आफ्नै शरीरमा लगाइन् आगो

सल्यान/ सल्यानको शारदा नगरपालिकामा एक महिलाले आफ्नै शरीरमा आगो लगाउँदा गम्भीर घाइते भएकी छन्। शारदा नगरपालिका-१५, बडाखोलाकी अन्दाजी ४६ वर्षीया कमला बोहराले आफ्नै घरमा राखेको मट्टीतेल शरीरमा छर्केर आगो लगाएको प्रहरीले जनाएको छ। आगोबाट शरीरका विभिन्न भाग जलेर घाइते भएकी बोहरालाई उपचारका लागि श्रीनगरस्थित कर्णाली अस्पताल ल्याइएको थियो। सामान्य उपचारपछि थप उपचारका लागि बाँकेको नेपालगञ्जस्थित भेरी अस्पतालमा रिफर गरिएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ। उनको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय सल्यानको सञ्चार शाखाले जनाएको छ। उनले शरीरमा आगो लगाउनुको कारण भने खुल्न सकेको छैन। घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ।

■ सिंहदरबारअगाडि आकर्षक फुटपाथ



गमलाको फूल राखेपछि आकर्षक देखिएको सिंहदरबार-भद्रकाली सडकखण्डमा पर्ने फुटपाथ। काठमाडौं महानगरपालिकाले सडकको दुवैतिर फुटपाथमा गमलाको फूल राखेको छ। तस्बिर : **सतिश पोखरेल**/नयाँ पत्रिका

यौन हिंसासम्बन्धी विधेयकको मस्यौदा तयार

असहमतिको यौन सम्बन्धलाई पनि बलात्कार मानिने

काठमाडौं/ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले यौन हिंसासम्बन्धी विधेयकको मस्यौदा तयार गरेको छ। मन्त्रालयले तयार गरेको मुलुकी अपराध संहिता, २०७४ संशोधन गर्न बनेको विधेयक छलफलका लागि सार्वजनिक गरेको छ। जसमा १४ वर्ष पुगेका र उमेरको अन्तर दुई वर्षभन्दा बढी नभएको अवस्थामा सहमतिमा भएको यौन सम्बन्धलाई पूर्ण रूपमा निरअपराधीकरण गरिनुपर्ने व्यवस्था छ।

विधेयकमा यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिहरूविरुद्ध वा उनीहरूबिच हुने असहमतिको यौन सम्बन्धलाई पनि बलात्कार मानिने उल्लेख छ। यसैगरी, सहमतिलाई स्वेच्छिक तथा स्वतन्त्र इच्छाबाट दिइने स्वीकृतिको रूपमा स्पष्ट र सकारात्मक रूपमा परिभाषित गर्न अनुरोध गरिएको छ। दफा २१९ (२) (ख)मा संशोधन गरी 'होस ठेगानमा नरहेको' भन्ने शब्दावलीको सट्टा अचेत अवस्था, निद्रा र नशा (मादक पदार्थ, लागुऔषध सेवन)लाई स्पष्ट रूपमा समेट्ने गरी मञ्जुरी दिन नसक्ने असक्षमताको स्पष्ट मापदण्ड राख्न सुझाइएको छ।

१८ वर्षमुनिका किशोरकिशोरीबिच दुई वर्ष वा सोभन्दा कम उमेरको अन्तर भई सहमतिमा यौन सम्बन्ध भएमा एक वर्षसम्म कैद हुने नयाँ उपदफा (४) प्रस्ताव गरिएको छ। वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जबर्जस्ती करणी गरेमा तीन वर्षदेखि पाँच वर्षसम्म कैद हुने संशोधनमा व्यवस्था गरिएको छ। मन्त्रालयले सार्वजनिक गरेको मस्यौदामा विभिन्न सरोकारवाला पक्षले आ-आफ्ना धारणा र सुझाव दिने कार्य सुरु भएको छ।

कांग्रेसको 'हामी तयार छौं' अभियान आजदेखि

नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी कांग्रेसले स्थानीय तह निर्वाचनको पूर्वतयारी र पार्टी सुदृढीकरणका लागि 'हामी तयार छौं' अभियान सञ्चालन गर्दै छ। मंगलबार सुरु हुने अभियान मंसिरभर सञ्चालन हुनेछ। १५औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको पहिलो बैठकको निर्णयअनुसार अभियान सञ्चालन गर्न लागिएको कांग्रेसले जनाएको छ।

नेताहरूका अनुसार अभियान वडा तहसम्म छ। अभियानअन्तर्गत सबै जिल्ला र सबै वडामा कार्यक्रम हुनेछन्। अभियानमा वडा तहदेखि केन्द्रसम्मका कार्यसमिति सदस्य र क्षेत्रीय प्रतिनिधिसहित तीन लाख नेता-कार्यकर्ता परिचालित गर्ने कांग्रेसको लक्ष्य छ।

कांग्रेस महामन्त्री डा. डिला संग्रौलामा अनुसार 'हामी तयार छौं' अभियान पार्टीका तल्लो तहका कार्यकर्ता, स्थानीय तह तथा आमजनतासम्म पुग्ने बृहत् अभियान हो। 'हामीले १५औं महाधिवेशनमा पारित गरेका नीतिहरू पार्टी कार्यकर्ता तथा आमजनतासम्म पुऱ्याउन बाँकी नै छ। त्यसका लागि आमजनता, स्थानीय तह तथा पार्टी कार्यकर्तासित जोडिन जरुरी छ। त्यसैले, हामीले महाधिवेशनबाट देश बनाउन तयार छौं, समाज बदल्न तयार छौं, देशमा विकास र समृद्धिको लहर ल्याउन तयार छौं, देशलाई अभिभावकत्व दिन तयार छौं भन्ने जुन नीति पारित गरेका छौं, त्यसलाई तल्लो तहसम्म पुऱ्याएर पार्टीलाई जनतासित जोड्ने अभियान सुरु गर्न लागेका हौं,' उनले भनिन्।

कांग्रेस महामन्त्री **डा. डिला संग्रौला** भन्छिन्-

अभियानको केन्द्रविन्दु जनता नै हुन्। कांग्रेसले महाधिवेशनबाट पारित गरेको आर्थिक नीति, शिक्षा नीति, स्वास्थ्य नीति, विकास नीति, रूपान्तरण नीति कस्तो छ भनेर बुझाउन हामी केन्द्रीय प्रतिनिधिसँगै टोलटोलसम्मै पुग्नेछौं। पार्टी कार्यकर्ता तथा स्थानीय नागरिकसित अन्तर्क्रिया गर्नेछौं।

निर्वाचन नजिकिँदै गरेकाले अभियान स्वाभाविक रूपमा स्थानीय तह निर्वाचनलक्षित हुने उनले बताइन्। 'अभियानको केन्द्रविन्दु जनता नै हुन्। कांग्रेसले महाधिवेशनबाट पारित गरेको आर्थिक नीति, शिक्षा नीति, स्वास्थ्य नीति, विकास नीति, रूपान्तरण नीति कस्तो छ भनेर बुझाउन हामी केन्द्रीय प्रतिनिधिसँगै टोलटोलसम्मै पुग्नेछौं। यस क्रममा हामी पार्टी कार्यकर्ता तथा स्थानीय नागरिकसित अन्तर्क्रिया गर्नेछौं। हाम्रा कुरा सुनाउनेछौं र उहाँहरूका गुनासा र सुझाव सुन्नेछौं,' उनले भनिन्।

सरकारमा जनमतको दम्भ देखियो : पौडेल

कास्की/ कांग्रेस महामन्त्री प्रदीप पौडेलले जनमतको दम्भका आधारमा सरकार कानुनभन्दा माथि बस्न खोजेको बताएका छन्। कांग्रेस गण्डकी प्रदेश समितिले सोमबार पोखरामा आयोजना गरेको १५औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारी तथा केन्द्रीय सदस्यहरूको बधाइ तथा भेटघाट कार्यक्रममा उनले सरकार कानुनभन्दा माथि बस्न खोजेको बताए।

'निर्वाचनमा जुन जनमत प्राप्त भयो, त्यही जनमतको दम्भका आधारमा सरकार कानुनभन्दा माथि बस्न खोजेको छ। यस्तो सुविधा कांग्रेसले कसैलाई दिन सक्दैन। हिजो हामीले गणतन्त्रको बाटो रोजेको कारण पनि यही हो। पटक-पटक राजतन्त्रले संवैधानिक व्यवस्थालाई उल्लंघन गरेर नागरिकमाथि शासन गर्न खोजेको कारणले हामी गणतन्त्रको बाटो रोजेर यहाँसम्म आइपुगेका हौं,' पौडेलले भने, 'एउटा निर्वाचनमा कसैले जनमत प्राप्त गऱ्यो, ऊ कानुनभन्दा संविधानभन्दा माथि भयो, उसका विरुद्ध बोल्नु हुँदैन, मुखमा बुझो लगाएर बस्नुपर्छ भन्ने मनोविज्ञान कांग्रेसले बनाउन सक्दैन।'

कांग्रेस अत्याचार, अन्याय र विभेदका विरुद्ध लड्न जन्मिएको भन्दै महामन्त्री पौडेलले कानुन कार्यान्वयन नगरेर शासकहरूले कानुनमाथि बस्न खोजे भने उनीहरूलाई त्यसो गर्न नदिइने बताए। 'जे उद्देश्यका निम्ति कांग्रेस जन्मिएको हो, हामीहरूले डराएर, तर्सिएर त्यो काम गर्दैनौं भनेर भन्न मिल्दैन, भन्न पनि सक्दैनौं। त्यसैले जति तर्साउन खोजे पनि कांग्रेस तर्सिँदैन भन्ने कुरा हामीले स्थापित गर्नुपर्छ,' उनले भने।

महामन्त्री पौडेलले वर्तमान सत्ता दुईवटा कांग्रेस बनाउन लागिपरेको आरोप लगाए। 'अहिलेको सत्ता दुईवटा कांग्रेस बनाउन लागिरहेको छ। तिम्रो अनुकूल बन्दिन्छु, तिमीले आफ्नो अडान चाहिँ नछाड भनेर ब्याकिङ गरिरहेको स्थिति छ। त्यसैले अब त्यो विस्पिरिडले कांग्रेस कति कमजोर हुन्छ, त्यसैमा हामी कति कारक बनेका छौं, त्यो एउटा पक्ष भयो,' उनले भने। नेतृत्व तहमा अग्रज नेताहरूलाई समेट्ने अहिले तत्काल स्थिति बन्छ भन्ने आफूलाई नलागेको बताउँदै उनले वडा, पालिका, क्षेत्र र जिल्ला तहमा पार्टीका इमानदार तथा जनतामाझ प्रभाव भएका साथीहरू पार्टी छाड्न लागेका छन् भने उनीहरूलाई फर्काउने कोसिस गर्नुपर्ने उल्लेख गरे।

पुँजीवाद, जलवायु परिवर्तन र विपत्

अत्यधिक पूर्वाधार निर्माण र पदार्थहरूको उच्चतर उपभोगका कारण विगत पाँच दशकमा पृथ्वीका प्राकृतिक स्रोतको दोहन तेब्बर बढेको छ



● डा. कृष्णराज पन्त

अग्रलेख

भदौ १० गते बिहान विनावर्षा आएको अकल्पनीय भीषण बाढीले नेपालका रसुवा, नुवाकोट, धादिङ, गोर्खालगायत जिल्लाका विभिन्न स्थानमा ठुलो धनजनको क्षति गरायो । चीन र नेपालको सीमास्थित हिमालयमा गएको विशाल हिमपहिरोका कारण आएको बाढीले चीनको केरुङ बन्दरगाह तथा नेपालको रसुवा र नुवाकोट जिल्लाका रसुवागढी, टिमुरे, स्याफ्रुबेसी, मेलुंग, वेत्रावती, त्रिशूली बजारलगायत स्थान तहसनहस बनायो । यसैबिच, संयुक्त राष्ट्रसंघीय महासभामा हरेकपटकझैं यसपटक पनि नेपाललगायत पीडित राष्ट्रले जलवायु न्याय प्राप्तिको मुद्दा जोडदार रूपमा उठाए । जसका कारण जलवायु परिवर्तनसम्बन्धी हानि तथा क्षति प्रतिकार्य कोष (एफआरएलडी) बाट नेपालले करिब तीन अर्ब रुपैयाँबराबरको आर्थिक सहयोग पाउने भएको छ । यस्तो परिवेशमा विपत्का घटनामा भइरहेको बढोत्तरीको जड के हो र यसको न्यूनीकरणको दीर्घकालीन विकल्प के हुन सक्छ भन्नेतर्फ बृहत् बहस जरुरी छ ।

पुँजीवाद : जलवायु परिवर्तनको मुख्य कारक : पुँजीवाद यस्तो एउटा आर्थिक प्रणाली हो, जसमा उत्पादनका साधन र सम्पत्तिमाथि निजी स्वामित्व हाबी हुन्छ । आधुनिक पुँजीवादी व्यवस्था अर्थात् स्वतन्त्र बजार अर्थतन्त्रमा स्रोतहरूको प्रयोग फगत नाफा कमाउन गरिन्छ । लगानी, नवप्रवर्तन, प्रविधि र स्रोतको विनियोजन सबै नाफा आर्जन र पुँजीको सञ्चयतर्फ निर्देशित हुन्छन् । त्यसका निम्ति आपसी प्रतिस्पर्धा चलिरहेको हुन्छ । यी सबै प्रक्रियामा सरकारी भूमिका र नियन्त्रण भने सीमित हुन्छ । पुँजीवादको मुख्य आकर्षण र उद्देश्यका रूपमा रहेका अत्यधिक उत्पादन, स्थानान्तरण र उपभोग, असीमित मुनाफा र आर्थिक वृद्धिको प्रवृत्तिले प्राकृतिक स्रोतको अत्यधिक दोहनमार्फत जलवायु परिवर्तन निम्त्याएका छन् । फलतः विश्वमा विभिन्न खाले विपत् सिर्जना भएका छन् । आर्थिक वृद्धिलाई नै समृद्धिको प्रमुख सूचकका रूपमा आत्मसात् गर्ने आधुनिक पुँजीवादमा मानवजातिले अल्पकालीन आर्थिक लाभका निम्ति दीर्घकालीन वातावरणीय असरको मूल्य चुकाइरहेका छन् । नवउदारवादको उदयपछि भने निजीकरण, उदारीकरण, स्वतन्त्र व्यापार, विश्वव्यापीकरण र विनियमनजस्ता औजारमार्फत यस्ता प्रक्रियाले थप तीव्रता पाएका छन् । यो क्रम जारी नै रहने हो भने किम स्टान्ले रबिन्सनको 'न्युयोर्क २१४०' नामक उपन्यासमा गरिएको 'आउँदो १२० वर्षपछि पुँजीवादबाट सिर्जित निरन्तरको जलवायु परिवर्तनका कारण समुद्री सतह ५० फिट माथि आउनेछ, जसले समुद्री किनारका सहरलाई ध्वस्त पार्नेछ' भन्ने कल्पना सार्थक हुनेछ ।

यसरी, पुँजीवादी उत्पादन पद्धति, पुँजीको असीमित सञ्चय र अकुत सम्पत्ति संकलनको भोक, अस्थिर एवं अनियन्त्रित उत्पादन र उपभोगजस्ता प्रवृत्तिले पृथ्वीको समग्र प्रणाली र पारिस्थितिक प्रक्रियामाथि विनाशकारी असर पुऱ्याएको छ । स्वतन्त्र बजार नीतिले आर्थिक वृद्धिसँगै बढ्दो कार्बन उत्सर्जनमार्फत जलवायु संकटलाई बढाएको छ । समग्रमा, महत्त्वाकांक्षी आर्थिक वृद्धि र सामाजिक विकास हासिल गर्न प्रयोग भइरहेको उत्पादन र उपभोगकेन्द्रित वर्तमान पुँजीवादी आर्थिक प्रणालीअन्तर्गत भइरहेको स्रोतको उत्खनन तथा उपयोगको मोडेलले जलवायु परिवर्तन, जैविक विविधताको ह्रास र प्रदूषण तीनै प्रकारका वैश्विक संकटलाई निम्त्याइरहेको छ ।

आर्थिक वृद्धि र स्रोतको दोहन : प्राकृतिक स्रोतको बढ्दो उपयोगका निम्ति विश्वमा आर्थिक वृद्धि, जनसंख्या वृद्धि, प्रतिव्यक्ति कुल आयमा वृद्धि, सहरीकरणजस्ता कारण जिम्मेवार छन् । जसले प्राकृतिक स्रोतको अत्यधिक दोहन, फोहरमैला उत्सर्जनमा वृद्धि, जमिनको अव्यवस्थित उपयोग, पानीको अधिक उपयोग आदिलाई प्रोत्साहित गरिरहेका छन् । राष्ट्रसंघीय वातावरण कार्यक्रमद्वारा प्रकाशित 'ग्लोबल रिसोर्सेस आउटलुक २०२४'का अनुसार सन् १९७० देखि २०२४ मा आइपुग्दा विश्वको कुल गार्हस्थ उत्पादन पाँच गुणाले बढेको छ । यस अवधिमा जनसंख्या दोब्बरभन्दा बढी भएको छ । सहरी जनसंख्या २१ प्रतिशतले बढेको छ । प्राकृतिक स्रोतको दोहन करिब साढे तीन गुणाले र प्रतिवर्ष औसत २.३ प्रतिशतले बढेको छ । सो अवधिमा प्रतिव्यक्ति पदार्थको माग डेढगुणा बढेको छ भने जैविक इन्धनको दोहन साढे दुई गुणा, कच्चा धातुको दोहन साढे तीन गुणा र खनिज पदार्थको व्यापार ६ गुणा बढेको छ । विश्वमा खनिज पदार्थको कुल व्यापारको झन्डै आधा हिस्सा जैविक इन्धनले र एकचौथाइ अंश कच्चा धातुले ओगटेको छ ।

प्राकृतिक स्रोतको दोहन र जलवायु परिवर्तनसँग आर्थिक वृद्धिको सम्बन्ध प्रत्यक्ष आनुपातिक देखिन्छ, अर्थात् आर्थिक वृद्धिदर बढ्दै/घट्दै जाँदा स्रोतको दोहन र जलवायु परिवर्तन/कार्बन उत्सर्जनको दर पनि बढ्दै/घट्दै गएको छ । युरोपियन युनियनको २७ सदस्य मुलुकका सन्दर्भमा गरिएको एक अध्ययनअनुसार प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादनमा एक प्रतिशत वृद्धिका निम्ति आवश्यक स्रोतको उत्खनन १.५७ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, अर्को एक अध्ययनमा एक प्रतिशत आर्थिक वृद्धि हुँदा कार्बन उत्सर्जन ०.७३३ प्रतिशतले वृद्धि भएको अनुमान गरिएको छ ।

स्रोतको दोहन र जलवायु परिवर्तन : विश्वमा औद्योगिकीकरण र यान्त्रीकीकरणसँगै विकासका नाममा मानव क्रियाकलापका रूपमा भएका प्राविधिक नवप्रवर्तन, अर्थतन्त्रको द्रुत रूपान्तरण, क्षेत्रगत विस्तार, अभूतपूर्व जनसंख्या वृद्धि, द्रुत सहरीकरण, विश्व समाज व्यवस्थाको द्रुत रूपान्तरण आदिले प्राकृतिक स्रोतको अत्यधिक दोहन र बढ्दो कार्बन उत्सर्जनमार्फत विश्व तापमानमा वृद्धि र जलवायु परिवर्तन निम्त्याएका छन् । एक अध्ययनअनुसार अत्यधिक पूर्वाधार निर्माण र पदार्थहरूको उच्चतर उपभोगका कारण विगत पाँच दशकमा पृथ्वीका प्राकृतिक स्रोतको दोहन तेब्बर बढेको छ । औद्योगिकीकरण र सहरीकरणका गतिविधिको निरन्तरता यस्तै रहेमा सन् २०६० सम्ममा खनिज स्रोतको उत्खनन र प्रयोग सन् २०२० को भन्दा ६० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ (ग्लोबल रिसोर्स आउटलुक, २०२४) । त्यसैगरी, जैविक इन्धनलगायत प्राथमिक ऊर्जाको प्रयोग ५० प्रतिशतले, खाद्यलगायत जैविक पदार्थ दोहन ८० प्रतिशतले र कृषि क्षेत्र पाँच प्रतिशतले माथि जाने सम्भावना छ । यसले हरित ग्यास उत्सर्जनलाई २० प्रतिशतभन्दा माथि उठाउन सक्छ ।

> उत्पादन र उपभोगकेन्द्रित वर्तमान पुँजीवादी आर्थिक प्रणालीअन्तर्गत भइरहेको स्रोतको उत्खनन तथा उपयोगको मोडेलले जलवायु परिवर्तन, जैविक विविधताको ह्रास र प्रदूषण तीनै प्रकारका वैश्विक संकटलाई निम्त्याइरहेको छ

सन् १९९० देखि २०१९ सम्ममा औद्योगिक उत्पादनको माग नाटकीय ढंगले बढेसँगै स्रोतको दोहनमार्फत जलवायु परिवर्तनमा पनि तीव्रता आएको छ । सन् १८५० (औद्योगिकीकरणपूर्व) देखि सन् २०२४ सम्म पुग्दा कार्बन उत्सर्जन १५ गुणाले बढेको छ भने वार्षिक औसत तापमान वृद्धिदर (-०.०६ बाट) बढेर १.५३ डिग्री सेल्सियससम्म पुगेको छ ।

जलवायु परिवर्तन : को कति जिम्मेवार : विश्वका उच्च आय समूहका मुलुक जलवायु परिवर्तनका निम्ति मुख्य कारक रहेका छन् । तिनले मध्यम र निम्न आय भएका मुलुकबाट स्रोतको उत्खनन र आयात गर्छन् भने वातावरणीय असरचाहिँ उनीहरूमै थोपर्छन् । एक रिपोर्टअनुसार उच्च आय समूहका मुलुकले निम्न आय समूहकाले भन्दा ६ गुणा बढी स्रोतको उपयोग गर्छन् र १० गुणाभन्दा बढी जलवायुमा असर पुऱ्याउँछन् ।

'वर्ल्ड रिसर्च इन्स्टिच्युट'का अनुसार १० सबभन्दा ठुला उत्सर्जक राष्ट्रहरूले विश्वव्यापी कार्बन उत्सर्जनको ७६ प्रतिशत उत्सर्जन गर्छन् । अनि विश्वव्यापी जलवायु असरका निम्ति जी-२० मुलुकको उत्पादन र उपभोग क्रमशः ७५ प्रतिशत र ८० प्रतिशत कारक रहेका छन् । त्यसैगरी, विश्वका प्रमुख १०० कम्पनी कुल कार्बन उत्सर्जनको ७१ प्रतिशतका लागि जिम्मेवार छन् (कार्बन मेजर्स रिपोर्ट २०१७) । हाल युरोप र अमेरिकाले विश्वको एकतिहाइ मात्र कार्बन उत्सर्जन गर्छन् । चीनले सन् २००६ देखि कार्बन उत्सर्जनमा सबैलाई उछिन्नेको छ । समग्र हरितगृह ग्यास उत्सर्जनमा सबभन्दा बढी जिम्मेवार क्रमशः चीन, अमेरिका, युरोपियन युनियन र बेलायत छन् । यसैगरी, धनी १० प्रतिशत जनसंख्या हरितगृह ग्यास उत्सर्जनका निम्ति गरिब ५० प्रतिशत जनसंख्याभन्दा २० गुणा बढी जिम्मेवार देखिन्छन् ।

जलवायु परिवर्तनको असर र विपत् : जलवायु परिवर्तनका कारण विश्वले बाढी, आँधी, भूकम्प, अत्यधिक तापमान, पहिरो, खडेरी, हिमपहिरो/हिमताल विस्फोट, आगलागी, ज्वालामुखी विस्फोटजस्ता विभिन्न प्रकृतिका विपत्को सामना गर्नुपरेको छ । जसबाट थुप्रै धनजनको क्षति भएको छ । उदाहरणका लागि, अफगानिस्तान र म्यान्मारमा आएको भूकम्प, सिरियामा परेको खडेरी, इन्डोनेसिया र फिलिपिन्समा आएको आँधी, दक्षिणी थाइल्यान्डमा आएको बाढी, श्रीलंकामा आएको साइक्लोन आदि छन् । पटकपटकका भूकम्प, बाढीपहिरो, आगलागीजस्ता घटनाले नेपाल पनि जलवायु परिवर्तनको असरबाट पीडित एक प्रमुख मुलुक हुन पुगेको छ । भखरैको हिमपहिरो र हिमताल विस्फोटका कारण आएको भोटेकोशी बाढी विश्वव्यापी आश्चर्यको विषय बनेको छ । यसरी, जलवायु परिवर्तन र यसबाट सिर्जित विपत्हरूको जोखिम धेरथोर हिमालदेखि समुद्रसम्मका भूगोल, जीव र मानवजाति सबैले व्यहोर्नुपरेको छ ।

समस्याको समाधान : विद्यमान प्रतिस्पर्धात्मक तथा अस्थिर उत्पादन र उपभोग प्रणालीलाई निरन्तरता दिने हो भने जलवायु परिवर्तनका कारण मानव समृद्धि र जैविक विविधताको आधारका रूपमा रहेको भूमण्डलीय र पारिस्थितिक प्रणालीमा विनाशकारी असर थपिँदै जानेछ । यस्तो प्रतिकूल परिस्थितिबाट जोगिन विद्यमान महत्त्वाकांक्षी आर्थिक वृद्धि र सामाजिक विकासकेन्द्रित पुँजीवादी आर्थिक प्रणालीको विकल्प खोज्नु जरुरी छ । त्यस्तै, स्रोतको दोहन कम गरेर समृद्धि प्राप्त गर्ने नीति प्रवर्द्धन गर्नु आवश्यक छ । न्यून स्रोत प्रयोगमैत्री र कम वातावरणीय असरजन्य वस्तु तथा सेवाको उत्पादन र उपभोगको मोडेल अपनाउने र दिगो आर्थिक वृद्धि हासिल गर्नेतर्फ विश्व अर्थव्यवस्थालाई उन्मुख गराउनु अपरिहार्य छ । जसमा प्रयोगात्मक विधि र नवप्रवर्तनको भूमिकालाई बढाउनु आवश्यक छ ।

जलवायु मैत्री खाद्यशैली, दिगो पूर्वाधार, विद्यमान पूर्वाधारको सबलीकरण र उच्चतम प्रयोग, कार्बन उत्सर्जन घटाउने खालका वस्तु उत्पादन, जलवायुमैत्री र न्यून उत्सर्जक पूर्वाधार तथा यातायात मोडेलको प्रयोग, जलवायुमैत्री ऊर्जाको प्रयोग, ऊर्जाको क्षमता वृद्धिजस्ता नीति अवलम्बनबाटै जलवायु परिवर्तन र त्यसबाट उत्पन्न हुने विपत् र जोखिम कम गर्न सकिन्छ । यसका निम्ति विश्वले प्रभावकारी र संस्थागत स्रोत सुशासनको प्रवर्द्धन, स्रोत प्रयोगको परिभाषित मार्गचित्र, स्रोतको दिगो प्रयोगउन्मुख वित्तीय/लगानी र व्यापार व्यवस्था, दिगो उत्पादन र उपभोग शैली, स्रोत व्यवस्थापनको चक्रीय, कुशल तथा न्यून जलवायु असरयुक्त समाधान र व्यावसायिक मोडेल आदिसहितको वैकल्पिक आर्थिक सामाजिक प्रणालीतर्फ आफूलाई उन्मुख गराउनुपर्छ । यद्यपि, विद्यमान पुँजीवादी फ्रेमवर्कभित्रका विकल्प जलवायु परिवर्तनको सामना र त्यसबाट उत्पन्न विपत् न्यूनीकरणका निम्ति केही कामयाब भए पनि पूर्ण रूपमा भने प्रभावकारी हुन सक्दैनन् । तब त राष्ट्र संघको पहलमा भएका रियो द जेनेरियो, कोपलगायत विभिन्न वातावरणीय सम्मेलन, क्योटो प्रोटोकल, पेरिस एग्रिमेन्टजस्ता सम्झौताका लक्ष्य प्राप्ति तथा हरित अर्थतन्त्रको अवधारणा अपेक्षाकृत सफल हुन सकेका छैनन् । यसकारण, अबको विश्व अत्यधिक नाफा र पुँजी सञ्चयको प्रतिस्पर्धायुक्त पुँजीवादी प्रणालीको विकल्पमा विकास र वातावरणको उचित सन्तुलन अनि उत्पादन र वितरणको उचित संयोजनसहितको समाजवादी सामाजिक आर्थिक प्रणालीतर्फ केन्द्रित हुनुपर्छ ।

(डा. पन्त बागमती प्रदेशका प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष हुन्)

३ प्रश्न

काग्रेस महामन्त्री
डा. डिला संग्रौलालाई



कांग्रेसले सञ्चालन गर्न लागेको 'हामी तयार छौं' कस्तो अभियान हो ?

'हामी तयार छौं' भन्ने अभियान पार्टीका तल्लो तहका कार्यकर्ता, स्थानीय तह तथा आमजनतासम्म पुग्ने एक बृहत् अभियान हो । हामीले पन्ध्रौं महाधिवेशनमा पारित गरेका नीति पार्टी कार्यकर्ता तथा आमजनतासम्म पुऱ्याउन बाँकी नै छ । त्यसका लागि आमजनता, स्थानीय तह तथा पार्टी कार्यकर्तासित जोडिन जरुरी छ । त्यसैले, हामीले महाधिवेशनबाट देश बनाउन तयार छौं, समाज बदल्न तयार छौं, देशमा विकास र समृद्धिको लहर ल्याउन तयार छौं, देशलाई अभिभावकत्व दिन तयार छौं भन्ने जुन नीति पारित गरेका छौं, त्यसलाई तल्लो तहसम्म पुऱ्याएर पार्टीलाई जनतासित जोड्ने अभियान हो- 'हामी तयार छौं' अभियान ।

अभियान कांग्रेस कार्यकर्ता, आगामी निर्वाचन या नागरिक कोप्रति लक्षित हुनेछ ?

निर्वाचन नजिकिँदै गरेको अवस्थामा यो अभियान निर्वाचनलक्षित त हुने नै भयो । त्यसैले, अभियानको केन्द्रविन्दु जनता नै हुन् । कांग्रेसले महाधिवेशनबाट पारित गरेको आर्थिक नीति, शिक्षा नीति, स्वास्थ्य नीति, विकास नीति, रूपान्तरण नीति कस्तो छ भनेर बुझाउन हामी केन्द्रीय प्रतिनिधिसँगै टोलटोलसम्मै पुग्नेछौं । यस क्रममा हामी पार्टी कार्यकर्ता तथा स्थानीय नागरिकसित अन्तर्क्रिया गर्नेछौं । हाम्रा कुरा उहाँहरूलाई सुनाउनेछौं र उहाँहरूका गुनासा र सुझाव पनि सुन्नेछौं । त्यसैले, यस अभियानलाई हामीले निर्वाचनको पूर्वतयारी या 'वार्मअप'का रूपमा समेत लिएका छौं ।

अभियानले पार्टीलाई कसरी चलायमान गराउला ?

अभियानले पार्टीलाई जीवन्त र चलायमान बनाउँछ । रिसाएका जनताका गुनासा सुनेर उहाँहरूसितको सम्बन्धमा पुनर्ताजगी ल्याउनु अभियानको उद्देश्य हो । अभियानले सिंगो पार्टी संगठनको सुदृढीकरण पनि गर्नेछ । साथै, जनताका घरदैलोमा पुगेर उहाँहरूका कुरा सुन्ने र आफ्ना कुरा सुनाउने काम गर्दा पार्टी र जनताबिचको सम्बन्ध थप सुदृढ हुनेछ । साथै, आगामी दिनको भरोसायोग्य पार्टी नेपाली कांग्रेस नै हो भन्ने विश्वास पनि यस अभियानले जगाउनेछ ।

प्रेरक प्रसंग

पिता, पुत्री र मैनबत्ती

एक पिता आफ्नी चार वर्षकी छोरी मुनालाई असाध्यै माया गर्थे । कार्यालयबाट फर्किँदा उनी मुनाका लागि अनेक प्रकारका खेलौना र मिठामिठा खानेकुरा ल्याउने गर्थे । मुना पनि आफ्नो तोतेबोलीमा बाबा-बाबा गर्दै पिताकै वरिपरि घुमिरहन्थिन् ।



एक दिन अचानक मुनालाई कडा ज्वरो आयो । उनलाई हतारहतार चिकित्सककहाँ लगियो । तर, चिकित्सकहाँ पुग्नुअगावै मुनाको मृत्यु भयो । यस घटनाले सिंगो परिवार शोकमा डुब्यो । पिताको अवस्था त मृत व्यक्तिसमान नै भयो । मुनाको मृत्युपछि उनी कसैसँग बोल्दैनथे । खान पनि मन गर्दैनथे । जतिखेर पनि छोरीलाई सम्झेर रोइरहन्थे । उनले कार्यालय जान पनि छाडिदिए । उनले घरबाट बाहिर निस्कनै बन्द गरे ।

आफन्त र छरछिमेकीले उनलाई सम्झाउन निकै जोडबल लगाएए । तर, उनी जतिखेर पनि मुना, मुना भनेर रोइ मात्र रहन्थे । एक रात मुनालाई सम्झेर आँसु बगाउँदा-बगाउँदै उनी भुसुक्क निदाए । निद्रामा उनले एउटा सपना देखे । सपनामा उनले स्वर्गमा सयौं बालिका परी बनेर घुमिरहेका देखे । सबैले सफा सेतो पहिरन लगाएका थिए । सबैका हातमा बलेको मैनबत्ती थियो ।

उनले मुनालाई पनि त्यही भिड्मा देखे । उनले छोरीलाई सम्बोधन गर्दै भने- प्यारी छोरी मुना, सबै परीको हातको मैनबत्ती बलिरहेको छ । तर, तिम्रो त निभेको छ नि ! तिमी यसलाई किन पुनः सल्काउँदिनौ ? दुःखी हुँदै मुनाले भनिन्- बाबा, म पटक-पटक यसलाई सल्काउँदा-सल्काउँदै दिक्क भइसकेँ । म जबजब मैनबत्ती सल्काउँछु, तबतब तपाईं यति धेरै रुनुहुन्छ कि तपाईंको आँसुले यो मैनबत्ती निभिहाल्छ । अब तपाईं नै भन्नुहोस् त म के गरूँ बाबा ?

यो संवाद चल्दाचल्दै उनको निद्रा खुल्यो । सपनाको दृश्य सम्झिँदा उनलाई आफ्नो गल्तीको महसुस भयो । उनले आफू दुःखी हुन्जेल छोरी पनि खुसी हुन सक्दिनन् भन्ने बुझे । अनि, उनी पुनः सामान्य जीवन जिउन थाले ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सुविधा किन दिनुपर्ने हो ?

नेताहरूले राजनीतिलाई समाजसेवा भन्ने गर्छन् । जब राजनीति समाजसेवा हो भने तिनलाई समाजसेवा गर्न पदमा रहँदाको समयमा किन तलब, भत्ता र अन्य सुविधा दिनुपऱ्यो ? अनि, पदबाट बाहिरिएपछि पनि सुरक्षाकर्मी, अनेक नामका भत्ता, सवारी साधन, त्यसमा हाल्ने इन्धन, चालक, अन्य विभिन्न सहयोगी किन दिनुपर्ने हो ? हामी जनताले त कुनै पदबाट बाहिरिएपछि यस्तो कुनै सुविधा पाउँदैनौं । पदमा रहँदा पनि नेतालाई नै बढी तलब, भत्ता र अन्य सुविधा अनि पदबाट बाहिरिएपछि पनि तिनै सुविधाले निरन्तरता पाउनुपर्ने ? आखिर समाजसेवा गर्नेलाई कित यति धेरै सुविधा दिनुपर्ने हो ? के यसलाई कटौती गर्न मिल्दैन सरकार ?

● **स्वप्निमा सन्जेल**, काँडाघारी, काठमाडौं

कांग्रेसले ठिक गऱ्यो

आफ्नो पन्ध्रौं महाधिवेशनका क्रममा काठमाडौंको खुलामञ्चमा संरक्षित दुबोमा क्षति पुगेपछि काग्रेसले आफ्नो जिम्मेवारी महसुस गर्दै त्यहाँको हरियाली फर्काउन दुबो रोप्ने काम सुरु गरेको समाचार सुनियो । कुनै पनि जिम्मेवार राजनीतिक दलले काग्रेसबाट सिक्न सक्नुपर्छ । यहाँ त महाधिवेशनका क्रममा भएका फोहोरमैलासमेत नहटाउने दल धेरै छन् । यस्तोमा चौरमा रोपिएको दुबो मासियो भने त्यसलाई जस्ताको तस्तै बनाउने अभियान सुरु गर्नु काग्रेसको सकारात्मक काम हो ।

● **सुविना कार्की**
बखुन्डोल, ललितपुर

चारै टोलीलाई बधाई

नेपाल प्रिमियर लिग (एनपिएल)को लिग चरणका सबै खेल सम्पन्न भएका छन् । लिग चरणका खेलबाट लुम्बिनी लायन्स, सुदूरपश्चिम रोयल्स, विराटनगर किंग्स र चितवन राइनोज प्लेअफ चरणमा प्रवेश गरेका छन् । प्लेअफ चरणमा पुग्न सफल यी चारै टोलीलाई उनीहरूको यस सफलताका लागि हार्दिक बधाई छ । अब बाँकी खेलमा पनि उनीहरूले उत्कृष्ट खेल क्षमता प्रदर्शन गरी आफ्नो टोलीलाई अब्बल साबित गर्न सकून्, शुभकामना छ ।

● **गरिमा महर्जन**,
कीर्तिपुर, काठमाडौं

एमाले नेतृलाई सुरक्षा सुविधा किन ?

जनताले तिरेको करबाट तलबभत्ता खाने सुरक्षाकर्मीले देश र जनताको सुरक्षा गर्ने हो कि पूर्वभिभिआइपीलाई सुरक्षा दिने भन्ने प्रश्न उब्जेको छ । कुनै पनि पूर्वभिभिआइपीलाई राज्यले जीवनभर पाल्नुपर्छ भन्ने छैन । जुन नेताको केही र कोही छैन, त्यसलाई राज्यले हेर्नु ठिकै हो । तर, जसको अथाह सम्पत्ति छ, उसलाई पनि राज्यले आजीवन पालिरहनुपर्ने हो ? नेताका छोराछोरी युरोप, अमेरिका बस्छन् । राजनीतिमै लागेर अर्बौं सम्पत्ति जोडेका छन्, उल्टो उनीहरूलाई नै राज्यले भत्ता दिएर पाल्नुपर्छ । गरिब जनता बिहान-बेलुका छाक कसरी टार्ने भनेर पिरोलिइरहेका छन् । नेताहरू भने आलिसान महलमा राज गरिरहेका छन् । तैपनि, तिनलाई सुरक्षाकर्मीदेखि भत्तासमेत राज्यले उपलब्ध गराउनुपर्ने, किन ?

पूर्वराष्ट्रपति बिद्यादेवी भण्डारी सक्रिय राजनीतिमा आइसकेपछि उनलाई हिजोको जस्तै ११ जना सुरक्षाकर्मी किन दिइयो ? सार्वजनिक कार्यक्रममा जाँदा सेना सँगसँगै गएको दृश्यले जग हँसाएको छ । भण्डारी सक्रिय राजनीतिमा आइसकेकी छिन् । तैपनि, राज्यले उनलाई दिँदै आएको सुरक्षाकर्मीको समूह किन फिर्ता गरिरहेको छैन ? कम्तीमा अहिले बनेको नयाँ दलको सरकारले त उनको सुरक्षा समूह फिर्ता गर्नुपर्ने हो । तैपनि, पुरानै दलले भैं नयाँ दल र नयाँ सरकारले पनि पुरानै व्यवस्था किन कायम राखिरहेको छ ? यससम्बन्धी नीति, नियम पुरानै सरकारले बनाएको थियो भन्ने हो भने त्यसलाई त सरकारले चुड्कीका भरमा नयाँ बनाउन सक्छ, होइन र ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

राष्ट्र संघका महासचिव चयनमा विश्वशक्तिको चासो

अहिले देखिएको तीव्र प्रतिस्पर्धा 'संयुक्त राष्ट्र संघभित्र कसको राजनीतिक प्रभाव रहने' भन्ने संघर्षको एक हिस्सा हो



देश/विदेश

● स्टेफन क्विलेन
(क्विलेन ट्युनिसिया कार्यक्षेत्र भएका पत्रकार हुन्)

संयुक्त राष्ट्र संघबाट बाहिरिँदै गरेका महासचिव एन्टोनियो गुटेरेसलाई प्रतिस्थापन गर्न चलिरहेको तीव्र प्रतिस्पर्धा अहिले अन्तिम चरणमा प्रवेश गर्दै छ । एक अपारदर्शी निर्वाचन प्रक्रियाबाट चुनिने राष्ट्र संघका महासचिव आफ्नो पक्षको होस् भनेर सुनिश्चित गर्न विश्वशक्ति राष्ट्रहरू अहिले लागिपरेका छन् । प्रतिस्पर्धामा उत्रिएका आठजना उम्मेदवारमध्येबाट एकजना ३१ डिसेम्बरअघि नै चुनिनेछन् ।

अमेरिकादेखि मध्यपूर्वसम्मका विभिन्न राष्ट्रको स्वार्थ बाझिँदा अहिलेको यो प्रक्रिया थप जटिल बनेको छ । संयुक्त अरब इमिरेट्सकी कूटनीतिज्ञ लाना नुसेइबेह र टर्कीका उम्मेदवार फेरिदुन सिनिरलिओग्लुको ढिलो प्रवेशले प्रतिस्पर्धालाई थप अनिश्चित बनाइदिएको छ । हालसम्म कुनै पनि उम्मेदवारले भिटो अधिकार भएका राष्ट्र संघ सुरक्षा परिषद् (युएनएससी)का पाँचवटै स्थायी सदस्य राष्ट्रको विरोध पार गर्न सकेका छैनन् । अहिले देखिएको लामो प्रतिस्पर्धा वास्तवमा 'राष्ट्र संघभित्र कसको राजनीतिक प्रभाव रहने' भन्ने संघर्षको एक हिस्सा हो ।

विश्वकै सबैभन्दा कठिन काम : राष्ट्र संघका महासचिवलाई कहिलेकाहीं 'धर्मनिरपेक्ष पोप' पनि भनिन्छ । परस्परविरोधी राष्ट्रलाई एकताबद्ध गर्ने र विश्वव्यापी कूटनीतिको नेतृत्व गर्ने जिम्मेवारी भएका महासचिव राष्ट्र संघका सर्वोच्च प्रशासनिक अधिकारी पनि हुन् । यस हिसाबमा उनले संघका उच्चपदस्थ अधिकारीको चयनदेखि राष्ट्र संघ सचिवालयका हजारौं कर्मचारीको सुपरिवेक्षण गर्छन् । 'महासचिव भूराजनीतिलाई कुशलतापूर्वक सम्हाल्न सक्ने राजनीतिज्ञ, विवाद समाधानमा महत गर्न सक्ने कूटनीतिज्ञ तथा मध्यस्थकर्ता र एक सक्षम तथा कुशल प्रशासक हुनुपर्छ । यसैले, यस पदलाई विश्वकै सबैभन्दा कठिन काम भन्ने गरिन्छ,' क्याम्ब्रिज विश्वविद्यालयमा अन्तर्राष्ट्रिय कानुनका प्राध्यापक जान क्लार्बर्सले भने ।

को-को छन् प्रतिस्पर्धामा : गुटेरेसको स्थान लिन हाल आठजना प्रतिस्पर्धामा छन् । राष्ट्र संघले पहिलोपटक महिला महासचिव चयन गर्नुपर्छ भन्ने आवाज उठिरहेका बेला आठमध्ये पाँच उम्मेदवार महिला छन् । मुख्य चुनावअघि 'संयुक्त राष्ट्र संघ सुरक्षा परिषद् (एनएससी)'ले उम्मेदवारको अवस्था बुझ्न गर्ने गोप्य मतदानअनुसार कोस्टारिकाकी कूटनीतिज्ञ रेबेका ग्रिनस्पान सबैभन्दा बलियो उम्मेदवार देखिएकी छिन् । तथापि, महासचिवमा उनी नै चयन हुने निश्चित भने छैन ।

राष्ट्र संघका गतिविधिबारे रिपोर्टिङ गर्ने गैरनाफामूलक संस्था 'पासब्लु'का अनुसार नोभेम्बर ५ मा सुरक्षा परिषद्ले उम्मेदवारको अवस्था बुझ्न गरेको पछिल्लो मतदान (जसमा सुरक्षा परिषद्का कुन सदस्यले कसलाई भोट दिए भन्ने खुलाइएको थिएन)मा ग्रिनस्पानले १२ 'समर्थन' र ३ 'असहमत' मत प्राप्त गरिन् । हाल 'राष्ट्र संघ व्यापार तथा विकास सम्मेलन (युएनसिटिएडी)'को नेतृत्व गरिरहेकी ग्रिनस्पानलाई 'निरन्तराताको उम्मेदवार'का रूपमा हेरिएको छ । तर, ठुलो राजनीतिक र आर्थिक दबाब झेलिरहेको संगठनमा उनले पर्याप्त सुधार ल्याउन सक्छिन् कि सक्दिनन् भन्ने विषयमा भने आशंका पनि व्यक्त भइरहेका छन् ।

अग्रणी दाबेदार भए पनि ग्रिनस्पानलाई अझै पनि सुरक्षा परिषद्का दुई स्थायी सदस्य अमेरिका र रुसले समर्थन गरेको देखिँदैन । उसो त ग्रिनस्पान अहिलेसम्म भिटो प्रयोग गर्न सक्ने देशको प्रत्यक्ष विरोधबाट जोगिँदै आएकी छिन् । तैपनि, युएनसिटिएडी प्रमुखका रूपमा उनका केही रिपोर्टले गाजा र नियन्त्रित वेस्ट बैंकमा इजरायली कदमको विरोध गरेको छ । इजरायललाई वासिंटनको पूर्ण समर्थन हुने अवस्थामा यसले उनलाई अप्ठ्यारोमा पार्न सक्छ । त्यसबाहेक विगतमा ग्रिनस्पानले कृष्ण सागरमार्फत हुने अन्न ढुवानीसम्बन्धी सम्झौता निलम्बन गर्ने रुसी औचित्यमाथि प्रश्न उठाएर मस्कोलाई चिढ्याएकी थिइन् । तथापि, अन्य उम्मेदवारले जस्तै ग्रिनस्पानले रुस र अमेरिकाको समेत समर्थन जुटाउन 'लबिङ' गरिरहेको विश्वास गरिन्छ । महासचिव निर्वाचित हुन कुनै पनि उम्मेदवारले १५ सदस्यीय सुरक्षा परिषद्बाट कम्तीमा नौ मत प्राप्त गर्नुपर्छ । तथापि, त्यसमा सुरक्षा परिषद्का पाँच स्थायी सदस्यमध्ये कसैको पनि 'भिटो' (निषेधाधिकार)को सामना गरेको हुनुहुँदैन । सुरक्षा परिषद्बाट पर्याप्त मत पाएका उम्मेदवारलाई पछि १९३ सदस्यीय राष्ट्र महासभाले अन्तिम स्वीकृति दिन्छ ।

'अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए)'का प्रमुख अर्जेन्टिनाका राफेल ग्रोसी पनि महासचिवको चुनावी दौडमा छन् । वासिंटनसँगको घनिष्ठताको छविले उनलाई भिटोप्राप्त चीन र रुसको अनुमोदन प्राप्त गर्न कठिन हुन सक्छ । यद्यपि, पछिल्लो समय उनले बेइजिङ र मस्कोप्रति सकारात्मक टिप्पणी गरेको सुनिएको छ । उता गुयानाकी कूटनीतिज्ञ क्यारोलिन रोड्रिग्स बिर्केट, 'एन्टिगुआ र बरबुडा'की कूटनीतिज्ञ मारिया फर्न

ट्रम्प, सी र पुटिनबिचको शिखर वार्ताले गर्ला त इरान र युक्रेन युद्ध अन्त्य ?

अमेरिका र रुस आफैंले रोजेको युद्धलाई चीनले पार लगाइदिने आशाका साथ ट्रम्प र पुटिन सीसँगको शिखर सम्मेलनमा सहभागी हुँदै

अर्को साता चीनमा हुने एपेक शिखर सम्मेलनका क्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, चीनका राष्ट्रपति सी जिनपिङ र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबिच त्रिपक्षीय भेटवार्ता हुँदै छ। युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्की भने कतै यो भेटवार्ता 'अर्को याल्टा सम्मेलन' हुने त होइन भनेर चिन्तित छन्। यस्तो चिन्ता व्यक्त गर्ने जेलेन्स्की एक्ला भने होइनन्।

कूटनीतिमा तपाईं वार्ताको टेबलमा हुनुहुन्न भने तपाईंका मूल्य-मान्यता वार्ताको विषय बन्न सक्ने जोखिम हुन्छ। सेन्जेनमा हुने विश्वका तीन शीर्ष नेताको शिखर सम्मेलनमा पनि युक्रेनदेखि पूर्वी युरोप र ताइवानदेखि इरानसम्मको निर्णय हुन सक्ने चिन्ता हुनु स्वाभाविक हो। आखिर पुटिनले चाहेको र ट्रम्पले समर्थन गरेको जटिल भूराजनीतिक लेनदेनमा उल्लेखित क्षेत्रले धेरै कुरा गुमाउन सक्छन्।


फेब्रुअरी १९४५ मा जोसेफ स्टालिनको आग्रहमा क्रिमियाको दक्षिणी तटमा रहेको जारशाही रिसोर्टमा अमेरिकी राष्ट्रपति फ्र्यांकलिन डी रुजवेल्ट र ब्रिटिस प्रधानमन्त्री विन्स्टन चर्चिल सम्मिलित याल्टा सम्मेलन भएको थियो। पुटिनले लामो समयदेखि याल्टा सम्मेलनको नयाँ स्वरूपको प्रस्ताव राख्दै आएका छन्। त्यसकै झल्को दिने गरी सेन्जेनमा हुन लागेको सम्मेलनमा ट्रम्प एक उत्साही पाहुनाको भूमिकामा छन्। जबकि, आयोजक देशका राष्ट्रपति सी भने परम्परागत विश्वव्यापी महाशक्तिको हैसियत अँगाल्न अनिच्छुक देखिन्छन्। तीन नेताको भेटवार्तामा के होला भनेर अहिले नै कसैले भन्न सक्ने अवस्था छैन। सम्मेलनमा सहभागिता मात्र पनि पुटिनका लागि एक प्रकारको जित हो। उनले युरोपेली संघ (इयू)भन्दा सात गुणा सानो अर्थतन्त्र हुँदाहुँदै रुसलाई अझै विश्व राजनीतिमा प्रभावशाली खेलाडीका रूपमा प्रस्तुत गरेको दाबी गर्न सक्नेछन्।



● प्याट्रिक विन्टोर
ब्रिटिस पत्रकार प्याट्रिक कूटनीतिबारे लेख्छन्

रुसका प्रमुख वार्ताकार भ्लादिमिर मेडिन्स्कीले रुसी टिभीलाई भने, 'मुख्य उद्देश्य भनेको युरोपमा बृहत्तर सुरक्षाको एक व्यापक प्रणाली सिर्जना गर्नु हो, जुन आधुनिक याल्टा बन्नेछ। यस्तो सुरक्षा प्रणाली सिर्जना गर्न सफल भयौं भने हामीले दशकौंसम्म, सायद शताब्दीसम्म नै युरोपमा अमनचैन सुनिश्चित गर्नेछौं।'

जबजब पुटिन र ट्रम्प वार्ताको टेबुलमा बस्छन्, त्यसको मारमा किभ पर्ने जेलेन्स्कीको चिन्ता छ। याल्टा सम्मेलनका क्रममा आठ दिनसम्म विश्वयुद्धका विजेता देशले युद्धपछिको संसारलाई आकार दिएका थिए। सम्मेलनमा जुनजुन देशबारे निर्णय हुँदै थियो, तिनै देशका नेता अनुपस्थित थिए। तत्कालीन अमेरिकी राष्ट्रपति रुजबेल्ट नयाँ बन्ने संयुक्त राष्ट्र संघमा रुसको निरन्तर समर्थन र जापानविरुद्ध हुन लागेको युद्धमा रुसी सहभागिता कायम गर्न चाहन्थे। बदलामा उनले पोल्यान्डमा रुसको उपस्थिति स्वीकार गरे। नाजी शासनबाट मुक्त देशमा 'सार्वभौम अधिकार र स्वशासन'को सिद्धान्त प्रबल हुनुपर्छ भन्ने विषयलाई घोषणापत्रमा समावेश गरी स्टालिनलाई हस्ताक्षर गर्न लगाई रुजबेल्टले आफ्नो विश्वासघात ढाकछोप गर्ने प्रयास गरेका थिए। स्टालिनले उक्त हस्ताक्षरको सम्मान गर्नेछन् भनेर थोरैले मात्र आशा गरेका थिए।



याल्टामा गरिएको विश्वासघातलाई लिएर अमेरिकामा केही हदसम्म लज्जाबोध कायम रहयो। यतिसम्म कि मे २००५ मा 'युरोपको विजय दिवस'को ६०औं वार्षिकोत्सवमा सहभागी हुन मस्को जाँदै गरेका राष्ट्रपति जर्ज डब्लु बुसले लात्भियामा बोल्ने क्रममा 'याल्टा सम्मेलनले दसौं लाख मानिसलाई कम्युनिस्ट बन्धनमा धकेलिदिएको' स्विकारे। 'स्थिरताका लागि स्वतन्त्रतालाई बलि चढाउने उक्त प्रयासले एउटा महादेशलाई विभाजित र अस्थिर बनाइदियो,' बुसले भनेका थिए। खासमा यही धारणा युरोपभर व्याप्त थियो। बुसले व्यक्त गरेको रिपब्लिकन धारणालाई ट्रम्पले खारेज गरिदिएका छन्। सन् २०२५ मा ट्रम्प प्रशासनले जारी गरेको राष्ट्रिय सुरक्षा दस्ताबेजमा याल्टा सम्मेलनमा 'जित्नेबिच प्रभाव क्षेत्र बाँडेको' उल्लेख गर्दै त्यसको प्रशंसा गरिएको छ। सोही दस्ताबेजमा पश्चिमी गोलार्द्धलाई अमेरिकाको प्रभाव क्षेत्र भनिएको छ। अझ प्रतिवेदनले रुस र चीनका प्रभाव क्षेत्रप्रति सम्मान व्यक्त गरेको छ।

अमेरिका र रुस आफैंले रोजेको युद्धलाई चीनले पार लगाइदिने आशाका साथ शिखर सम्मेलनमा जाँदै छन्। सी अहिले याल्टामा स्टालिनको जस्तो भूमिकामा छन्। 'सेन्टर फर चाइना एन्ड ग्लोबलाइजेसन'का अध्यक्ष तथा त्रिपक्षीय शिखर सम्मेलनका प्रारम्भिक समर्थक डा. वाङ हुइयाओले आगामी शिखर सम्मेलनमा चीन महत्त्वपूर्ण भएको तर्क गरे। उनले इरानमा बेइजिङले सुनिश्चितता प्रदान गर्न सक्ने बताउँदै यसलाई इरानी नेतृत्वले पनि स्विकार्ने बताए।

निश्चित रूपमा चीनले मध्यपूर्वमा ट्रम्पलाई उनी फसेको दलदलबाट निकाल्न मद्दत गर्न सक्छ। यसमा उसको स्वार्थ पनि छ। आखिर, चीनको तेलको असीमित माग पूरा गर्न हर्मुज जलमार्ग खुला हुनु आवश्यक छ। तर, युक्रेन युद्धका सम्बन्धमा भने उसको अडान स्पष्ट छैन। त्यस युद्धलाई चीनले मूलतः युरोपेली सुरक्षा मुद्दाको रूपमा हेर्ने गरेको छ। यस मामिलामा चीन न पुटिनलाई धोका दिन इच्छुक छ, न युरोपको सहमतिविना भएको सम्झौतालाई समर्थन गर्न नै तयार छ।

सन् २०२५ देखि चिनियाँ औद्योगिक क्षेत्रमा देखिएको अति-क्षमताको परिणामस्वरूप युरोपेली बजारमा चिनियाँ सामानको बाढी देखियो। त्यसयता युरोप आफूसँग नचिढियोस् भनेर चीन अन्य देशसँगको सम्बन्ध सुधारमा केन्द्रित छ। यस्तोमा नयाँ युरोपेली

> जबजब पुटिन र ट्रम्प वार्ताको टेबुलमा बस्छन्, त्यसको मारमा किभ पर्ने युक्रेनी राष्ट्रपति जेलेन्स्कीको चिन्ता छ। याल्टा सम्मेलनका क्रममा आठ दिनसम्म विश्वयुद्धका विजेता देशले युद्धपछिको संसारलाई आकार दिएका थिए। सम्मेलनमा जुनजुन देशका बारेमा निर्णय हुँदै थियो, तिनै देशका नेता अनुपस्थित थिए।

सुरक्षा संरचनाअन्तर्गत पुटिनको दृष्टिकोणलाई चीनले अँगालेको देखिएमा इयूको मुख्य देश जर्मनी र समग्र युरोपेली आयोग चिढिने जोखिम छ।

'उदार अन्तर्राष्ट्रियतावाद'का सिद्धान्तकार जोन इकेनबेरीलगायतले अमेरिकी राष्ट्रपतिले निरंकुश देशसँग मिलेर संसारलाई आफ्नो प्रभावमा राख्ने कार्यलाई राम्रो मानेका छैनन्। उनका विचारमा अझै पनि लोकतान्त्रिक देशबिच व्यावहारिक गठबन्धन सम्भव छ। तर, 'काउन्सिल अन फरेन रिलेसन्स'का वरिष्ठ फेलो चार्ल्स कुप्चनले भविष्यमा धेरै 'याल्टा' सम्मेलन हुने भविष्यवाणी गरे।

'हामीले भूराजनीतिक र वैचारिक विभाजन रेखा पार गर्न सिक्नुपर्छ। अहिले अमेरिका र यसका लोकतान्त्रिक सहयोगीहरू प्रमुख गठबन्धनमा बाँधिएका छैनन्। बरु चीनसँगै उदाइरहेका ठुला विकासोन्मुख देश भारत, ब्राजिल, इन्डोनेसिया, सबै प्रभाव विस्तारमा केन्द्रित छन्। तिनीहरूमध्ये धेरैको अमेरिकासँग भन्दा चीनसँग नजिकको आर्थिक सम्बन्ध छ,' कप्चनले भने, 'यस्तोमा हामीले निरंकुश देशसँग काम गर्न र उनीहरूसँग व्यवहार गर्दै अघि बढ्न सिक्नुपर्नेछ। निश्चित रूपमा त्यसको नकारात्मक जोखिम छ।'

द गार्जियनबाट

राजनीतिक पार्टीको छायामा पोल्यान्डको न्यायिक निकाय

पोल्यान्डका प्रमुख दुई राजनीतिक खेमा अहिले देशको संवैधानिक न्यायाधिकरणमा नियन्त्रण जमाउन तीव्र संघर्षरत छन्। दुवै पक्षले आफूले 'विधिको शासन'को रक्षाका लागि संघर्ष गरिरहेको दाबी गर्छन्। यस प्रक्रियामा, उनीहरूले आफ्नै नागरिकको नजरमा पोलिस राज्यको वैधतालाई कमजोर बनाएको भने हेक्का राखेका छैनन्। बरु उनीहरूको कदमले प्रत्यक्ष रूपमा पुटिनको रणनीतिक योजनालाई नै सघाउ पुऱ्याइरहेको छ।

अहिलेको विवादको जरो एक दशकभन्दा पुरानो हो। सन् २०१५ मा सत्ताबाट बाहिरिन लागेको मध्य-दक्षिणपन्थी 'सिभिक प्लेटफर्म'ले आफ्नो बहुमत रहेको संसद्मार्फत संवैधानिक न्यायाधिकरणमा न्यायाधीशहरू नियुक्त गर्ने प्रयास गऱ्यो। खासमा ती पद नियुक्ति गर्ने अधिकार नयाँ बन्ने संसद्को हुनुपर्थ्यो। यही विवाद देखाएर पछि निर्वाचित भएर आएको रुढिवादी 'ल एन्ड जस्टिस' पार्टीको सरकारले स्वतन्त्र न्यायाधीशको सट्टा आफ्ना दलका मानिसलाई न्यायाधिकरणमा भर्ती गर्ने प्रयासलाई तीव्र बनायो।

अहिले दश वर्षपछि पुनः सत्तामा फर्किएको 'सिभिक प्लेटफर्म'ले संवैधानिक न्यायाधिकरणमा नयाँ न्यायाधीश ल्याउने प्रयास गरिरहेको छ। तर, 'ल एन्ड जस्टिस'सँग निकट रहेका वर्तमान राष्ट्रपति कारोल नावरोकी र न्यायाधिकरणको नेतृत्वले भने सरकारले नियुक्त गरेका न्यायाधीशहरूलाई पदभार ग्रहण गर्नबाट रोकिरहेका छन्। तनावबिच गत महिना नवनियुक्त न्यायाधीशमध्ये एकजनाले न्यायाधिकरणका अध्यक्ष र उपाध्यक्षलाई निलम्बन गर्न आदेश दिए। आदेश कार्यान्वयन गर्न न्यायाधिकरण भवनमा प्रहरी परिचालन गरियो। राष्ट्रपति नावरोकीले यस कदमलाई 'बलपूर्वक कब्जा'को संज्ञा दिए। प्रधानमन्त्री डोनाल्ड टस्कले यसलाई 'कानुनको शासन पुनर्स्थापना गर्ने प्रयास' भन्दै बचाउ गरे।




छिमेकी रुसले भने पोल्यान्डमा जारी टकरावलाई संस्थाहरूको वैधतामाथि शंका उब्जाउने मौकाको रूपमा प्रयोग गरिसकेको छ। नोभेम्बर ३ मा रुसका पूर्वराष्ट्रपति दिमित्री मेद्भेदेवले न्यायाधिकरणमाथिको प्रहरी हस्तक्षेपलाई 'कु'को संज्ञा दिए।

उसो त एक दशकअघि रुढिवादी 'ल एन्ड जस्टिस' पार्टीको सरकारले कानुनी सीमा उल्लंघन गर्दै संवैधानिक न्यायाधिकरणमा आफ्ना दलका मानिस भर्ने प्रयास गरेको थियो। आज, मध्य-दक्षिणपन्थी 'सिभिक प्लेटफर्म' र उदारवादी वामपन्थीहरूको गठबन्धन सरकारले उही पुरानो गैरकानुनी काम दोहोऱ्याइ रहेका छन्। यस प्रकरणले पोल्यान्डका मुख्य राजनीतिक दल एक-अर्काको दुरुस्त प्रतिविम्बजस्तै बन्दै गएको देखाउँछ।

रुढिवादी 'ल एन्ड जस्टिस' पार्टीले आफ्ना समर्थकलाई 'कानुनी शासन'को रक्षा गर्न सडकमा उत्रिन आह्वान गरिरहेको छ। रोचक कुरा के छ भने 'ल एन्ड जस्टिस' सत्तामा हुँदा त्यतिबेला यही विषयलाई विपक्षी मोर्चामा रहेका उदारवादीले उठाएका थिए।

अहिले भने उदारवादी प्रधानमन्त्री डोनाल्ड टस्कले 'शक्तिशाली नेता'को भूमिका निर्वाह गरिरहेका छन्। उनले संवैधानिक न्यायाधिकरणको भवनवरपर बलियो प्रहरी तैनाथ गरेका छन्।



● मातेउज पियोत्रोब्स्की
वार्सा विश्वविद्यालयका राजनीतिशास्त्री पियोत्रोब्स्की 'रिफर्म एन्ड सोलिडारिटी सेन्टर'का अध्यक्ष पनि हुन्।

> रुढिवादी 'ल एन्ड जस्टिस' पार्टीको सरकारले स्वतन्त्र न्यायाधीशको सट्टा आफ्ना दलका समर्थकलाई अदालतमा भर्ती गर्ने प्रयासलाई तीव्र पारेको छ

छिमेकी मुलुकका कारण उत्पन्न सुरक्षा चुनौतीले चिन्तित छन्। तर, नेता भने आममानिसको चासोलाई बेवास्ता गर्दै आफ्नै स्वार्थको लडाइँमा व्यस्त देखिएका छन्।

एक दशकअघि भएका विरोध प्रदर्शनको तुलनामा सबैभन्दा ठुलो परिवर्तन भनेको भूराजनीतिक सन्दर्भमा आएको बदलाव हो। अहिले पोल्यान्डको एउटा छिमेकी युक्रेनमाथि अर्को छिमेकी रुसले पूर्णस्तरीय आक्रमण गरिरहेको छ। त्यसबाहेक रुसले विश्वमञ्चमा पोल्यान्डको स्थिति कमजोर पार्ने उद्देश्यले पोल्यान्डभित्रै पनि 'हाइब्रिड' तथा सूचनाजन्य युद्ध चलाइरहेको स्पष्ट संकेत देखिन्छ।

सबैभन्दा खराब अवस्थामा पोल्यान्डमा अहिलेको राज्य संस्थाको वैधतामाथिको यो संघर्ष आगामी चुनावसम्म फैलिन सक्छ। यदि स्थिति बिग्रियो भने पोल्यान्डसहित मध्य र पूर्वी युरोपेली देशमा उदारवादी संस्थापनले समेत चुनावी परिणामलाई इन्कार गर्ने सम्भावना बढेको छ। जसमा अदालतले सामाजिक सञ्जाल अभियानमार्फत विदेशी हस्तक्षेपको नाममा चुनावी परिणाम नै रद्द गर्न सक्छ। यसको उदाहरण रोमानियामा देखिइसकेको छ। त्यहाँ डिसेम्बर ६, २०२४ मा, संवैधानिक अदालतले कथित विदेशी हस्तक्षेप र चुनावी अभियानमा अनियमितताबारे गोप्य रिपोर्ट बाहिरिएपछि राष्ट्रपति चुनाव नै रद्द गऱ्यो र चुनावी प्रक्रिया दोहोऱ्याउन आदेश दियो।

अर्कोतर्फ, विपक्षीहरू बढ्दो रूपमा व्यवस्थाविरोधी बन्न सक्छन्। परिणामस्वरूप तिनले आफूलाई प्रभावकारी रूपमा राज्यका संस्थालाई अवैध घोषित गर्ने जोखिम बढ्छ। विदेशी हस्तक्षेप आरोप मात्र नभई वास्तविक नै हुन सक्ने तथ्यले समस्या झनै बढ्नेछ। यी दुई परस्परविरोधी शक्तिले लोकतान्त्रिक मार्गलाई थप साँघुरो बनाइरहेका छन्।

एकातिर, विदेशी महाशक्तिद्वारा नियन्त्रित सामाजिक सञ्जाल प्लेटफर्मले 'अल्गोरिदम'को माध्यमबाट जनताको भावनालाई हेरफेर गर्दै राज्यमा अविश्वास बढाउँदै छन्। अर्कोतिर, सत्ताधारी दलको अधीनस्थ रहने अदालतले राज्यमाथिको विश्वास कमजोर बनाइदिन्छ। यी दुवै परिघटनाले नागरिकको आत्मनिर्णय क्षमतालाई कमजोर बनाइदिन्छ।

विश्लेषकले यस गतिशीलतालाई अझै पनि इयूउन्मुख उदारवादी र 'ल एन्ड जस्टिस'को अमेरिकी रिपब्लिकन समर्थित रुढिवादीबिचको पुरानै दुईदलीय संघर्षको नयाँ चरणको रूपमा हेरिरहेका छन्। तर, यस प्रतिद्वन्द्वितामा अहिले रुस तथा चीन-प्रेरित शक्तिदेखि कथित रूपमा संस्थापनविरोधी कट्टरपन्थी इन्फ्लुयन्सर र पक्षधर (जसमा युरोप र अमेरिकीविरोधी दुवै छन्) राज्यलाई विदेशी मतियारको रूपमा चित्रण गर्न खोज्दै छन्।

अहिलेको खतरा खालि संवैधानिक न्यायाधिरणमा एउटा राजनीतिक समूहको सट्टा अर्को समूह हाबी हुन्छ कि भन्ने मात्र होइन। बरु, दुवै पक्षले राज्यका संस्थाको वैधतालाई कमजोर बनाउँदै लैजाँदा, पोल्यान्डका धेरै नागरिकले ती संस्थालाई 'आफ्नो' भनेर ठान्न छोड्न सक्छन्। यस प्रक्रियामा कुनै एउटा विशेष सरकारको अधिकार मात्र कमजोर भइरहेको छैन, बरु नागरिक र स्वयं राज्यबिचको सम्बन्ध नै कमजोर हुँदै गइरहेको छ। पोल्यान्डको स्थितिलाई कमजोर बनाउने यस्तो आत्मघाती चक्रबाट पुटिनभन्दा बढी खुसी अरू कोही हुन सक्दैन। तर, अहिलेको राजनीतिक शक्तिबाट देशले कुनै सुधार वा समाधान हासिल गर्ने सम्भावना भने देखिँदैन।

अलजजिराबाट

इतिहासमा आज

नोभेम्बर १७



सन् १९८९ : बर्लिनको पर्खाल ढलेको एक सातापछि चेक गणतन्त्रको राजधानी प्रागमा विद्यार्थीको विशाल प्रदर्शन। अन्तर्राष्ट्रिय विद्यार्थी दिवसको स्मरणमा गरिएको प्रदर्शनलाई प्रहरीले हस्तक्षेप गरेको थियो। हस्तक्षेपको विरोधमा भएको देशव्यापी आमहडतालपछि पूर्वचेकोस्लाभियामा कम्युनिस्ट सत्ता ढलेको थियो।

● **सन् १५५८** : मेरी प्रथमको मृत्युपछि एलिजाबेथ ट्युडर एलिजाबेथ प्रथमको रूपमा बेलायतको सिंहासनको उत्तराधिकारी बनिन्।

● **सन् १८००** : अमेरिकी कंग्रेसको पहिलो बैठक वासिंटन डिसीमा आयोजना भयो।

● **सन् १८६९** : भूमध्यसागरलाई लालसागरसँग जोड्ने सुएज नहरको उद्घाटन।

● **सन् १९६९** : सोभियत र अमेरिकी वार्ताकारबिच रणनीतिक हतियार सीमा वार्ता (एसएएलटी) सुरु। यो वार्ता शीतयुद्धको हतियार दौडलाई रोक्ने माध्यमसम्बन्धी दुई राष्ट्रबिच वर्षौंदेखि चलिरहेको छलफलको उत्कर्ष थियो।

● **सन् १९७३** : जर्जियोस पापाडोपोलोसको नेतृत्वमा रहेको सैन्य जुन्टाविरुद्धको विरोध प्रदर्शन नोभेम्बर १४ मा सुरु भएको थियो। नोभेम्बर १७ को बिहान सेनाले ट्यांक प्रयोग गरेर क्याम्पसपरिसरमा आक्रमण गरेपछि विरोध प्रदर्शन अन्त्य भयो।

हसिनाको गृहजिल्लामा अबामी लिगका कार्यकर्ताको हिंस्रक प्रदर्शन



ढाका/ डिसेम्बरमा स्वदेश फर्कने योजना सार्वजनिक गरेपछि बढेको राजनीतिक तनावबिच बंगलादेशकी अपदस्थ प्रधानमन्त्री सेख हसिनाको 'आबामी लिग' पार्टीका समर्थकले उनको गृहजिल्ला गोपालगन्जमा हिंस्रक प्रदर्शन गरेका छन्। प्रदर्शनकारीले प्रहरीका सवारी साधन र संरचनामा आक्रमण गरेका छन्। अगस्ट २०२४ मा विद्यार्थीको नेतृत्वमा भएको आन्दोलनका कारण आफ्नो सरकार ढलेपछि बंगलादेश छाडेर भारतमा बस्दै आएकी हसिनाको प्रस्तावित फिर्तीलाई लिएर देशमा पुनः तनाव चुलिएको छ।

आन्दोलनकारीमाथि दमनका क्रममा मानवताविरुद्धको अपराध गरेको ठहर गर्दै बंगलादेशको 'अन्तर्राष्ट्रिय अपराध न्यायाधीकरण'ले नोभेम्बर २०२५ मा सेख हसिनालाई मृत्युदण्डको सजाय सुनाएको थियो। उनले आफूमाथि लगाइएका आरोप र उक्त न्यायिक प्रक्रियालाई अस्वीकार गरेकी छिन्। ७९ वर्षीया हसिनाले डिसेम्बरमा बंगलादेश फर्किएर कानुनी प्रक्रियाको सामना गर्न चाहेको बारम्बार बताउँदै आएकी छिन्। बंगलादेश सरकारले द्विपक्षीय सन्धिअन्तर्गत भारतबाट उनलाई सुपुर्दगी गराउन पहल गरिरहेको छ। साथै, हसिनाको तर्फबाट लन्डनस्थित एक कानुन व्यवसायी संस्थाले उनको फिर्तीका लागि राहदानी उपलब्ध गराउन गरेको अनुरोधलाई पनि बंगलादेश सरकारले अस्वीकार गरेको छ।

कानुनमन्त्री मोहम्मद असदुज्जमानले बताएअनुसार बंगलादेशले हसिनाको फिर्ती सुनिश्चित गर्न आवश्यक कानुनी प्रक्रिया पूरा गरिसकेको छ। अब यससम्बन्धी निर्णय भारतको हातमा छ। भारतले बंगलादेशबाट सुपुर्दगीका लागि अनुरोध प्राप्त भएको कुरा स्वीकार गरेको छ, तर यससम्बन्धी कुनै निर्णय भने सार्वजनिक गरेको छैन।

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार १ मंसिर ०८३

■ उपयोगी बन्दै बकैयाको कृषि औद्योगिक ग्राम

प्रांगारिक मल उत्पादन र ५० टन क्षमताको शीतभण्डार सञ्चालन गर्ने तयारी

मकवानपुरमा **पोष्टराज अधिकारी**

पशुपालनको लागत घटाउन र कृषि उत्पादनले बजार नपाउने समस्या समाधान गर्न मकवानपुरको बकैया गाउँपालिकाले सञ्चालनमा ल्याएको कृषि औद्योगिक ग्राम स्थानीय किसानका लागि उपयोगी बन्दै गएको छ। गाउँपालिकाले आफ्नै लगानीमा स्थापना गरेको औद्योगिक ग्रामबाट उत्पादन भइरहेको साइलेज प्रतिकिलो सात रुपैयाँमा उपलब्ध गराउन थालेपछि पशुपालन गर्ने किसानलाई राहत पुगेको हो।

बकैया गाउँपालिका- ७, हात्तीखोलास्थित औद्योगिक ग्राममा यस वर्ष उत्पादन भएको साइलेज सबै गाउँपालिकाभित्रै खपत भएको अध्यक्ष धर्मराज लामिछानेले जानकारी दिए। उत्पादन लागत प्रतिकिलो ११ देखि १२ रुपैयाँ पर्ने भए पनि गाउँपालिकाले अनुदान दिएर सात रुपैयाँमा बिक्री गरिरहेको छ। मागअनुसार साइलेज पुऱ्याउन नसकिएको र उपलब्ध उत्पादन सबै किसानलाई मिलाएर वितरण गर्नुपरेको उनको भनाइ छ।



'हामीले उद्योग नाफा कमाउन सञ्चालन गरेका होइनौं। स्थानीय किसानलाई गाईभैंसी पाल्न सहज होस्, दुध उत्पादन बढोस् र आर्थिक रूपमा आत्मनिर्भर बनून् भन्ने उद्देश्यले औद्योगिक ग्राम सुरु गरेका हौं,' उनले भने, 'उत्पादन गर्न ११-१२ रुपैयाँ लागत परे पनि किसानलाई सात रुपैयाँमै दिँदै आएका छौं। अनुदान थप्दा हामीलाई घाटा नै हुन्छ। तर, किसानलाई सहज भएको छ।'

औद्योगिक ग्राममा हरियो मकैको बोट प्रशोधन गरेर साइलेज उत्पादन गरिन्छ। मकैको सिजनमा मात्रै उत्पादन गर्न सकिने भएकाले वर्षभरि साइलेज बनाउन सम्भव हुँदैन। गाउँपालिकाले किसानबाट मकै र मकैको बोट खरिद गरी पशु आहार तयार गर्दै आएको छ। साइलेजमा अनुदान दिइए पनि पशुदानामा भने अनुदान दिइएको छैन। दाना उत्पादनका लागि आवश्यक मकै स्थानीय किसानबाटै खरिद गर्ने गरिएको छ भने अन्य कच्चा पदार्थ बाहिरबाट ल्याउने गरिएको अध्यक्ष लामिछानेले बताए। दाना पनि मुख्य रूपमा पालिकाभित्रै खपत हुने गरेको छ।

गाउँपालिकाले किसानको मकैलाई बजार सुनिश्चित गर्न गर्त वर्ष प्रतिकिलो ३५ रुपैयाँ न्यूनतम समर्थन मूल्यसमेत निर्धारण गरेको थियो। पालिकाभित्र करिब एक सय ४० बिघा क्षेत्रफलमा मकैखेती हुँदै आएको छ। राष्ट्रिय योजना आयोगको ५० लाख रुपैयाँ सहयोग र गाउँपालिकाको करिब पाँच करोड रुपैयाँ लगानीमा औद्योगिक ग्राम स्थापना गरिएको हो। बागमती प्रदेश सरकारबाट पनि साइलेज उत्पादनका लागि उपकरण र आर्थिक सहयोग प्राप्त भएको छ। उद्योग सञ्चालनबाट प्रत्यक्ष रूपमा ३० जनाले रोजगारी पाएको अध्यक्ष लामिछानेको भनाइ छ।

यस्तै, रासायनिक मलको अत्यधिक प्रयोगबाट माटोको गुणस्तरमा परेको असर कम गर्न औद्योगिक ग्राममाटै प्रांगारिक मल उत्पादन गर्ने तयारी गरिएको छ। किसानलाई साइलेज र प्रांगारिक मल आफैं उत्पादन गर्न आवश्यक तालिमसमेत दिइने अध्यक्ष लामिछानेले बताए।

किसानले उत्पादन गरेको तरकारी तथा अन्य कृषिउपज भण्डारण गर्न औद्योगिक ग्राममा ५० टन क्षमताको शीतभण्डार निर्माण भइरहेको छ। मंसिर मध्यतिर शीतभण्डार सञ्चालनमा ल्याउने लक्ष्य रहेको अध्यक्ष लामिछानेले बताए। शीतभण्डार सञ्चालन भएपछि तत्काल बिक्री गर्नुपर्ने बाध्यता कम हुने र उचित मूल्य पाउने समयमा कृषिउपज बिक्री गर्न सकिने अपेक्षा गरिएको उनको भनाइ छ।

साइलेज, दाना, टिएमआर, प्रांगारिक मल र शीतभण्डारलाई एउटै औद्योगिक ग्राममा जोडेर गाउँपालिकाले कृषि उत्पादनदेखि पशुपालन र बजारीकरणसम्म किसानलाई सहयोग गर्ने योजना अघि बढाएको अध्यक्ष लामिछानेले जानकारी दिए।

■ आजबाट मासु जाँच ऐन कार्यान्वयनमा

सरकारको तयारी फितलो, उपत्यकाका पाँच वधशालाबाट सुरु गरिँदै

दुई सय २७ मासु निरीक्षकको सूची तयार, तर मासुको परीक्षण गर्ने र पसलसम्म छाप लगाएको मासु कसरी पुऱ्याउने भन्नेबारे निरीक्षक नै अनभिज्ञ

पशुसेवा विभागका महानिर्देशक **उमेश दाहाल** भन्छन्-



मंगलबारबाट प्रारम्भिक रूपमा मासु जाँच ऐनको कार्यान्वयन सुरु हुन्छ। अनि बिस्तारै कडाइका साथ लागू गर्छौं। मंगलबार बिहान पाँचवटा वधशालाबाट मात्रै स्वास्थ्यकर मासु निरीक्षण गरी बजार पठाउने योजना रहेको छ। ऐनले प्रदेश सरकारबाट सुपरभाइजर तोक्नुपर्ने व्यवस्था गरेको छ। बागमती प्रदेशको कृषि मन्त्रालयबाट प्रस्ताव तयार भई प्रदेश मन्त्रिपरिषद्मा पुगेको भन्ने थाहा पाएका छौं, तर मन्त्रिपरिषद् बैठक नबस्दा निर्णय हुन सकेको छैन।

नेपाल भेटेरिनरी एसोसिएसनका पूर्वअध्यक्ष **शीतलकाजी श्रेष्ठ** भन्छन्-



पूर्वतयारीविनै ऐन लागू गर्न खोज्दा सुरुवात सोचेअनुसार हुन सकेको छैन। आवश्यक पूर्वाधारविना ऐन लागू गर्न हतार नगरौं भनेर हामीले सुझाव दिएका थियौं, तर सरकारी अधिकारीले सुनेनन्। अहिले एक प्रतिशत पनि पूर्वाधार तयार नभई ऐन लागू गर्न खोजिएको छ। यसलाई जनस्वास्थ्यप्रति सरकारले खेलबाड गरेका रूपमा बुझ्नुपर्छ। पूर्वाधारविनै ऐनको सुरुवात गर्दा पछि सुधार गर्न पनि गाह्रो हुन सक्छ।

अजित अधिकारी/नयाँ पत्रिका

१ मंसिरबाट उपत्यकामा सरकारी छाप लागेको स्वास्थ्यकर मासु मात्र बिक्री-वितरणमा ल्याउने सरकारी तयारी अत्यन्तै कमजोर देखिएको छ। चार सयभन्दा बढी वधशाला रहेको उपत्यकामा पाँचवटामा मात्रै निरीक्षण गरिने पशुसेवा विभागले जनाएको छ।

गत भदौमा कृषि, वन तथा पर्यावरण मन्त्री गीता चौधरीले उपत्यकाका सबै स्थानीय तहसँगको बैठकपछि १ मंसिरबाट उपत्यकाभित्रका वधशाला र वधस्थलमा स्वास्थ्यकर चौपाया मात्र वध हुने र सबै पसलमा सरकारी छाप लागेको स्वास्थ्य मासु मात्रै बिक्री गरिने बताएकी थिइन्। तर, उनको यो निर्णय कार्यान्वयन गर्ने पशुसेवा विभागको तयारी यति फितलो भयो कि मासुमा छाप लगाउन प्रयोग हुने उपभोगयोग्य मसीसमेत पर्याप्त मात्रामा आयात भएको छैन।

विभागले उपत्यकाका सबै स्थानीय तहमा खटिने दुई सय



काठमाडौं महानगरपालिकाको अनुदानमा सञ्चालित टेकुस्थित चौपाया वधशाला।

२७ मासु निरीक्षकको सूची तयार गरे पनि उनीहरूका लागि सञ्चालन गर्नुपर्ने आधारभूत कार्यशाला अहिलेसम्म राखिएको छैन। जसकारण वधशाला पुगेर के-कसरी मासुको परीक्षण गर्ने र पसलसम्म छाप लगाएको मासु कसरी पुऱ्याउने भन्नेबारे निरीक्षक नै अनभिज्ञ छन्। 'मलाई वधशालामा वध हुने चौपायाको जाँचबुझ गर्ने गरी मासु निरीक्षक तोकिएको पत्र प्राप्त भएको छ। त्यसपछि, अहिलेसम्म कुनै समन्वय भएको छैन,' एक भेटेरिनरी डाक्टरले भने, 'वधशाला कहाँ-कहाँ छ भन्ने पनि थाहा छैन। के-कसरी निरीक्षण गर्नुपर्ने भनेर ऐनअनुसार प्रदान गर्नुपर्ने अभिमुखीकरण पनि दिइएको छैन।' अहिलेसम्मको अवस्थामा १ मंसिरदेखि नै वधशाला पुगेर मासु निरीक्षण गर्न सक्ने अवस्था नरहेको उनको भनाइ छ।

पशु वधशाला तथा मासु जाँच ऐन, ०५५ कार्यान्वयनका लागि विभागले मासु निरीक्षक तोक्नेबाहेक अन्य कुनै पनि काम गर्न नसकेको ती भेटेरिनरी डाक्टरले बताए। निरीक्षकभन्दा माथिल्लो तहमा रहने गरी 'मासु सुपरभाइजर'समेत तोकिएको छैन। ऐनले निजामती कर्मचारीलाई सुपरभाइजर तोक्नुपर्ने व्यवस्था गरेको छ। ऐन कार्यान्वयनका लागि निरीक्षक र सुपरभाइजर तोक्नुपर्ने आधारभूत सर्त हो। तर, यस्तो आधारभूत सर्तसमेत पूरा नगरी प्रारम्भिक रूपमा ऐन लागू गर्ने विभागको तयारी छ।

विभागका महानिर्देशक उमेश दाहालले भने मंगलबारबाट सुरुवात गर्ने र बिस्तारै कडाइका साथ लागू गर्ने बताए। 'मंगलबारबाट प्रारम्भिक रूपमा मासु जाँच ऐनको कार्यान्वयन सुरु हुन्छ। अनि बिस्तारै कडाइका साथ लागू गर्छौं,' उनले भने। भदौयता ऐन लागू गर्न तोकिएको सर्त पूरा गर्न विभागले ढिलाइ गर्दा सुरुवात नै खल्लो हुन पुगेको हो। उपत्यकामा १६ सयभन्दा बढी मासु पसल र ४ सयभन्दा बढी वधशाला रहेको अनुमान छ।

दाहालले मासु निरीक्षक तोकिएको, तर सुपरभाइजर तोक्ने काममा विलम्ब भएको स्विकारे। 'ऐनले प्रदेश सरकारबाट सुपरभाइजर तोक्नुपर्ने व्यवस्था गरेको छ। बागमती प्रदेशको कृषि मन्त्रालयबाट प्रस्ताव तयार भई प्रदेश मन्त्रिपरिषद्मा पुगेको भन्ने थाहा पाएका छौं, तर मन्त्रिपरिषद् बैठक नबस्दा निर्णय हुन नसकेको हो,' उनले भने।

पशु चिकित्सकको संस्थान नेपाल भेटेरिनरी एसोसिएसनका पूर्वअध्यक्ष शीतलकाजी श्रेष्ठले पूर्वतयारीविनै ऐन लागू गर्न खोज्दा सुरुवात सोचेअनुसार हुन नसकेको बताए। उनले भने, 'अहिले एक प्रतिशत पनि पूर्वाधार तयार नभई ऐन लागू गर्न खोजिएको छ। यसलाई जनस्वास्थ्यप्रति सरकारले खेलबाड गरेका रूपमा बुझ्नुपर्छ।'

■ २८ वर्ष कुरेर लागू गर्दा पनि छैन पूर्वाधार

मरेका कुखरा काटेको, रोगी राँगाभैंसी वध गर्नेदेखि बाख्राको मासुलाई खसी भनेर बेच्ने गरेका गुनासो बजारमा आउने गरेका छन्। यस्तो विकृति अन्त्य गरी स्वास्थ्य मासु बजारमा उपलब्ध गराउने उद्देश्यले मासु जाँच ऐनअनुसार आधुनिक वधशाला बनाउने र सरकारी अधिकारीको निरीक्षणपछि मात्रै पसलबाट मासु बिक्री गराउने सरकारी योजना हो। तर, अहिलेसम्म उचित पूर्वाधारसमेत नबनेकाले ऐनको कार्यान्वयनमै प्रश्न उठेको छ।

उपत्यकामा वधशाला र मासु पसल कति छन् भन्ने यकिन तथ्यांक छैन। भदौमा ऐन लागू गर्ने निर्णय गरेयता दर्ता र नवीकरणलाई समेत चासो दिइएको छैन। वडाको सिफारिसमा नगरपालिकाले वधशाला र मासु पसल दर्ता गर्ने व्यवस्था छ। पशुसेवा विभागका महानिर्देशक उमेश दाहालले स्थानीय तहको सहयोग लिएर सरकारी छापसहितको मासु बजारमा पठाउने बताए।

■ यसरी हुन्छ निरीक्षण

बिहान तीन-चार बजे नै मासु निरीक्षक वधशाला पुग्छन्। त्यहाँ रहेका चौपायाको स्वास्थ्य परीक्षण गरेर वधका लागि स्वीकृति दिन्छन्। त्यसपछि आवश्यक प्रक्रिया पूरा गरेर मासु वध भइसकेपछि पुनः निरीक्षकले मासुको परीक्षण गर्छन्। त्यस क्रममा मासु स्वास्थ्यकर रहेको देखिए सबै भागमा पर्ने गरी सरकारी छाप निरीक्षकले नै लगाइदिन्छन्। यस्तो छाप मासु पसलका पुगेका उपभोक्ताले समेत देख्न मिल्ने गरी धेरै ठाउँमा लगाइने विभागले जनाएको छ। मासुको साना-साना टुक्रामा समेत देखिने बाक्लो संख्यामा छाप लगाइने विभागले जनाएको छ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-५३६०६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

हाइपोथिकेशन लिखत गरी दिएको सामान मौज्दात लिलाम बिक्री बोलपत्र आह्वान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले उपयोग गर्नुभएको ऋण कर्जा बैंकसँगको कर्जा सम्झौताको शर्त बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नुभएको र मिति २०७७/११/०४ गतेको राष्ट्रियस्तरको दैनिक पत्रिका "अन्नपूर्ण पोष्ट" मा ऋण कर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा विभिन्न मितिको राष्ट्रियस्तरको दैनिक पत्रिकामा धितो लिलाम बिक्रि सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गर्दा समेत धितो सुरक्षणमा रहेको सम्पत्ती बिक्री नभएको र ऋणी तथा जमानतकर्ताले समेत उक्त कर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुदाँ ऋणीले बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नुभएकोले सो ऋण कर्जाको सुरक्षण बापत धितो लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधीनमा रही जोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि पुनः यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पत्ति जोप्य शिलबन्दी बोलपत्र मार्फत् खरीद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको कर्जा असुली विभाग, त्रिपुरेश्वर, काठमाण्डौमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै हाइपोथिकेशन लिखत गरी दिएको सामान लिलाम बिक्रीको लागि बोलपत्र सूचना मार्फत खरिद गर्न ईच्छुक बोलपत्रदाताहरुलाई अवलोकनको लागि तपसिलको मिति, समय र स्थानमा उपस्थित भई अवलोकन गर्नुहुन यसै सार्वजनिक सूचना मार्फत आव्हान गरिन्छ । प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने ब्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता नं. १९३४२ ९/०७५/०७६ अन्तर्गत मिति २०७५/०४/०३ मा कम्पनी ऐन २०६३, बमोजिम दर्ता भएको पर्सा जिल्ला, पर्सागढी न.पा. वडा नं. ४ स्थित **मन पसन्द बेभरेज नेपाल प्रा.लि.** **संचालकहरु** **१) अनिल कुमार व्याहुत, २) बबिता देवी व्याहुत**
	धितोको विवरण
	मन पसन्द बेभरेज नेपाल प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती उपर हाइपोथिकेशन सुरक्षणमा रहेको मिति २०७९/१०/२५ गतेको मुचुल्का बमोजिमका मौज्दात तथा मेशिनरीहरु
	जमानीकर्ताहरुको विवरण
	१) बबिता देवी व्याहुत ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १२ बाबु: विरेन्द्र प्रसाद ससुरा: मदन कुमार कलवार पति: अनिल कुमार व्याहुत **२) मदन कुमार कलवार** ठेगाना: पर्सा जिल्ला, विरगंज म.न.पा. वडा नं. १२ बाबु: लखन लाल कलवार बाजे: राम नारायण साह कलवार **३) अनिल कुमार व्याहुत** ठेगाना: पर्सा जिल्ला, विरगंज म.न.पा. वडा नं. १२ बाबु: मदन कुमार कलवार बाजे: लखन लाल कलवार

नोट: ऋणी तथा प्रोप्राइटर बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नाम ऋणी तथा प्रोप्राईटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु.१०००।-(अक्षेरेपी एक हजार रुपैयाँ मात्र) तिरी प्राप्त गर्न सकिनेछ ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।
३) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको कर्जा असुली विभाग, त्रिपुरेश्वर, काठमाण्डौमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितोजमानीकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
४) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
५) गोदाममा रहेका लिलाम बिक्रि गरिने मालसामानको विवरण बोलपत्रमा उल्लेख गरिनेछ ।

बिक्रिमा रहेको सम्पतिको स्थान पहिचानको लागि GoogleMap

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम् उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहिँ कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईएको छ ।

तीन महिनामा ६४ खाद्य उद्योगविरुद्ध मुद्दा

काठमाडौं/ खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले चालू आर्थिक वर्ष ०८३/८४ को पहिलो त्रैमासमा ६४ खाद्य उद्योगविरुद्ध विभिन्न जिल्ला अदालतमा मुद्दा दायर गरेको छ। विभागका महानिर्देशक सञ्जीव कर्णका अनुसार खाद्य स्वच्छता तथा गुणस्तर ऐन, ०८१ अनुसार न्यून गुणस्तर र दूषित पदार्थ मिसावट भएको कसुरमा विभिन्न खाद्य पदार्थ उत्पादन गर्ने उद्योगविरुद्ध मुद्दा दायर भएको हो।

विभागका अनुसार उद्योग दर्ता र सञ्चालन भएको सम्बन्धित जिल्लाकै अदालतमा मुद्दा दायर हुने गरेको छ। विभागले खुजरीको ब्रान्डको पफ, शंकर खाद्य स्टोरको मसला, एलिजा इजी ट्रेड लिंकको पिरो कागती क्यान्डी, धनुषा डिस्टिलरी प्रालिको मुस्ताङ गोल्ड ब्रान्डको मदिराविरुद्ध सम्बन्धित उद्योग रहेको जिल्लामा मुद्दा दायर गरेको छ। विभिन्न मसला उद्योगविरुद्ध भने अखाद्यवस्तुको मिश्रण गरेको कसुरमा मुद्दा दायर गरिएको छ।

विभागले कुखुराको दाना उत्पादन गर्ने दर्जनभन्दा बढी उद्योगविरुद्ध तोकिएको मापदण्डभन्दा न्यून गुणस्तरको कच्चा पदार्थ मिश्रण गरेको आरोपमा मुद्दा दायर गरेको छ। ब्रोइलर कुखुराको दाना उत्पादनमा कैफियत फेला परेपछि विभागले विश्व दाना उद्योग, शुक्ला गण्डकी एग्रिकल्चर, अनमोल फिड्स प्रालि, बुस्टर फिड इन्डस्ट्रिज, रोयल फिड इन्डस्ट्रीजलगायत विरुद्ध मुद्दा दायर गरेको छ।

त्यस्तै, आयातित तोरीको दानाबाट तेल उत्पादन गर्दै आएको भैरहवास्थित गोविन्द आयल इन्डस्ट्रिजविरुद्ध पनि जिल्ला अदालत, रुपन्देहीमा मुद्दा दायर भएको छ। तेलको गुणस्तर तोकिएअनुसार नभएको पाएपछि विभागले मुद्दा दायर गरेको हो।

त्यस्तै, एबिसी वाटर प्रोडक्सन, कञ्चन मिनरल वाटर, ड्युु ड्रप ड्रिकिङ वाटर इन्डस्ट्रिज, राम सिक्किल इन्डस्ट्रिज, बोसी गाउँ फुड एन्ड फ्रेस ड्रिकिङ वाटर प्रालि र श्याम ड्रिकिङ वाटरविरुद्ध पनि मुद्दा दायर भएको छ। बोतल र जारमा उपलब्ध प्रशोधित पानीमा विभिन्न हानिकारक कीटाणु भेटिएकाले विभागले मुद्दा दायर गरेको जनाएको छ।

भटमास र सूर्यमुखीको तेल उत्पादन गर्दै आएको नवलपरासीको कालिका रिफाइनरी प्रालिविरुद्ध पनि लेबलमा उल्लेख भएअनुसारको गुणस्तरको तेल नभएको पाएपछि विभागले खाद्य ऐनअनुसार कारबाहीको माग गर्दै मुद्दा दायर गरेको छ।

निर्जीवन बिमामा जेन-जी आन्दोलनपछि भोटेकोशी बाढीको धक्का

पहिलो त्रैमासमा सवा अर्ब घाटा


मिलन विश्वकर्मा/नयाँ पत्रिका

१० भदौको रसुवा भोटेकोशी बाढीको क्षतिबाट उच्च दाबी परेपछि निर्जीवन बिमा व्यापार घाटामा गएको छ। चालू आर्थिक वर्ष ०८३/८४ को पहिलो त्रैमासमा निर्जीवन बिमा कम्पनीहरूको कुल नोक्सानी एक अर्ब २६ करोड ६८ लाख ३५ हजार देखिएको हो।

नेपालमा सञ्चालित १४ ठुला र चार लघु निर्जीवन बिमा कम्पनीले सार्वजनिक गरेको चालू आवको पहिलो त्रैमासिक वित्तीय विवरणले यस्तो देखाएको हो। विवरणअनुसार पहिलो त्रैमासमा आठ कम्पनी नोक्सानीमै छन्। ६ ठुला र चार लघु बिमा कम्पनी नाफामा छन्। तर, तिनीहरूको नाफामा रकम पनि निकै कम छ।

यसै पनि बैंकले निक्षेपमा दिने ब्याजदर घटाउँदै आएपछि बिमा कम्पनीको आम्दानी प्रभावित भइरहेको थियो। बिमा कम्पनीले आफ्नो लगानीयोग्य पुँजीको अधिकांश रकम मुद्दती निक्षेपमा राख्ने गरेका कारण ब्याजदर परिवर्तन हुँदा नाफा पनि प्रभावित हुने गर्छ। यस्तो अवस्थामा गत आवमा जेन-जी आन्दोलनको क्षतिबाट आएको करिब २४ अर्बबराबरको दाबीले निर्जीवन बिमा कम्पनीको नाफा प्रभावित भएको थियो। जसले गर्दा गत आवको पहिलो त्रैमासमा कम्पनीहरू एक अर्ब ९४ करोड ४२ लाख ६१ हजारले घाटामै थिए। यद्यपि, गत आवको अन्त्यसम्म आउँदा दुई अर्ब ७२ करोड ९० लाखले नाफामा पुगेका थिए। तर, विगतको वर्षको तुलनामा धेरै नै कम थियो। आव ०८१/८२ मा तिनीहरूको नाफा चार अर्ब ४३ करोड ६९ लाख रुपैयाँ थियो।

चालू आवमा पनि भोटेकोशी बाढीको दाबीबाट कम्पनीहरूमा नाफा पुनः प्रभावित भएको छ।



बाढीबाट ठुलो मात्रामा जनधनको क्षति भएपछि बिमित सम्पत्तिबाट बिमा कम्पनीमा करिब २१ अर्ब रुपैयाँबराबरको दाबी परेको छ।

यो नियमित नभएर आकस्मिक दाबी हो। यसको दाबी भुक्तानी हुन बाँकी नै छ। तर, कम्पनीहरूले त्यसको दायित्वका लागि आवश्यक रकम प्रोभिजन गरेर राख्नुपर्छ। त्यसले गर्दा कम्पनीहरू घाटामा गएको सगरमाथा लुम्बिनी इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) चंकी क्षेत्रीले बताए। 'गत आवमा जेन-जी आन्दोलनको क्षतिबाट आएको दाबीले पहिलो त्रैमास बिमा कम्पनीहरू घाटामा गएका थिए। यद्यपि, चौथो त्रैमाससम्म त्यो रिकभर भयो। नाफा रकम भने कम नै थियो,' उनले भने, 'त्यसबाट तँग्रिन नपाउँदै यसपालि भोटेकोशी बाढीबाट आएको दाबीले पुनः बिमा कम्पनीको नाफा प्रभावित भएको छ।'

यद्यपि, चौथो त्रैमाससम्म पुग्दा त्यो रिकभर हुने उनको भनाइ छ। 'भोटेकोशी बाढीका कारण प्राप्त दाबीको दायित्वका लागि आवश्यक रकम प्रोभिजन गर्दा कम्पनीहरू घाटामा गएका हुन्। तर, वर्षको अन्तिमसम्म पुग्दा यो घाटा रिकभर गर्न सकिन्छ। यो दाबी महाविपत्ति जोखिम बिमाअन्तर्गत कभर हुने हो। प्रायः सबै कम्पनीले विदेशी कम्पनीमा यसको पुनर्बिमा गरेका छन्। त्यसले गर्दा पुनर्बिमाबाट पनि दाबी रकम प्राप्त हुन्छ,' उनले भने, 'चालू आवको बाँकी अवधिमा पनि कम्पनीले आम्दानी गर्छन्। त्यसले रिकभर गर्न सहज हुन्छ। दोस्रो त्रैमासदेखि नै वित्तीय विवरणमा सुधार आउन सक्छ।'

■ घाटामा गएका आठ निर्जीवन कम्पनी

समीक्षा अवधिमा आठ निर्जीवन बिमा कम्पनी घाटामा छन्। हिमालयन एभरेस्ट सबैभन्दा धेरै ४० करोड ११ लाख ६४ हजार रुपैयाँले घाटामा छ। यसैगरी, दी ओरियन्टल ३२ करोड ६० लाख ९१ हजार, सानिमा जिआइसी २९ करोड ३७ लाख ७६ हजार, सगरमाथा लुम्बिनी २० करोड ९८ लाख ३२ हजार, नेपाल इन्स्योरेन्स २० करोड ४७ लाख दुई हजार र सिद्धार्थ प्रिमियर १६ करोड १५ लाख ५६ हजार रुपैयाँले नोक्सानीमा छन्। यस्तै, नेको आठ करोड १८ लाख ७१ हजार रुपैयाँ र युनाइटेड अजोड पाँच करोड २९ लाख ८४ हजार रुपैयाँले नोक्सानीमा छ।

■ ६ ठुला र चार लघु बिमा नाफामा

६ कम्पनी र चार लघु बिमा कम्पनी भने बचतमा छन्। राष्ट्रिय बिमा कम्पनी सबैभन्दा धेरै २८ करोड ३० लाख २० हजार रुपैयाँले बचतमा छ। यस्तै, प्रभु ६ करोड ६८ लाख एक हजार, शिखर चार करोड ११ लाख २१ हजार, एनएलजी तीन करोड ५३ लाख ४३ हजार, आइजिआई प्रुडेन्सियल तीन करोड तीन लाख २४ हजार र नेसनल इन्स्योरेन्स सात लाख एक हजार रुपैयाँले नाफामा छन्।

लघुबिमार्फत नेपाल माइक्रो ५८ लाख ८९ हजार, स्टार माइक्रो ११ लाख २३ हजार, ट्रस्ट माइक्रो ६ लाख एक हजार र प्रोटेक्टिभ माइक्रो दुई लाख १८ हजारले नाफामा छन्।

म्याक्स टाइगरको दसैँ धमाकामा नुवाकोटका लामाले जिते कार



काठमाडौं/ म्याक्स टाइगर इनर्जी ड्रिंकले सञ्चालन गरेको 'दसैँ धमाका २०२६' उपहार योजनामा नुवाकोटको ककनीनिवासी प्रदीप लामाले बम्पर पुरस्कारमा प्रोटोन कार जितेका छन्। त्यस्तै, देशका विभिन्न स्थानका २८ जना उपभोक्ताले मोटरसाइकल तथा स्कुटर जितेको कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार हालसम्म १६ जनाले मोटरसाइकल र १२ जनाले स्कुटर जितिसकेका छन्। मोटरसाइकल विजेतामा विराटनगरका समुद्र पोखरेल, बिर्तामोडका तेजनारायण सिंह, जनकपुरका कुटाल्याकुमार सिंह, बर्दीबासका केशव दाहाल, लालबन्दीका गणेश थापा, लहानका रूपेश महतो, बुटवलका रिधम गुरुङ, दाङका राजेन्द्र शर्मा र लीलाधर भण्डारी रहेका छन्।

त्यसैगरी, धनगढीका मोहन श्रेष्ठ, काठमाडौंका विनोद ढुंगेल र सुमन कर्माचार्य, बनेपाका राजकुमार तामाङ, धादिङका सञ्जोग रिमाल, काभ्रेका सोमबहादुर दुलाल तथा वीरगन्जका रमेश बस्नेतले पनि मोटरसाइकल जितेका छन्।

स्कुटर जित्नेमा धरानका अनोजकुमार अधिकारी, भैरहवाका दिनेश यादव, बुटवलका नरबहादुर फौगाद, चितवनका गोकर्ण काप्री, पोखराका नोडराज रेग्मी र अनिशा मिजार विजेता बनेका छन्। त्यस्तै, सुर्खेतका किशोरजंग शाह र झक्कड थापामगर, नेपालगन्जका लक्ष्मण केसी, धनगढीका अजयकुमार गुप्ता, हेटौंडाकी सुनीता मगराती तथा सिमराका सुधीरकुमार यादवले स्कुटर जितेको कम्पनीले जनाएको छ।

कम्पनीले अभियानअन्तर्गत कुल १८ वटा मोटरसाइकल, १८ वटा स्कुटर र एउटा प्रोटोन कार पुरस्कारका रूपमा राखेको थियो। हालसम्म १६ मोटरसाइकल र १२ स्कुटर वितरण भइसकेकाले अब दुई मोटरसाइकल र ६ स्कुटर गरी आठवटा दुईपाङ्ग्रे सवारीसाधन जित्ने अवसर बाँकी रहेको कम्पनीले जनाएको छ।

नेपाल बैंक ९०औँ वर्षमा प्रवेश

प्रधानमन्त्री शाह, अर्थमन्त्री वाग्ले र गभर्नर पौडेलद्वारा राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउँदै वित्तीय सेवामा सर्वसाधारणको पहुँच सहज बनाउन बैंकलाई शुभकामना



काठमाडौं/ नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेड स्थापनाको ८९ वर्ष पूरा गरी ९०औँ वर्षमा प्रवेश गरेको छ। विसं ३० कात्तिक १९९४ मा स्थापना भएको बैंक सोमबारदेखि ९०औँ वर्षमा प्रवेश गरेको हो। यस बैंकले स्थापनाकालदेखि विसं २०१३ सम्म केन्द्रीय बैंकको समेत भूमिका निर्वाह गरेको थियो। तत्कालीन समयमा भारतीय मुद्रा चलनचल्तीमा रहेका वेला यस बैंकले आफ्नै स्वदेशी मुद्रा प्रचलनमा ल्याउन महत्त्वपूर्ण भूमिका खेलेको थियो।

वार्षिकोत्सवका अवसरमा प्रधानमन्त्री बालेन्द्र शाहले शुभकामना दिँदै बैंकले जनतालाई आधुनिक बैंकिङ सेवासँग जोड्दै राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेलेको बताए। 'नेपाल बैंकले आधुनिक बैंकिङ प्रणालीको विकास, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि, वित्तीय सेवामा सर्वसाधारणको पहुँच सुनिश्चित तथा वातावरणमैत्री आर्थिक गतिविधिलाई प्रोत्साहन गर्दै मुलुकलाई समग्र आर्थिक रूपान्तरण र समृद्धिमा उल्लेखनीय योगदान पुऱ्याउने अपेक्षा गरेको छु,' उनले भनेका छन्।

त्यस्तै, अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पनि शुभकामना दिँदै आगामी दिनमा डिजिटल बैंकिङको विस्तार, लघु, साना तथा मझौला उद्यममा सहज वित्तीय पहुँच तथा हरित अर्थतन्त्रको प्रवर्द्धनमा बैंकले प्रभावकारी भूमिका निर्वाह गर्ने अपेक्षा गरेको उल्लेख गरेका छन्। नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले यस बैंकले आमनागरिकमा वित्तीय सेवा पुऱ्याउन बैंकले खेलेको भूमिकाको प्रशंसा गरे।

आठ लाख ४२ हजार रुपैयाँ चुक्ता पुँजीबाट बैंकिङ कारोबार सुरु गरेको बैंकले यस अवधिमा १४ अर्ब ६९ करोड ४० लाख रुपैयाँ चुक्ता पुँजी पुऱ्याएको छ। गत आवको असार मसान्तसम्म बैंकले चार अर्ब १६ अर्ब निक्षेप संकलन गरी दुई खर्ब ६२ अर्ब कर्जा प्रवाह गरेको छ। त्यस्तै, बैंकको जगेडा कोष २७ अर्ब ५७ करोड छ भने नेटवर्थ ४२ अर्ब २७ करोड पुगेको छ।
बैंकले देशभरका दुई सय ३० वटा शाखा, दुई सय ५० एटिएम, ५७ एक्सटेन्सन काउन्टरमार्फत करिब साढे २ ९ लाख ग्राहकलाई सेवा दिइरहेको छ। बैंकका अनुसार मोबाइल बैंकिङ ग्राहक मात्रै १० लाख छन्।

भाटभटेनीको टंगाल शाखा आजदेखि चौबिसै घण्टा खुल्ने

यसअघि भक्तपुरको राधेराधेमा रहेको शाखा चौबिसै घण्टा सञ्चालनमा आएको थियो



नयाँ पत्रिका

भाटभटेनी सुपरमार्केटको टंगालस्थित मुख्य शाखा पनि अब चौबिसै घण्टा चल्ने भएको छ। आज अर्थात् १ मंसिरदेखि टंगालको भाटभटेनी चौबिसै घण्टा सञ्चालनमा आउने भएको हो। यसअघि भक्तपुरको राधेराधेमा रहेको शाखा चौबिसै घण्टा सञ्चालनमा ल्याइएको थियो।

ग्राहकलाई आफूअनुकूलको समयमा किनमिलको सुविधा दिने उद्देश्यले भाटभटेनीको टंगाल शाखासमेत चौबिसै घण्टा खुला गरिने भएको भाटभटेनीका प्रबन्धक पानु पौडेलले बताए। उनका अनुसार अहिलेलाई दैनिक उपभोग्य वस्तु (ग्रोसरी)को फूलोर मात्रै चौबिसै घण्टा खुला रहनेछ। राधेराधे शाखामा १२-१ बजेसम्म किनमेल गर्नेको भिडभाड हुने गरेको प्रबन्धक पौडेलले बताए। 'राधेराधेको अनुभवले पनि हामीलाई चौबिसै घण्टा सुपरमार्केट चलाउने हौसला मिलेको हो,' उनले भने, 'चौबिसै घण्टा सुपरमार्केट चल्दा ग्राहकले आफूलाई चाहिने अत्यावश्यक सामग्री जुनसुकै वेला खरिद गर्न पाउँछन्।'

भाटभटेनीका अन्य शाखालाई पनि चौबिसै घण्टा खुला गर्ने योजना रहेको पौडेलको भनाइ छ। 'उपभोक्ताको चाप तथा आवश्यकतालाई ध्यानमा राखेर अन्य शाखालाई पनि क्रमशः चौबिसै घण्टा चलाउने योजना र तयारी छ,' उनले भने, 'अब टंगालपछि पाटन शाखालाई पनि चौबिसै घण्टा खुला गर्ने तयारी छ।' हाल भाटभटेनीका २७ शाखा सञ्चालनमा छन्।

भायानेटले सुरु गऱ्यो 'आजको प्रब्लम, आजै फिक्स' सेवा



काठमाडौं/ इन्टरनेटसम्बन्धी समस्या समाधान गर्न भायानेट कम्युनिकेसन्स लिमिटेडले 'आजको प्रब्लम, आजै फिक्स' सेवा सुरु गरेको छ। कम्पनीले आफ्ना ग्राहकलाई छिटो र प्रभावकारी प्राविधिक सहयोग प्रदान गर्ने उद्देश्यले यो सेवा सुरु गरेको जनाएको हो। यसअन्तर्गत साँझ पाँच बजेअघि दर्ता गरिएका इन्टरनेटसम्बन्धी प्राविधिक समस्या सोही दिन समाधान गरिने बताइएको छ।

ग्राहकको समस्याको प्रकृतिअनुसार रिमोट सपोर्टमार्फत वा आवश्यक परे प्राविधिक टोली ग्राहकको घरमै पठाएर समस्या समाधान गर्ने कम्पनीको दाबी छ। यस सेवामार्फत इन्टरनेटमा समस्या आउँदा ग्राहकले लामो समय कुर्नुपर्ने अवस्थालाई कम गर्दै छिटो, सहज र भरपर्दो सेवा अनुभव प्रदान गर्ने कम्पनीले विश्वास लिएको छ।

धानखोला-लमही सडक विस्तार गर्न आधुनिक उपकरण दाङ पुऱ्याइयो



काठमाडौं/ अमेरिकी मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) अनुदानअन्तर्गत पूर्व-पश्चिम राजमार्गको धानखोलादेखि लमहीसम्मको खण्ड विस्तार गर्न आधुनिक उपकरण दाङ पुऱ्याइएको छ। धानखोला-लमही सडकको दुवैतर्फ सात मिटर चौडा क्यारिज वे र साढे दुई मिटर चौडा सोल्जर निर्माण गरेर यस सडकलाई १२ मिटर चौडा बनाइने तयारी छ।

एमसिए नेपालले अघिल्लो वर्ष पुसमा दुई करोड डलरमा शर्मा-कुमार संयुक्त उपक्रमसँग उक्त परियोजनाको ठेक्का सम्झौता गरेको थियो। ४२ महिनाको ठेक्का अवधि रहेको परियोजना गत १६ वैशाखदेखि निर्माणकार्य सुरु गरिएको थियो। ४० किलोमिटर सडकलाई 'फुल डेप्थ रिक्लेमेसन र सुपरपेभ आस्फाल्ट' प्रविधि प्रयोग गरेर स्तरोन्नति तथा मर्मत गरिनेछ। नेपालमा पहिलोपटक यी दुई प्रविधि प्रयोग गरेर सडक स्तरोन्नति गर्न लागिएको एमसिसी नेपालले जनाएको छ।

फुल डेप्थ रिक्लेमेसन पुरानो र क्षतिग्रस्त सडक संरचनालाई पुनः प्रयोग गर्ने प्रविधि हो। पुरानो सडक सतह र आधार तहलाई मिलाएर नयाँ बिटुमिन सामग्री थपेर सडक मर्मत गरिन्छ। सुपरपेभ प्रविधिसमेत जोड्दा सडकलाई वातावरणमैत्री र दिगो बनाउन सहयोग गर्छ। यसका लागि आवश्यक उपकरण हाल दाङ पुऱ्याइएको हो।

'पूर्व-पश्चिम राजमार्गको धानखोलादेखि लमहीसम्मको खण्ड चौडा एवं सडक सतह पुनर्स्थापना कार्यका लागि फुल डेप्थ रिक्लेमेसन उपकरण दाङ जिल्ला आइपुगेका छन्,' एमसिए नेपालले उल्लेख गरेको छ, 'नेपालमै पहिलोपटक आधुनिक प्रविधि प्रयोग गरी विद्यमान सडकबाट प्राप्त हुने अस्फाल्टलगायतका सामग्रीको पुनः प्रयोग गरी अझ टिकाउ, किफायती र वातावरणमैत्री सडक निर्माण गरिनेछ।'

एमसिए-नेपालले एमसिसी नेपाल कम्प्याक्टको सडक मर्मत आयोजनामार्फत सडक मर्मतकार्यमा नयाँ विधि प्रयोग गर्दै छ। यसले भविष्यमा सडक मर्मतकार्यलाई अझ कुशल र प्रभावकारी बनाउने सम्भावना बोक्छ।

सच्याईएको सम्बन्धमा

मिति २०८३/०७/१९ मा "नँया पत्रिका" राष्ट्रिय दैनिक पत्रिकामा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडको तर्फबाट प्रकाशित गरिएको ऋणी समा पेपर्स एण्ड पब्लिकेशन लि.को, ऋणी-सञ्चालकलाई ऋण कर्जा चुक्ता भुक्तान गर्ने, गराउने तथा कालोसुचिमा समावेश गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना मुताबिक लक्ष्मण श्रेष्ठको नागरिकता जारी मिति २०६२-०८-०६ हुनुपर्नेमा अन्यथा भएकाले अन्य विवरण यथावत रहने गरी ना.प्र.नं. मिति मात्र सच्याइएको व्यहोरा जानकारी गराईन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं.: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np,
वेबसाइट : www.nimb.com.np

People's Power Ltd. पिपुल्स पावर लिमिटेड

खुर्सानिटार, काठमाडौं, फोन नं.: ०१-४५३७५४४
ईमेलः peoplespower@gmail.com, वेबसाइटः www.peoplespower.com.np

भूल सुधार गरीएको

मिति २०८३/०७/३० गतेको नयाँ पत्रिकामा प्रकाशित आ.व २०८३/८४ को पहिलो त्रैमासिक अवधिको विवरणमा Balance sheet मा Trade Receivables,Total Current Assets,Total Assets निम्न हुनु पर्नेमा अन्यथा भएकोले भूल सुधार गरी प्रकाशन गरीएको छ।

Balance Sheet as on Ashoj end, 2083 (Unaudited) (NPR '000)

Particulars	This Quarter ending As at 31st Asoj, 2083
Assets	
Non-Current Assets:	
Properties, Plant & Equipments	529
Intangible Assets under IFRIC 12	857,057
Investments	-
Prepaid Insurance	-
Deferred Tax Assets	23
Total Non-Current Assets	**857,609**
Current Assets:	
Deposits	607
Other Loans & Advances	-
Trade Receivables	75,905
Sundry Debtors & other Current Assets	1,553
Inventories	15,333
Cash & Bank Balance	111,291
Preliminary Expenses	-
Prepaid Expenses	-
Total Current Assets	**204,689**
Total Assets	**1,062,297**

सियान सीड सर्भिस सेण्टर लिमिटेडको सत्ताइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८३/०८/०१)

२०८३।०७।१० गते वसेको संचालक समितिको वैठकको निर्णय अनुसार यस सेण्टरको सत्ताइसौ वार्षिक साधारण सभा देहायका प्रस्तावहरु उपर छलफल गर्न निम्न मिति, समय एवं स्थानमा हुने ब्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई ब्यक्तिगत रुपमा विद्युतिय उपकरण (WhatsApp, Email, Messenger, Viber) मा पत्र पठाई जानकारी गराइसकिएको छ। उक्त माध्यमवाट जानकारी प्राप्त नभएमा यसै सूचनालाई आधार मानी सभामा उपस्थित भइदिनुहुनका लागि हार्दिक अनुरोध गरिन्छ।

सभाहुने
मिति : मंसिर ११ गते शुक्रवार, २०८३ (२७ नोभेम्बर, २०२६)
समय : विहान ११:३० वजे
स्थान : कम्पनीको सभाहल, चन्द्रागिरी न.पा.-७, थानकोट, काठमाण्डौ
सम्पर्क फोन नं.: ९८५१०६६९४६, ९८५१३४४०६१

प्रस्तावहरु:
१. आ.व. २०८२/८३ को संचालक समितिको तर्फवाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०८२/८३ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात र नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण पारित गर्ने र चालु आ.व. २०८३/८४ को आर्थिक विवरण स्वीकृत गर्ने सम्बन्धमा।
३. आ.व. २०८३/८४ को लागि लेखा परीक्षकको नियुक्ति तथा नीजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
४. सत्ताइसौं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनी र संचालक समितिको तर्फवाट एक/एकजना प्रतिनिधि नियुक्ति गर्ने।
५. नगद अथवा शेयर लाभांश वितरण गर्ने सम्बन्धमा।
६. विविध।

विशेष प्रस्तावः
१. प्रिमियम शेयर वापतको मौज्दात रकमलाई वोनस शेयरमा वितरण गर्ने सम्बन्धमा।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

केयर रेटिङ्गस नेपाल लिमिटेड

CareEdge RATINGS NEPAL
A subsidiary of CARE Ratings Limited, India

का.म.न.पा वडा नं. ३०, काठमाडौं
फोन नं. ४०१२६२८, ४०१२६२९, ४०१२६३०

दशौं वार्षिक साधारणसभा बस्ने सम्बन्धी सूचना

श्री शेयरधनी महानुभावहरू,
मिति २०८३/०६/२३ गते बसेको यस संस्थाको सञ्चालक समितिको ६८ औं बैठकको निर्णयानुसार संस्थाको दशौं वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **सभा हुने मिति, स्थान र समय** :
मिति : २०८३ साल मंसिर ०८ गते, मंगलबार (तद्अनुसार २४ नोभेम्बर, २०२६)
स्थान : केयर रेटिङ्गस नेपाल लिमिटेड, पाचौं तल्ला, स्टार मल, पुतलीसडक, काठमाण्डौं।
समय : दिनको १२:३० बजे

२. **छलफलका विषयहरू** :
(क) सामान्य प्रस्तावहरू :
१. अध्यक्षज्यूको मन्तव्यसहित सञ्चालक समितिको प्रतिवेदन २०८२/८३ छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको वासलात र सोही मितिमा समाप्त आ.व.२०८२/८३ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८३/८४ को लागि लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने।
४. संचालक समितिले प्रस्ताव गरे बमोजिम ८०% का दरले नगद लाभांश (नगद लाभांशमा लाग्ने कर सहित) स्वीकृत गर्ने।
(ख) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

सिटिजन्स म्युचुअल फण्ड २ को इकाईधनीहरूलाई रकम (प्रतिफल समेत) फिर्ता भुक्तानी सम्बन्धी सूचना

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड कोष प्रवर्द्धक तथा सिटिजन्स क्यापिटल लिमिटेड योजना व्यवस्थापक तथा डिपोजिटरी रही सिटिजन्स म्युचुअल फण्ड अन्तर्गत संचालित प्रति इकाई अंकित मूल्य रु.१०/- दरका ५,६०,००,००० (पाँच करोड साठी लाख मात्र) इकाईहरु रहेको सिटिजन्स म्युचुअल फण्ड २ **(Citizens Mutual Fund - II, NEPSE Code: CMF2)** नामक ७ वर्षे बन्दमुखी योजनाको निर्धारित समयावधि मिति २०८३ आषाढ २१ गतेका दिन समाप्त (परिपक्व) भएको र तत्पश्चात योजनाको नेपाल धितोपत्र बोर्डबाट स्विकृत विवरण पुस्तिकाको दफा ८.८ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ को दफा ३१ उपदफा (१) (क) बमोजिम खारेजीमा लानुपर्ने व्यवस्था रहेकोले योजनाको खारेजीका लागि बोर्डबाट मिति २०८३/०४/०६ गते स्विकृति प्राप्त भएको छ।

सामूहिक लगानी कोष नियमावली, २०६७, को नियम ३२ (३) मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट योजना खारेज गर्ने स्वीकृति प्राप्त भएपछी त्यस्तो स्वीकृति प्राप्त भएको तीन महिनाभित्र योजना अन्तर्गतको सम्पत्तिलाई नगदमा परिणत गरी इकाईधनीहरुको इकाईको स्वामित्वको अनुपातमा रकम फिर्ता गर्नुपर्ने व्यवस्था रहेकोमा सो अवधि भित्र रकम फिर्ता गर्न प्राविधिक कारणवश असमर्थ रहेकोले श्री नेपाल धितोपत्र बोर्ड समक्ष थप १ महिनाका लागि समय माग गरिएकोमा श्री नेपाल धितोपत्र बोर्डबाट मिति २०८३/०६/३० गतेको पत्र मार्फत थप एक महिनाको समय स्वीकृति प्राप्त भए बमोजिम योजनाको लेखापरीक्षकबाट मिति २०८३/०७/३० गते लेखापरिक्षण भई प्रमाणित भएको वित्तीय विवरणको आधारमा कायम भएको अन्तिम प्रति इकाई खुद सम्पत्ति मूल्य रु. १०.०४७५ मा प्रचलित कानून बमोजिम कर कट्टी समायोजन गरी इकाईधनीहरुको हितग्राही खातामा अद्यावधिक भएको बैंक खातामा मिति २०८३/०८/०१ गतेदेखि **रकम (प्रतिफल समेत)** जम्मा गर्न सुरु गरिएको व्यहोरा सम्बन्धित सम्पूर्णमा जानकारी गराउँदछौं।

योजनाको लेखापरिक्षण भएको अन्तिम खुद सम्पत्ति विवरण :

क्र.सं.	विवरण	रकम (रु.)
१	नगद तथा नगद समान	५६,२६,६२,०१२
२	इकाईधनीहरुलाई वितरण योग्य रकम	५६,२६,६२,०१२
३	जम्मा इकाई	५,६०,००,०००
४	**प्रति इकाई खुद सम्पत्ति (वितरण योग्य)**	१०.०४७५

विगत आर्थिक वर्षहरुमा योजनाले वितरण गरेको प्रतिफलको विवरण :

प्रति इकाई प्रारम्भिक लगानी रकम रु. १०

आर्थिक वर्ष	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	जम्मा वितरण गरिएको प्रतिफल
नगद लाभांश (%)	१०	४०	-	८	६.५०	८.२५	**७२.७५**

योजनाको अवधिभरमा विगतका आर्थिक वर्षहरुमा वितरण गरिएको कूल प्रतिफल प्रति इकाई रकम रु.७२.७५ रहेको र हाल वितरण योग्य प्रति इकाई खुद सम्पत्ति रु. १०.०४७५ कायम भएकोमा प्रारम्भिक इकाईधनीहरुले रु.१० प्रति इकाईमा लगानी गरेको हुनाले अन्तिम प्रति इकाई पूँजीगत लाभ ०.०४७५ समेत गणना गर्दा ७ वर्षे अवधिको लगानीमा औषत वार्षिक प्रतिफल १०.४०% कायम रहन गएको जानकारी समेत गराउँदछौं।

साथै,
१. बैंक खातामा **रकम (प्रतिफल समेत)** जम्मा गर्दा सम्बन्धित बैंक वा वित्तीय संस्थाको नियमानुसार कुनै शुल्क लाग्ने भएमा सो शुल्क इकाईधनीले नै व्यहोर्नु पर्नेछ।
२. आफ्नो इकाई धितोमा राखी कर्जा सुविधा उपभोग गर्नुभएका इकाईधनी महानुभावहरुले सम्बन्धित बैंक वा वित्तीय संस्थाबाट धितो राखेको इकाईको संख्या समेत खुल्ने गरी फुकुवा पत्र सिटिजन्स क्यापिटल लिमिटेडमा पेश गरे पश्चात् इकाईधनीको हितग्राही खातामा उल्लेख भएको बैंक खातामा **रकम (प्रतिफल समेत)** जम्मा गर्ने व्यवस्था गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

नोट : योजनाले विगतका आर्थिक वर्षहरुमा वितरण गरेको प्रतिफल समेत हालसम्म विभिन्न कारणवश प्राप्त गर्न नसक्नु भएका इकाईधनी महानुभावहरुले आ-आफ्नो डिम्याट खातामा बैंक खाता नं. समेत अद्यावधिक गराउनुहुन अनुरोध छ।

कोष प्रवर्द्धक

Citizens Bank International Ltd. सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको ईजाजतपत्र प्राप्त संस्था)
नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४, फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, वेभसाइटः www.ctznbank.com

योजना व्यवस्थापक तथा डिपोजिटरी

Citizens Capital Ltd.
A Subsidiary of Citizens Bank International Ltd.
Spreading Prosperity, Enriching Lives
बादुलेघर, डिल्लीबजार, काठमाडौं, नेपाल
फोन नं.: ०१-४५२१२३५, ४५१७४५७, ४५१७७२३
E-mail: info@citizenscapital.com.np, Website: www.citizenscapital.com.np

भावपूर्ण श्रद्धाञ्जली



जन्मः
२००९/०९/२८ गते

स्वर्गारोहणः
२०८३/०७/२५ गते

स्व. पेम्बा ल्हामु शेर्पा

स्ट्रक्टो नेपाल प्रा.लि., किपु इन्टरप्राइजेज तथा युडिको प्राइभेट लिमिटेडका आदरणीय सञ्चालक श्री उर्गेन शेर्पाज्यूको धर्मपत्नी पेम्बा ल्हामु शेर्पाज्यूको उपचारका क्रममा भारतको सिलिगुडी स्थित नियोटिया अस्पतालमा भएको असामयिक निधनको खबरले हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं।

यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै, शोकसन्तप्त श्री उर्गेन शेर्पाज्यू लगायत सम्पूर्ण परिवारजनमा यस अपुरणीय क्षतिलाई सहन गर्ने धैर्य, शक्ति र साहस प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दै शोकाकुल परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

स्ट्रक्टो नेपाल प्रा.लि.
किपु इन्टरप्राइजेज
किपू इन्टरनेशनल प्राइभेट लिमिटेड
युडीको टेलिकम सर्भिसेस प्रा.लि.
परिवार

फाइनल सुनिश्चित गर्न लुम्बिनी र सुदूरपश्चिम भिडन्त आज

लुम्बिनीसँग खेल्दा दोस्रो संस्करणको फाइनलसहित लगातार तीन भेटमा भोगेको हारको बदला लिने योजनामा सुदूरपश्चिम

रमेश सुवेदी/नयाँ पत्रिका

तेस्रो नेपाल प्रिमियर लिग (एनपिएल)को फाइनलमा स्थान बनाउन लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्सबिच मंगलबार प्रतिस्पर्धा हुँदै छ। यो खेल गत वर्षको भएको फाइनलको पुनरावृत्ति हुनेछ। दोस्रो संस्करणको फाइनलमा लुम्बिनीले एकपक्षीय खेलमा सुदूरपश्चिमलाई हराउँदै उपाधि चुमेको थियो।

तेस्रो सिजनको पहिलो क्वालिफायरका विजेताले रेकर्ड बनाउनेछ। सुदूरपश्चिम विजयी हुँदा लगातार तेस्रोपटक फाइनल पुग्ने पहिलो टोली बन्नेछ। लुम्बिनीले जित निकाल्दा सुदूरपश्चिमले लगातार दुईपटक फाइनल खेलेको रेकर्ड बराबरी गर्नेछ। एक हिसाबले लुम्बिनी र सुदूरपश्चिमबिचको क्वालिफायर प्रतिस्पर्धाले रेकर्ड बन्ने निश्चित छ।

लुम्बिनी रोहितकुमार पौडल तथा सुदूरपश्चिम दीपेन्द्रसिंह ऐरीको कप्तानीमा त्रिवि क्रिकेट मैदानमा उत्रनेछन्। दुवै टोलीमा नेपाली राष्ट्रिय टोलीका प्रभावशाली तथा विदेशी खेलाडी छन्। लुम्बिनी र सुदूरपश्चिम मुख्यतः विदेशी खेलाडीको भरमा मैदान उत्रने तय छ। पछिल्लो जितहरूमा उनीहरूका लागि विदेशी खेलाडीले साथ दिएका थिए।

खेलमा पराजित हुने टोलीलाई फाइनल पुग्न अर्को एक अवसर रहन्छ। इलिमिनेटरमा काठमाडौं गोर्खाज र चितवन राइनोजबिचको विजेताविरुद्ध क्वालिफायरमा पराजित हुने टोलीले प्रतिस्पर्धा गर्नेछ। चालू एनपिएलमा लुम्बिनी शीर्ष र सुदूरपश्चिमले दोस्रो स्थान रक्षा गर्दै क्वालिफायर स्थान बनाएका हुन्। इलिमिनेटरमा स्थान बनाएका काठमाडौंले तेस्रो र चितवनले चौथो स्थान रक्षा गरेका थिए।

उपाधि दाबेदार मानिएका विराटनगर किंग्ससँगै कर्णाली याक्स, पोखरा एभेन्जर्स र जनकपुर बोल्ट्स प्ले अफसम्म पुग्न सकेनन्। लुम्बिनीले प्रतियोगितामा एक मात्र हार काठमाडौंसँग व्यहोरेको थियो। लुम्बिनीले सात खेलमा पाँच जितसहित सर्वाधिक ११ अंक जोडेको छ। काठमाडौंसँग पराजित हुनुअगाडि लुम्बिनीले गत वर्षदेखि ११ खेलसम्म आफ्नो अपराजित यात्रा कायम राखेको थियो।

कप्तान भर्सेस कप्तान

लुम्बिनी र सुदूरपश्चिम प्रतिस्पर्धा गर्दैगर्दा दुई कप्तान सबैको नजरमा हुनेछन्। चालू सिजनमा लुम्बिनीका कप्तान रोहित र सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह रणनीतिक रूपमा अब्बल देखिएका छन्। कप्तानबिच संयोग पनि अनौठो छ। पहिलो संस्करणमा दीपेन्द्रसिंह र दोस्रो संस्करणमा रोहित प्रतियोगिताकै उत्कृष्ट खेलाडी हुँदै गाडी जितेका थिए।



■ लुम्बिनी लायन्सको यात्रा

विराटनगर किंग्सविरुद्ध चार विकेटले विजयी
कर्णाली याक्सविरुद्ध चार विकेटले विजयी
काठमाडौं गोर्खाजसँग ३६ रनले पराजित
जनकपुर बोल्ट्सविरुद्ध १६ रनले विजयी
पोखरा एभेन्जर्सविरुद्ध आठ विकेटले विजयी
चितवनविरुद्ध वर्षाका कारण अंक बाँडेको
सुदूरपश्चिमविरुद्ध सात विकेटले विजयी

■ सुदूरपश्चिम रोयल्सको यात्रा

काठमाडौं गोर्खाजविरुद्ध सात रनले विजयी
जनकपुर बोल्ट्सविरुद्ध २७ रनले विजयी
कर्णाली याक्सविरुद्ध ३९ रनले विजयी
चितवन राइनोजविरुद्ध पाँच विकेटले विजयी
विराटनगर किंग्ससँग ३५ रनले पराजित
पोखरा एभेन्जर्सविरुद्ध ६ विकेटले विजयी
लुम्बिनी लायन्ससँग सात विकेटले पराजित

यसपटक दीपेन्द्रले सात खेलमा १५० रन बनाएका छन्। उनले दुई अर्धशतक बनाएका छन्। उनले दोस्रो खेलमा पोखराविरुद्ध ५१ तथा काठमाडौंविरुद्ध जित्तैपर्ने अन्तिम खेलमा दबाबमा रहँदै काठमाडौंविरुद्ध ६० रन बनाएका थिए। उनले तेस्रो सिजनमा पाँच विकेट लिइसकेका छन्। लुम्बिनीविरुद्ध दीपेन्द्रलाई घरेलु खेलाडीमा विकेटकिपर विनोद भण्डारीसँगै ईशान पाण्डे, आरिफ सेख, अनिल खरेल, हेमन्त धामी, दीपक बोहाराले साथ दिनेछन्। विदेशी खेलाडीमा स्कट कुगुलेइन, थारिन्दु रात्नाएके, फाथियन एलेन र जर्ज मन्से रहनेछन्।

रोहितले ६ इनिङ्समा एक सय रन बनाएका थिए। २४ वर्षीय रोहितले चार विकेट लिएका छन्। रोहितलाई नेपाली खेलाडीमा आसिफ सेख, दिलीप नाथ, सन्दीप जोरा, अभिशेष गौतम, शेर मल्लसँगै किशोर महतोको साथ रहनेछन्। विदेशी खेलाडीमा अस्ट्रेलियाका डार्सी सर्ट, श्रीलंकाका निरोसान डिकवेला, अमेरिकाका अली सेख र नामिबियाका रुबेन ट्रम्पलम्यानको साथ दिनेछन्।

बदला लिने दाउमा सुदूरपश्चिम

पहिलो दुई संस्करणको तथ्यांकअनुसार लुम्बिनीमाथि सुदूरपश्चिम हाबी देखिन्थ्यो। पहिलो सिजनको समूह चरणमा सुदूरपश्चिमले लुम्बिनीलाई ४५ रनले हराएको थियो। पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमले चार विकेट गुमाएर १८७ रन बनाएको थियो। प्रत्युत्तरमा लुम्बिनीले नौ विकेट गुमाउँदा मात्र १४२ रन बनाउन सक्यो। दोस्रो सिजनको समूह चरणमा सुदूरपश्चिम लुम्बिनीविरुद्ध सात विकेटले विजयी भयो। पहिलो ब्याटिङ गरेको लुम्बिनीले १९.४ ओभरमा १४३ रन बनायो। प्रत्युत्तरमा सुदूरपश्चिमले १८.२ ओभरमै तीन विकेट गुमाएर जित निकाल्यो।

त्यसपछि भने सुदूरपश्चिममाथि लुम्बिनीको दबदबा छ। यसैकारण लुम्बिनीविरुद्ध सुदूरपश्चिमले तेस्रो भेटमा बदला लिने दाउमा छ। पछिल्लो दुई भेटमै सुदूरपश्चिमले लुम्बिनीविरुद्ध बिर्सनलायक प्रदर्शन गऱ्यो। दुवै खेलमा सुदूरपश्चिम ब्याटिङमा चुक्यो। दोस्रो सिजनको फाइनलमा सुदूरपश्चिम १७.२ ओभरमा अलआउट हुँदा मात्र ८७ रन बनायो। लुम्बिनीले तीन विकेट गुमाएर ९.५ ओभरमै लक्ष्य पार गऱ्यो।

मन्से सुदूरपश्चिममा आबद्ध

सुदूरपश्चिमले क्वालिफायरअगाडि स्कटल्यान्डका आक्रामक ब्याट्सम्यान जर्ज मन्सेलाई अनुबन्ध गरेको छ। मन्सेले यसअघि एनपिएलको दोस्रो संस्करण विराटनगर किंग्सबाट खेलेका थिए। सुदूरपश्चिमका अर्का स्कटिस खेलाडी ब्रान्डन म्याकमुलेन स्वदेश फर्किसकेका छन्। यसैकारण सुदूरपश्चिमले उनको स्थानमा मन्सेलाई समावेश गरेको हो। मन्सेले स्कटल्यान्डका लागि ७९ एकदिवसीय र ८८ टी-२०आई खेलेका छन्।



उनले एकदिवसीयमा दुई हजार सात सय ७७ रन र टी-२० मा दुई हजार ५९८ रन बनाएका छन्। मन्से ओपनिङ ब्याट्सम्यानका रूपमा भरपर्दा खेलाडी मानिन्छन्। सन् २०१८ मा इंग्ल्यान्डविरुद्ध स्कटल्यान्डको ऐतिहासिक पहिलो एकदिवसीय जितमा ५५ रन बनाउँदै उनी चर्चामा आएका थिए।

सन् २०१९ मा नेदरल्यान्ड्सविरुद्ध ५६ बलमा अविजित १२७ रन उनको टी-२०आईको उल्लेखनीय प्रदर्शन थियो। सन् २०२५ मा नेदरल्यान्ड्सविरुद्ध १५० बलमा १९१ रन बनाउँदै मन्सेले एसोसिएट राष्ट्रका ब्याट्सम्यानमध्ये एकदिवसीयमा सर्वाधिक व्यक्तिगत रनको कीर्तिमान बनाएका थिए। सन् २०२२ को टी-२० विश्वकपमा वेस्ट इन्डिजविरुद्ध अविजित ६६ रन र सन् २०२६ को संस्करणमा इटालीविरुद्ध ८४ रन बनाउँदै टोलीको जितमा योगदान दिएका थिए। उनले एकदिवसीयमा तीन शतक र १९ अर्धशतक प्रहार गरेका छन्। यसैगरी, टी-२०आईमा उनले तीन शतक र १४ अर्धशतक जोडेका छन्।

खेल तालिका

क्वालिफायर १		
१ मंसिर	लुम्बिनी लायन्स-सुदूरपश्चिम रोयल्स	साँझ ५ बजे



धेरै विकेट लिने बलर

तेस्रो सिजनको नेपाल प्रिमियर लिगमा जति ब्याट्सम्यानहरूको आकर्षक स्ट्रोकले रोमाञ्चकता बढाएको छ त्यति नै फास्ट तथा स्पिन बलरले पनि आफ्नो जादुमयी प्रस्तुतीले थप प्रतिस्पर्धात्मक बनाएका छन्। समूह चरणसम्म धेरै विकेट शीर्ष तीन बलरमा स्वदेशी नै छन्। चितवनका कमलसिंह ऐरी, चितवनकै रिजन ढकाल र जनकपुरका राहुल यादव क्रमशः पहिलो, दोस्रो तथा तेस्रो स्थानमा छन्। उनीहरूले समान १२ विकेट हात पारेका छन्। इकोनोमी रेटमा कमलसिंह अगाडि छन्। यसपटक एनपिएलमा विराटनगर किंग्सका कप्तान सन्दीप लामिछानेले मात्र ह्याट्रिक विकेट लिए।

■ **कमलसिंह ऐरी** (चितवन) : खेल ६, विकेट १२, उत्कृष्ट, ४/२६



नेपाली राष्ट्रिय टोलीका युवा बलर कमलसिंहले अस्वाभाविक रूपमा चालू एनपिएलमा सर्वाधिक विकेट लिने सूचीको शीर्ष स्थान कब्जा गरेका छन्। समूह चरणसम्म उनी इकोनोमी रनरेटका आधारमा शीर्ष स्थानमा रहेका हुन्। धेरै विकेट लिने चार स्थानसम्मका बलरले समान १२ विकेट हात पारेका छन्। कमलले अहिलेसम्म ६ खेलमा १८ ओभर गरेका छन्। उनको इकोनोमी ५.७२ रहेको छ। उनले विराटनगर किंग्सविरुद्ध २६ रन दिएर चार विकेट लिएका थिए। चितवन फाइनलसम्म पुग्दा कमलसिंहसमक्ष तीन खेल खेल्ने मौका छ।

■ **रिजन ढकाल** (चितवन) : खेल ६, विकेट १२, उत्कृष्ट ४/२४



चितवनले यसपटक बलिङको प्रदर्शनमा प्ले अफ स्थान रक्षा गरेको भन्दा अनौठो नमाने हुन्छ। विशेषतः कमललाई रिजन ढकालले पिचमा खुबै साथ दिए। कमलले पनि ६ खेलमा अवसर पाए। उनले प्राप्त अवसरमा आफूलाई प्रमुख बलरझैं प्रस्तुत गरे। उनले १९ ओभर बलिङ गर्दा १२ विकेट लिए। इकोनोमी रनरेटमा उनी दोस्रो स्थानमा छन्। बायाँहाते बलर रिजनले पोखराविरुद्ध २४ रन खर्चेर चार विकेट लिएका थिए।

■ **राहुल यादव** (जनकपुर) : खेल ७, विकेट १२, उत्कृष्ट ४/३१



जनकपुरले ट्यालेन्ट हन्टबाट स्पिनर यादवलाई भित्र्याएको हो। पहिलो दुई खेलमा यादवले सनसनीपूर्ण प्रदर्शन गरी ६ विकेट लिए। त्यसपछि उनी केही खेलमा सुस्त देखिए। यद्यपि, उनले सात खेलमा मौका पाउँदा १२ विकेट लिन सफल भए। जनकपुर अंकतालिकाको पुछारमा रहँदा यादवले व्यक्तिगत रूपमा आफ्नो प्रदर्शन अब्बल पारे। यादवले काठमाडौं गोर्खाजविरुद्ध ३१ रन खर्चेर चार विकेट लिएका थिए। उनको इकोनोमी ६.८६ रह्यो।

■ **जहान्दाद खान** (काठमाडौं) : खेल ७, विकेट १२, उत्कृष्ट ४/२३



काठमाडौं गोर्खाजको प्ले अफ यात्रामा बायाँहाते फास्ट बलर खानको प्रदर्शन अब्बल रह्यो। सातै खेलमा अवसर पाएका उनले १२ विकेट लिएका छन्। समूह चरणसम्म धेरै विकेट लिने सूचीमा उनी चौथो स्थानमा छन्। पाकिस्तानका खेलाडी खानको इकोनोमी ७.७६ रहेको छ। काठमाडौंले पनि फाइनलसम्मको यात्रा तय गरेको अवस्थामा खानले आफ्नो विकेट संख्या बढाउन सक्छन्।

■ **हर्मित सिंह** (जनकपुर) : खेल ७, विकेट ११, उत्कृष्ट ४/१७



यो पटक जनकपुरले अमेरिकी खेलाडी हर्मितलाई कप्तानी जिम्मेवारी दिइएको थियो। तर, हर्मितले आफ्नो कप्तानीमा जनकपुरलाई सोचेजस्तो नतिजा दिलाउन सकेनन्। जनकपुर लगातार दोस्रोपटक अंकतालिकाको पुछारमा रह्यो। हर्मितले आफ्नो स्पिन बलिङमा भने प्रभावशाली प्रदर्शन गरे। उनले सातै खेलमा बलिङ गरी ११ विकेट लिए। उनले सुदूरपश्चिमविरुद्धको खेलमा १७ रन खर्चेर सर्वाधिक चार विकेट लिए। उनको इकोनोमी ५.६६ रहेको छ।

■ **मार्क वाट** (कर्णाली) : खेल ७, विकेट ११, उत्कृष्ट ४/१२



स्कटल्यान्डका फास्ट बलर वाटले चालू एनपिएलमा बलिङतर्फ उत्कृष्ट खेल देखाउन सफल भए। बायाँहाते बलर वाटले कर्णालीका लागि ११ विकेट लिए। उनी धेरै विकेट लिने सूचीको छैटौं स्थानमा छन्। सातै खेलमा बलिङ गरेका वाटले साबिक विजेता लुम्बिनीविरुद्ध १२ रन खर्चेर चार विकेट लिएका थिए। उनको इकोनोमी ६.१९ रहेको छ।

टी-२० विश्वकप छनोटमा १६ टोली

नयाँ पत्रिका

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले सन् २०३५ सम्म आयोजना हुने प्रमुख पुरुष अन्तर्राष्ट्रिय प्रतियोगिताको समयतालिका सार्वजनिक गरेको छ। इन्डोनेसियाको बालीमा बसेको आइसिसी बोर्ड बैठकले विभिन्न प्रतियोगिताको मिति, आयोजना स्थल तथा विश्वकप छनोटको प्रक्रिया स्वीकृत गरेको हो। आइसिसीले सन् २०२८ को टी-२० विश्वकपदेखि २०३५ को एकदिवसीय विश्वकपसम्मका प्रमुख प्रतियोगिताको समयावधि तय गरेको हो। यससँगै सन् २०२७ को एकदिवसीय विश्वकप, २०२८ को पुरुष टी-२० विश्वकप र महिला टी-२० विश्वकपको छनोट प्रक्रिया पनि सार्वजनिक आइसिसीले गरेको छ।

आगामी संस्करणको आइसिसी पुरुष टी-२० विश्वकप २०२८ को छनोट प्रतियोगितामा १६ टोलीले प्रतिस्पर्धा गर्ने भएका छन्। आइसिसीका अनुसार सन् २०२८ अगाडि आयोजना हुने ग्लोबल छनोटबाट आठ टोलीले सोझै विश्वकपमा स्थान बनाउनेछन्। छनोट प्रतियोगितामा चार समूहमा समान चार टोली रहनेछन्। समूह चरणपछि क्वार्टरफाइनल, सेमिफाइनल र फाइनलका खेल हुनेछन्। प्रतियोगितामा कुल ३१ खेल हुने आइसिसीले जनाएको छ।

आठ टोलीको छनोटमा क्षेत्रीय प्रतिनिधित्वलाई प्राथमिकता दिनेछ। प्रत्येक क्षेत्रीयबाट उत्कृष्ट स्थान प्राप्त गर्ने टोलीको न्यूनतम प्रदर्शनसम्बन्धी मापदण्ड पूरा गरेको अवस्थामा विश्वकपमा स्थान पक्का हुने आइसिसीको भनाइ छ। त्यसपछि बाँकी स्थान समग्र वरीयताका आधारमा टोलीलाई दिने भएको छ। ग्लोबल छनोट चरणको सेमिफाइनल पुग्ने चारै टोली सिधै विश्वकपमा पुग्नेछन्।

क्वार्टरफाइनलमा पराजित हुने चार टोलीलाई समूहमा प्राप्त स्थान, अंक, जित संख्या र नेट रनरेटका आधारमा पाँचौंदेखि आठौं स्थानसम्मको वरीयता प्रदान गरिनेछ। समूहमा तेस्रो हुने टोलीलाई पनि नवौंदेखि १२औं स्थानसम्म राखिनेछ। समूहमा चौथो हुने टोली छनोट प्रक्रियाबाट बाहिरिनेछ।

क्षेत्रीय सहभागीमा प्रतियोगिताको अन्तिम वरीयतालाई आधार मानिनेछ। आइसिसीका प्रमुख कार्यकारी अधिकृत संजोग गुप्ताले प्रतियोगिताको समयतालिका र छनोट प्रक्रियाले विश्व क्रिकेटको संरचनालाई बलियो बनाउने विश्वास व्यक्त गरेका छन्। उनले टेस्ट राष्ट्रका सदस्य र एसोसिएट राष्ट्रलाई अन्तर्राष्ट्रिय क्रिकेटमा अवसर बढाउनुका साथै खेलाडीको विकास र प्रतिस्पर्धात्मकस्तर सुधार गर्न सहयोग पुग्ने बताए।

महिलामा आठ टोलीले अवसर पाउने

सन् २०२८ को महिला टी-२० विश्वकपको ग्लोबल छनोटमा १० टोली सहभागी हुने आइसिसीका सिइओ संजोगले बताए। सन् २०२६ को प्रतियोगितामा सहभागी भए पनि सन् २०२८ का लागि स्वतः छनोट हुन नसकेका नेदरल्यान्ड्स र स्कटल्यान्डले ग्लोबल छनोटमा स्थान बनाइसकेका छन्।

नेदरल्यान्ड्स र स्कटल्यान्डसँगै क्षेत्रीय छनोटबाट आठ टोली ग्लोबल छनोटमा पुग्नेछन्। सन् २०२७ मा हुने पाँच क्षेत्रीय छनोट प्रतियोगिताबाट ती टोली छानिने भएका छन्। अफ्रिका, एसिया र इस्ट एसिया प्यासिफिक क्षेत्रबाट समान दुई टोली छनोट हुनेछन्। अमेरिका र युरोपबाट समान एक टोलीले स्थान बनाउनेछन्। ग्लोबल छनोटमा शीर्ष दुई स्थान हासिल गर्ने टोलीले सन् २०२८ को महिला टी-२० विश्वकपमा स्थान पक्का गर्नेछन्।

एकदिवसीय विश्वकप छनोटमा २३ खेल

आइसिसीले सन् २०२७ मा आयोजना हुने एकदिवसीय विश्वकपको छनोट प्रतियोगिताको खेल ढाँचा सार्वजनिक गरेको छ। सन् २०२७ को फेब्रुअरीदेखि मार्चसम्म हुने छनोटमा १० टोली सहभागी हुनेछन्। यसमा कुल २३ खेल हुने आइसिसीले जनाएको छ। सहभागीलाई समान पाँच टोलीमा दुई समूह विभाजन गरिनेछ।



■ नेटमा प्रशिक्षण

लुम्बिनी लाइन्सविरुद्धको क्वालिफायर खेल अघि सुदूरपश्चिम रोयल्सका ब्याट्सम्यान विनोद भण्डारी नेटमा अभ्यास गर्दै।

तस्बिर सौजन्य
सुदूरपश्चिम रोयल्सको फेसबुकबाट

समूह चरणमा धेरै रन बनाउने सात खेलाडी

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

तेस्रो सिजनको एनपिएल प्ले अफ चरणको प्रतिस्पर्धा मंगलबारदेखि सुरु हुँदै छ। त्रिवि क्रिकेट मैदानमा एनपिएलअन्तर्गत समूह चरणमा २८ खेल भए। कतिपय खेलमा ब्याट्सम्यानहरू बलरमाथि हाबी देखिन्थे। स्पिनर र फास्ट बलरले पनि पिचको प्रकृतिअनुरूप ब्याट्सम्यानलाई हैरानीमा राखे। अधिल्लो साता स्पिनरहरूको दबदबा रह्यो। यो बिचमा ब्याट्सम्यानहरूले आकर्षक स्ट्रोक लगाए। समूह चरणको खेलपछि पोखराका युवराज समरा सर्वाधिक रन बनाउने सूचीको शीर्ष स्थानमा छन्। चार खेलमा अवसर पाएका उनले एक शतक र दुई अर्धशतक बनाए। उनलाई काठमाडौंका रसिद खान र चितवनका रवि बोपाराले पछ्याइरहेका छन्। यसअघि शीर्ष तीन खेलाडीहरू प्ले अफ दौडबाट बाहिरिसकेका छन्।

युवराज समरा (पोखरा)

खेल ४, रन २९४, शतक १, अर्धशतक २



क्यानडाका बायाँहाते ब्याट्सम्यान युवराजको आगमनपछि पोखराले एनपिएलमा आक्रामक ब्याटिङ गऱ्यो। तर, पोखराका लागि धेरै ढिला भइसकेको थियो। प्ले अफ दौडबाट बाहिरिसक्दा पोखराका लागि युवराज चम्किए। उनले केवल चार खेलमा अवसर पाउँदा प्रतियोगिताकै सर्वाधिक २९४ रन बनाए। उनी धेरै रन बनाउने सूचीको शीर्ष स्थानमा छन्। युवराजले आफ्नो दोस्रो खेलमै कर्णालीविरुद्ध १०२ रन जोडे। चालू एनपिएलमा एक मात्र शतक उनकै नाममा छ।

लोकेश बम (विराटनगर)

खेल ७, रन २४२, अर्धशतक २

विराटनगर किंग्स प्ले अफबाट दौडबाट बाहिरिसक्यो।



तर, विराटनगरका आक्रामक ब्याट्सम्यान लोकेश भने धेरै रन बनाउने सूचीको दोस्रो स्थानमा छन्। उनले सातै खेलमा अवसर पाए। कर्णाली याक्ससँगको खेलमा उनले ८७ रनको आक्रामक इनिङ्स खेले। त्यसपछि जनकपुरसँगको खेलमा उनले ५० रन जोडे। सुदूरपश्चिमविरुद्ध केवल पाँच ओभरको खेलमा लोकेशले २५ रन बनाएका थिए। उनले एनपिएलमा काठमाडौंविरुद्ध सबैभन्दा कम ६ रन जोडेका थिए।

कुशल भुर्तेल (पोखरा)

खेल ७, रन २३५, अर्धशतक २



दायाँहाते ब्याट्सम्यान कुशल पनि एनपिएलमा पोखराका लागि अन्तिम समयमा मात्र आफ्नो स्वाभाविक खेलमा फर्किए। पोखरालाई प्ले अफमा पुऱ्याउने प्रयास उनको असफल रह्यो। लगातार चार हारले पोखरा प्ले अफबाट पहिला नै बाहिरिएको थियो। यद्यपि, कप्तानी पद गएपछि कुशल विस्फोटक रूपमा प्रस्तुत भए। एनपिएलमा पहिलो नेपाली खेलाडीका रूपमा शतकीय इनिङ्स खेल्न उनी एक रनले चुके। काठमाडौंसँगको खेलमा उनी ९९ रनमा आउट भए। चालू एनपिएलमा कुशल धेरै रन बनाउने सूचीको तेस्रो स्थानमा छन्।

रसिद खान (काठमाडौं)

खेल ७, रन १८६, अर्धशतक २

एनपिएलमा धेरै रन बनाउने सूचीको शीर्ष तीन खेलाडीहरू आबद्ध टोलीहरू प्ले अफबाट बाहिरिएका छन्। तर, चौथो स्थानमा रहेका रसिद भने काठमाडौंमा छन्। काठमाडौंले इलिमिनेटर चरणमा चितवनको सामना गर्दै छ। रसिदले आफूलाई मध्यक्रममा परिपक्व बनाउँदै काठमाडौंको सानदार जितमा सारथिका रूपमा भूमिका निर्वाह गरेका छन्। उनले सुदूरपश्चिमसँगको खेलमा ५२ रन तथा कर्णालीविरुद्ध ५० रन जोडेका थिए। पछिल्ला तीन खेलमा उनी उत्कृष्ट फर्ममा छन्। उनीसमक्ष सर्वाधिक रन बनाउने अवसर छ।



रवि बोपारा (चितवन)

खेल ५, रन १८४, अर्धशतक १



इंग्ल्यान्डका पूर्वराष्ट्रिय खेलाडी बोपाराले चितवनलाई प्ले अफसम्म पुऱ्याउन महत्त्वपूर्ण योगदान दिएका छन्। मध्यक्रममा उनले ब्याटिङ इनिङ्स सम्हाल्दै साझेदारीमा ठुलो सहयोग गरेका छन्। चालू एनपिएलमा एक अर्धशतक बनाए पनि बोपारा धेरै रन बनाउने सूचीको पाँचौं स्थानमा छन्। एनपिएलमा उनले काठमाडौंविरुद्ध ५५ जोडेका थिए। यसैगरी, सुदूरपश्चिमसँगको खेलमा ४९ रन तथा पोखराविरुद्ध ३५ रनको योगदान दिए। चालू एनपिएलमा उनले एकपटक काठमाडौंविरुद्ध बलिङ गरेका थिए।

अरिफुल इस्लाम (कर्णाली)

खेल ७, रन १८२



बंगलादेशका युवा खेलाडी इस्लामले चालू एनपिएलमा औसत प्रदर्शन गरेका छन्। कर्णालीबाट सातै खेलमा अवसर पाएका उनी दुईपटक मात्र ब्याटिङमा चुकेका थिए। यसबाहेक उनले दुई खेलमा ४० रनभन्दा माथिको प्रदर्शन गरे। यसैगरी, उनले दुईचोटि ३० रनमाथि जोडे। आक्रामक रूपमा प्रस्तुत हुने इस्लामले अन्तिम खेलमा चितवनविरुद्ध ३५ रनको योगदान दिए। सुदूरपश्चिमविरुद्ध उनी डकआउट भएका थिए। दोस्रो संस्करणको एनपिएलमा उनले काठमाडौंविरुद्ध सर्वाधिक ४४ रन बनाएका थिए।

पवन सर्राफ (कर्णाली)

खेल सात, रन १६७, अर्धशतक ०



कर्णालीका अनुभव ब्याट्सम्यान पवनले एनपिएलमा औसत ब्याटिङ प्रस्तुत गरे। उनी सर्वाधिक रन बनाउने सूचीको सातौं स्थानमा छन्। पवनले सात खेलमै अवसर पाए। जसमध्ये एक खेलमा उनी नटआउट रहे। समग्रमा उनले १६७ रन जोडेका छन्। यसक्रममा उनले १२ छक्का र तीन चौका प्रहार गरे। उनको ब्याटिङ स्ट्राइक ९३.८२ रह्यो।

दीपेन्द्रसिंह ऐरी (सुदूरपश्चिम)

खेल सात, रन १५०, अर्धशतक २



सुदूरपश्चिमले लगातार तेस्रोपटक प्ले अफ स्थान बनाउनुपछाडि कप्तान दीपेन्द्रसिंहको योगदान मुख्य मानिन्छ। ब्याटिङ, फिल्डिङ र बलिङमा उनले लगभग एकनाशको प्रदर्शन गरेका छन्। आवश्यकताअनुसार उनले विपक्षी बलरविरुद्ध आक्रामक रूपमा प्रस्तुत हुँदै टोलीको रनरेट उकास्ने कार्य गरेका छन्। उनले लिग चरणको अन्तिम खेलमा काठमाडौंविरुद्ध ६० रन तथा पोखरासँगको खेलमा ५१ रन बनाएका थिए। चालू एनपिएलमा उनले पाँच विकेट हात पारेका छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com